एक कथा

(सन् २०५० को नेपालप्रदर्शक उपन्यास)

पूर्णप्रसाद ब्राह्मण

एक कथा

(सन् २०५० को नेपालप्रदर्शक उपन्यास)

पूर्णप्रसाद ब्राह्मण

किञ्च– आफ्नो कल्पनाको पैंसट्ठीवर्षपछिको बिग्रेको नेपाल देखाएर समस्त नेपालीहरूको मनमा भरङ्ग पारिदियो भनेर मलाई दोष नदिनुहोला । उपर्युक्त कारणहरूले यस्तो देखाउनुपर्‍यो तापनि फेरि आफैंलाई नराम्रो लागेर भगवान्संग म अन्तःकरणबाट प्रार्थना पनि गरिरहेको छु– "हे भगवान् ! म हात जोडेर प्रार्थना गर्छु– यस उपन्यासमा देखाइएको नेपाललाई नेपालीहरूले सपनामा पनि कहिल्यै देख्न नपरोस् !" जयतु संस्कृतम् ।

–पूर्णप्रसाद ब्राह्मण

एक कथा

(सन् २०५० को नेपालप्रदर्शक उपन्यास)

वाराणसी मङ्गलागौरीको नेपाली छात्रावासमा नेपाली छात्र-संघको आयोजनामा मानवअधिकारदिवस समारोह मनाइँदै थियो। समारोहमा दुवै देशका कतिपय छात्र र समाजसेवी प्रौढ व्यक्तिहरू पनि आमन्त्रित एवं उपस्थित थिए। प्रवचनकार्यक्रम प्रारम्भ भयो।

प्रवचनको सिलसिलामा एक जना चिदम्बर नामक नेपाली छात्रले भन्यो–

भाइहो, आज मानवअधिकारदिवस हो। आजको दिन विश्वभरका पीडित राष्ट्रहरू र दलित शोषित मजदूर–किसानहरूको अधिकारको रक्षाको लागि समाजवादी, जनतान्त्रिक सिद्धान्तमा विश्वास राख्ने हामी विश्वकै संघर्षशील युवकहरूलाई विश्वसाम्राज्य-वाद र उपनिवेशवादको विरुद्ध कडा आवाज उठाउन प्रेरणा दिने गौरवपूर्ण दिन हो।

आज पनि प्रतिक्रियावादी साम्राज्यवादी शक्तिहरूले विश्वका धेरै राष्ट्रहरूलाई आफ्नो कब्जामा लिएका छन्, त्यहाँका जनवादी

संगठनहरूलाई कुल्चेका छन् र अधिकार खोसेर जनताको घाँटी निमोठिरहेका छन्। क्रान्तिकारी नेता लेनिनको "भविष्य तन्नेरीहरूको हो" भन्ने प्रेरणाप्रद उक्तिलाई साकार पार्न विश्वभरका संघर्षशील क्रान्तिकारी हामी युवकहरूले विश्वका तमाम जनवादी राष्ट्रिय संघर्षहरूको समर्थन गरेर विश्वक्रान्तिको विकासमा निर्भीक भएर सक्रिय योगदान गर्न सक्नुपर्छ। त्यसनिम्ति अमेरिकी साम्राज्यवादको विरुद्ध क्रान्तिकारी दक्षिण कोरियाली जनताको संघर्षलाई, इजरायली आक्रामकहरूको र साम्राज्यवादको विरुद्ध क्रान्तिकारी अरबजनताको संघर्षलाई र विश्वका अरू जति पनि विभाजित मुलुकहरू छन्, त्यहाँका क्रान्तिकारी समाजवादी जनसंगठनहरूले आ–आफ्नो राष्ट्रिय एकीकरणको लागि गर्दै आएका राष्ट्रिय संघर्षहरूलाई विश्वका हामी तमाम क्रान्तिकारी युवकहरूले एकताबद्ध भएर आफ्नो भएभरको शारीरिक शक्ति, बुद्धि र प्राविधिक सीप लगाएर साथ दिनुपर्छ।

भाइहो, विश्वका तमाम राष्ट्रहरूमा सुदृढ शान्ति, राष्ट्रिय स्वाधीनता, सामाजिक प्रगति र सर्वाङ्गीण जनवादी व्यवस्था-संस्थापनको निम्ति, उत्पीडन र शोषणबाट तमाम श्रमिकहरूलाई मुक्ति दिलाउनको निम्ति, कम्यूनिष्ट आदर्शको विजयका निम्ति र मानवसमाजको स्वर्ण भविष्यको निर्माणको निम्ति विश्वका हामी तमाम क्रान्तिकारी युवकहरूको संयुक्त यही मांग हुनुपर्छ–

१) कुनै पनि राष्ट्रमा बाहिरी हस्तक्षेप हुन हुँदैन।
२) जनतान्त्रिक सिद्धान्तको आधारमा आम चुनाव हुनुपर्छ।

३) सबै राजनीतिक पार्टीहरू, जनसंगठनहरू र व्यक्तिहरूलाई राजनीतिक क्षेत्रमा पूर्ण स्वतन्त्रता—वाक्स्वतन्त्रता, प्रेसस्वतन्त्रता, सभा गर्ने स्वतन्त्रता र संस्था खोल्ने स्वतन्त्रताको ग्यारन्टी हुनुपर्छ।

भाइहो, हामी विश्वका तमाम संघर्षशील क्रान्तिकारी युवकहरूले निर्भीक भएर, एक भएर जनवादी सिद्धान्तको आधारमा उटेर काम गर्‍यौंभने, मलाई विश्वास छ– निकट भविष्यमै अमेरिकी साम्राज्यवादीहरू, प्रतिक्रियावादी र संशोधनवादीहरू उत्तरोत्तर पतनतिर अभिमुख हुनेछन्, उनीहरूले जतातत्तै जनताका साम्राज्यवादविरोधी राष्ट्रिय मुक्तिका भयङ्कर संघर्षहरूको सामना गर्नुपर्नेछ र उनीहरूको गर्धनमा भार पर्न थाल्नेछ। अहिलेलाई यत्ति भनेर म बिदा हुन्छु। जनवादी शक्ति जिन्दावाद!

त्यसपछि अर्को नेपाली छात्र हरिकृष्ण शर्माले आफ्नो भाषणको क्रममा भन्यो–

"आजको दिन प्रजातान्त्रिक दर्शनमा विश्वास राख्ने, मानवताको मूल्य संझने कुनै पनि सचेत व्यक्तिको निमित्त उत्साह र प्रेरणाप्रद दिन हो। जुन राष्ट्र वा समाजमा प्रजातान्त्रिक अधिकार छैन, अर्थात्– स्वतन्त्रता, समानता र भ्रातृताको मूल्य छैन, तत्सम्बन्धी मार्ग अवरुद्ध छ, त्यो राष्ट्र, त्यो समाज नरक हो। त्यहाँका जनताले सुखसुविधाको त के कुरा, चाहेजति श्वास फेर्न पनि डराउनुपर्ने हुन्छ। तिनीहरूलाई ठूलो यातना हुन्छ, आत्म

विकासको कुनै गुञ्जाईस हुँदैन। भारतका प्रकाण्ड विद्वान्, भारतीय राष्ट्रिय संघर्षका उत्प्रेरक लोकमान्य तिलकज्यूको "स्वतन्त्रता जन्मसिद्ध अधिकार हो" भन्ने अमर वाणी के राष्ट्र के व्यक्ति सबैमा एकनास लागू हुन्छ। त्यसैले स्वतन्त्रता नै जीवन हो। स्वतन्त्रता नै आत्मविकासको मार्ग हो। स्वतन्त्रता नै वर्तमान युगको, जागरणको, चेतनाको देन हो। यसको प्राप्ति प्रजातान्त्रिक व्यवस्थामा मात्र सम्भव हुन्छ, अन्त हुँदैन।

अहिले विश्वमा करीब १५० जति राष्ट्र छन्। तर तीमध्ये करीब पचास राष्ट्रहरूमा मात्र न्यूनाधिक मात्रामा प्रजातान्त्रिक व्यवस्था छ। अन्त सबैतिर प्रजातन्त्रको घाँटी निमोठिएको छ। साथै विश्वका प्रायः सबैजसो राष्ट्रहरूका मुट्ठीभर व्यक्तिहरूको हातमा आर्थिक एकाधिकार छ र ती ती राष्ट्रका अरू जनताहरू आर्थिक अधिकारबाट राम्रै वञ्चित छन्। अतः हामी सचेत युवक छात्रहरूले एक भएर वर्तमान विश्वका विभिन्न राष्ट्रहरूमा जति प्रकारका तानाशाहीहरू छन्, तिनीहरूको क्रूर, शोषक पञ्जाबाट ती ती राष्ट्रका जनताहरूलाई मुक्त गराउन र समाजवादी अर्थव्यवस्थापनद्वारा सुखी र समृद्ध तुल्याउन विश्वभर नै प्रजातान्त्रिक समाजवादको नारा दिनुपर्छ।"

एवं क्रमले विभिन्न राजनीतिक सम्प्रदायका पक्षधर कतिपय छात्रहरूले मानवअधिकारको सम्बन्धमा आ-आफ्नो मन्तव्य दिए। छात्रहरूको प्रवचनपछि साङ्गवेदविद्यालयका प्राध्यापक श्री महानन्द सिलवालजीले आफ्नो प्रवचनको क्रममा भने-

"आज मानवअधिकारदिवस हो। आजको पवित्र एवं ऐतिहासिक दिनमा प्रबुद्ध छात्र युवक तपाइँहरूको अगाडि आफ्नो मन्तव्य प्रकट गर्ने स्वर्ण अवसर पाएकोमा अपार हर्षको अनुभव गर्दै छात्र संघप्रति म आफ्नो आभार व्यक्त गर्दछु।

त्यसपछि मेरो मन्तव्य यो छ— पूर्ववक्ता छात्र भाइहरूले जो भन्नुभयो, सब ठीकै छ। विश्वका सबै राष्ट्र र मानवसमाजको अधिकाररक्षाको लागि आग्रह गर्नु मानवता हो, मानवताप्रति सम्मानप्रदर्शन पनि हो। त्यस कारण हाम्रा प्रबुद्ध छात्रहरूका यी प्रवचनहरूमा मानव अधिकारप्रतिका जुन अभिव्यक्तिहरू भए, तिनमा मेरो अक्षरशः समर्थन छ र साथै आजको यस प्रवचनसमारोहमा मेरो एक कुराको शिकायत पनि छ। त्यो के भने– यो समारोहको आयोजना यस नेपाली छात्रावासमै हुँदा र नेपाली छात्रहरूबाटै हुँदा पनि मातृभूमि नेपालको संझना गरिएन। प्रबुद्ध नेपाली छात्रहरूबाट यस सभामा, विश्वका अधिकारवञ्चित एवं शोषित अरू राष्ट्रहरूको निमित्त आवाज उठ्यो, चिन्ता व्यक्त भयो। आफ्नो जन्मभूमि नेपालको निमित्त भने कुनै आवाज पनि उठेन, कुनै चिन्ता व्यक्त पनि भएन। यसनिम्ति मलाई ज्यादै दुःख लाग्यो र शायद अरू श्रोताहरूले पनि यस्तै अनुभव गरेको हुनुपर्छ।

किनकि नेपालको वर्तमान अवस्था ज्यादै शोचनीय छ। नेपाली दाजुभाइहरू, खास गरी नेपाली हिन्दूहरू आफ्नै देश नेपालमा

आज प्रवासीसरह अवहेलित, अधिकारवञ्चित भएर बसेका छन्। आज नेपालमा क्रिश्चियन र मुसलमानहरूको हातमा सत्ता छ। तिनीहरूको दासको पनि दासको स्थिति नेपाली हिन्दूहरूको छ।

यो अवस्था किन भयो ? नेपालको इतिहासले बताएको छ– आजभन्दा पैंसट्ठी सत्तरी वर्षअघि सुरभारती संस्कृत भाषाको अवनति र भौतिकवादी पाश्चात्य आंग्लशिक्षाको उन्नतिको दुष्प्रभावले नेपालका हरेक बुद्धिजीवी तत्त्वहरूलाई ग्रास गर्न थालिसकेको थियो। फलतः उनीहरूमा आफ्नो परम्परागत धर्म, संस्कृतिमाथि श्रद्धा, आस्था र विश्वास केही थिएन। त्यस्तै नास्तिक तत्त्वहरूले के राजनीति ! के धर्मसंस्कृति ! सबै क्षेत्रमा नेतृत्वको विडम्बना गरिरहेका थिए। जुन नेतृत्वहरूमा न धर्म, संस्कृतिको प्रतिष्ठापनको, न राजसेवा, राष्ट्रसेवा, जनसेवाको! कुनै कुराको आदर्शको भावना थिएन। उनीहरूका भावना र क्रियाकलापमा सर्वत्र नै कतै स्पष्ट, कतै अस्पष्ट प्रच्छन्न व्यापारिक संस्कार र कामोपभोगको संस्कार मात्र प्रतिविम्बित भएको पाइन्थ्यो। त्यसैले जजसले राजनीतिक नेतृत्व गर्थे, तिनीहरू बाहिर उदार प्रजातान्त्रिक नारा दिन्थे, प्रच्छन्न रूपमाचाहिं अनुदार प्रतिक्रियावादी प्रशासक तत्त्वहरूसंग साँठगाँठ गर्थे, देश, जनतालाई धोखा दिन्थे र व्यक्तिगत करोडपति बन्दथे। त्यस्तै जजसले धार्मिक सांस्कृतिक नेतृत्व गर्थे, तिनीहरू पनि बाहिर धर्म र संस्कृतिको उद्धारको नारा दिन्थे, प्रच्छन्न रूपमाचाहिं स्वास्थ्य, शिक्षा, सामाजिक सेवाको आडमा र धर्मान्तरणको एवं सामूहिक (ईश्वरीय नामको) सङ्कीर्तनको आडमा हिन्दूआचार र परम्परामाथि

कुठाराघातको अभियानद्वारा वैदिक सनातन धर्मको मूलोच्छेदन गर्न आएका, विदेशी विधर्मीहरू (मेसिनरी र इस्कोनका जमातहरू जस्ता) संग साँठगाँठ गर्थे, हिन्दूत्वमा आस्था राख्ने (राष्ट्रिय अन्तर्राष्ट्रिय) विशाल हिन्दूजगत्लाई नै धोखा दिन्थे र व्यक्तिगत करोडपति बन्दथे। एवं रीतले त्यो समय नेपालको निमित्त धर्म, संस्कृति र तन्मूलक राजनीतिको समेत ह्रास र पतनको समय थियो। अर्थात् त्यसरी नेपाली हिन्दूहरूको हातबाट धर्म र संस्कृति गुम्यो, अनि राष्ट्रियता पनि गुम्ने नै भयो। जब राष्ट्रियता गुम्यो, राष्ट्र पनि गुमेसरह नै भयो। अर्थात् आफ्नै राष्ट्र भए तापनि पराइको राष्ट्र जस्तो हुन गयो। त्यसैले अहिले नेपाली हिन्दूहरू आफ्नी आमा नेपालको काखमा बस्ता बस्तै पनि सौतेनी आमाको द्वेष, ईर्ष्याले भरिएको, स्नेहशून्य काखमा बसेको अनुभव गर्दै छन्। अतः नेपाली छात्र भाइहरूलाई म फेरि पनि दोहऱ्याएर भन्दछु– "तपाईंहरूजस्ता उत्साही युवकहरूले आफ्नी मातृभूमिको आँसु पुछ्ने काम गर्नुहुन्न भने तपाईंहरूले अरू अरू देशको निमित्त गरेका ती ती अभिव्यक्तिहरू बिलकुल विडम्बना मात्र सावित हुनेछन्। तपाईंहरूका भाषणहरूमा विभिन्न राजनीतिक सम्प्रदायका सिद्धान्त र दर्शनका छापहरू परेका छन्। ती सब विवादग्रस्त कुरा हुन्। तिनलाई आफ्नो फुर्सतमा उठाउने गरी हाललाई एकतिर थन्क्याएर, सबै नेपाली भाइहरू एकताबद्ध भएर, आफ्नी मातृभूमिको सेवाको निमित्त कर्मक्षेत्रमा उत्रिनुहोस्। बितेको, अति बितिसकेको काम यो छ– आज नेपालमा सच्चा नेपाली हिन्दूहरूको निमित्त न

राजनीतिक व्यवस्था छ, न सामाजिक व्यवस्था ! केही पनि छैन । हिन्दू मात्रले आफ्नो धार्मिक, सांस्कृतिक उत्थानको त एक अक्षर पनि कुरा उठाउन हुँदैन । तुरुन्त फांसीको सजाय भइहाल्छ ! त्यसैले यदि तपाईंहरू देशका सपूत हुनुहुन्छभने राष्ट्रिय धर्म र संस्कृतिको पुनरुद्धारको मार्गबाट आफ्नी मातृभूमिको सर्वाङ्गीण सेवा पुऱ्याउनको निमित्त हामी सारा नेपाली छात्रहरू आफ्ना सारा मतमतान्तरहरू बिर्सेर एक हुनेछौं र अथर्ववेदको यस मन्त्रको उच्चतम भावनालाई कार्यान्वित गर्नेछौं भनेर दृढ सङ्कल्प एवं भीष्म प्रतिज्ञा गर्नुहोस्–

"पृथिवि ! प्रसूताः । दीर्घं न आयुः । प्रतिबुध्यमाना वयं तुभ्यं बलिहृतः स्याम" । अर्थात्– "हे मातृभूमि ! हामी तिम्रा छोरा ह्वौं । दीर्घायु र प्रबुद्ध भएर तिम्रो उद्धारको निमित्त हामी बलि हुन सकौं" ।

यस्तै सांस्कृतिक सङ्कटको अवस्थामा देशमा काम गर्नको निमित्त भगवान् वेदले तपाईंहरूजस्ता युवकहरूलाई यो जागरण र उन्मेष दिएको हो । धर्म र संस्कृतिको ह्रास र पतन नै वर्तमान नेपालको दुर्गति र दुरवस्थाको निदान हो । म यति भनेर विश्राम लिन्छु । जयतु संस्कृतम् ।

त्यसपछि प्रमुख अतिथिको आसनबाट अखिलभारतीय–नागरिकसमितिका अध्यक्ष श्री प्रेमनाथ मिश्रजीले आफ्नो प्रवचनको सिलसिलामा भने–

आजका दिन 'मानवअधिकारदिवस' के नाम से प्रसिद्ध ऐतिहासिक दिन है । इस दिनका आज जो महत्त्व है, वह

प्रलयान्ततक भी होता ही रहेगा। इस में सन्देह नहीं है। साथ ही इस सभा में, मानवअधिकार को लेकर नेपाली छात्र भाइयों से जो महत्त्वपूर्ण अभिव्यक्तियां हुई, उन सब में मेरा अक्षरशः समर्थन है। और आज के इस समारोह में दिए गए प्रवचनों के सन्दर्भ में जिस बात की शिकायत की जरूरत थी, वह भी प्राध्यापक सिलवालजी से पूरी हो गई। वह अत्यन्त आवश्यक शिकायत थी। अभी नेपाल को भूलना न केवल नेपाली छात्रों का ही महान् व्यतिक्रम होता है, अपि तु भारत के हम सारे साठ कडोर हिन्दूओं का भी महान् व्यतिक्रम हो जाता है। अतः आज का इस प्रवचन कार्यक्रम का जो प्रसङ्ग है, इस में वैसे सांस्कृतिक सङ्कट में पडे हिन्दूराज्य नेपाल को– एक तो मैं सनातनी हिन्दू हूँ, दूसरे नेपाली छात्रावास में ही रहकर अभी बोल रहा हूँ!– कैसे भूल सकता हूँ! नेपाल हमारा एक महत्वपूर्ण पडोसी देश है। वह एक सार्वभौम सत्तासम्पन्न स्वतन्त्र देश भी माना गया है। पडोसी राष्ट्रों में किस धारणा से नेपाल को महत्त्वपूर्ण मान लिया? यह थोडा सा श्रोतव्य है। किसी जमाने में भारत विश्व के सब राष्ट्रों में राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक सब दृष्टि से शिरमौर माना जाता था। न केवल हमारा, अपि तु विश्व का ही इतिहास इस बात का साक्ष्य करते आए हैं। पर भारतीयों की दुर्नियति ने भारत को उस सर्वोच्च प्रतिष्ठा में बहुत समयतक रहने को नहीं दिया। उक्त दुर्नियति के मूर्त रूप, भारतीय धर्म और संस्कृति के दुश्मन मुगलों से, मुसल्मानों से भारत में बहुत समयतक आक्रमण होते रहे। अन्ततो गत्वा उन्हीं

के कब्जे में भारत को रहना पडा। इस तरह न केवल भारत भूमि को, बल्कि भारत के सारे सर्वसम्पन्न सांस्कृतिक भण्डारो को भी उन्हों ने अधीनस्थ कर लिया और कतिपय महत्वपूर्ण दस्तावेजों को तीखी नजरों से देख देख कर उन्हो ने ध्वस्त भी कर डाला। भारत के इस अभूतपूर्व दुःखमय सांस्कृतिक सङ्कट के समय में बहुतेरे सांस्कृतिक अवष्टम्भ माने गए भारतीय व्यक्तित्वों ने सांस्कृतिक संरक्षण के यथोपलब्ध साधनों को लेकर आत्मरक्षार्थ नेपाल में प्रवेश किया। भारती सांस्कृतिक व्यक्तित्वों के इस तरह के प्रवेश और यह क्रम बहुत बार, बहुत समयतक जारी रहे। इस समय से न केवल नेपाल में प्रवेश करनेवाले उन सांस्कृतिक शरणार्थियों ने, बल्कि समूचे भारतीयों ने ही नेपाल को हिन्दू मात्र के सर्वस्व सांस्कृतिक निधियों के संरक्षक देश के रूप में देखा था, और सम्मान दिया था। कालान्तर में उन सत्ताधारी मुगलों और मुसल्मानों को भी हटा कर भारत को आंग्ल साम्राज्य ने अधीनस्थ किया, उपनिवेश बना लिया। आंग्ल साम्राज्य में, उक्त आंग्ल साम्राउय के बलदाता महातीक्ष्ण मेधावी मेकाले की कूटनीतिपूर्ण शिक्षापद्धति ने भारत के उस सांस्कृतिक पतन के याप्य व्याधिको दुश्चिकित्स्य एवं असाध्य बना कर "गण्डस्योपरि स्फोटक: संवृत्त:" ऐसा काम कर दिया। जिस का यह दुष्परिणाम आजतक भी हम भोगते रहें कि कालक्रम से स्वातन्त्र्यसंग्राम की कठोर अग्निपरीक्षा में उत्तीर्ण हो जाने के बाद उस अंग्रेजी शासन से मुक्ति पाए जानेपर भी अंग्रेजियत से मुक्ति पाने के लिए आजतक भी असमर्थ ही रहे। फलतः भारत की स्थिति न केवल

वैसी ही रही, बल्कि उसके धर्मनिरपेक्ष राज्य घोषित किए जाने से सांस्कृतिक दृष्टि से और निराशाजनक बन गई। इन घटनाओं ने, सांस्कृतिक दृष्टि से नेपाल को ही भारतीयों का भी आशाकेन्द्र बना दिया था। किञ्च- भारतवर्षीय होने के नाते नेपाल को इस तरह का हार्दिक सांस्कृतिक सम्मान प्रदान करने में, हम भारतीय लोगों ने आत्मग्लानि के बदले आत्मगर्व का ही अनुभव किया था। क्योंकि हमारे दोनों देश की जनता, भाषा, धर्म, संस्कृति सब एक ही मूल के उपज थे। पर बडी दुःख की बात यह है कि आज का नेपाल वैसा नेपाल नहीं रहा, जैसा हम उस को समझ रहे थे। आज का नेपाल हिन्दूसंस्कृति का भण्डार व उस का संरक्षक नेपाल नहीं रहा। आज तो वहां शङ्कर पारसनाथ (पशुपतिनाथ) भी नहीं है। बूढानीलकण्ठ भगवान् भी नहीं है। पश्चात्य लोग नेपाल को 'The land of templs' कहते थे, पर अब वहां पहलेजैसे मन्दिर भी नहीं दिखाइ देते, देवदेवियों की मूर्तियां भी। वे सब विदेशी संग्रहालयों की सम्पत्ति बन चुकी हैं। अतः हमारी श्रद्धा औ सम्मान का जो नेपाल था, आज वह वैसा नेपाल नहीं रहा। उस को तो अब म्लेच्छों- क्रिश्चियनों और मुसल्मानों- ने अधीनस्थ कर लिया। और उन्हों ने उस के सारे सांस्कृतिक भण्डारों को भूमिसात् कर दिया, भस्मसात् कर दिया, और कथाशेष बना दिया! अब आप लोगों का नेपाल वैसा नेपाल नहीं रहा। हिन्दू संस्कृति के उपासक, जो सच्चे नेपाली हिन्दू हैं, उन सबको नेपाल छोडकर भारत के प्रवासी बनने के लिए वर्तमान क्रूर म्लेच्छसता ने मजबूर किया हैं।

वहां रहनेवाले निर्दोष शुद्ध हिन्दू नेपाली लोग म्लेच्छों के अत्याचारी शासन की चक्की में पिसे जा रहे हैं । यातनाशिविरों में, (सब से कष्टदायक कारागार 'केन्द्रीय पागलखाना' के नाम से प्रसिद्ध है, उस में) गिरफ्तार किए गए हिन्दू बन्दियों को किस किस तरह की यातनाएं दिई जाती हैं, इस के सम्बन्ध में जितने और जैसे रिपोर्ट हमें प्राप्त हैं, उन हृदयविदारक प्रक्रियाओं का विवरण हम यहां नहीं दे सकते । क्यों कि हमारा हृदय न तो वैसा पत्थर का है, न तो लोहे का । अगर हम उस सांप्रदायिक राक्षसी सत्ता की ओर से नेपाली हिन्दूओं को दिई गई यातनाओं का यथार्थ विवरण दे दें तो, मानवता के मूल्य जाननेवाले आप लोगों की आँखें बरबश अभी गीली हो जायगी । हृदय शीर्ण–विशीर्ण हो जायगा । एतावता मेरा कहने का तात्पर्य है– मानवअधिकारदिवस के समारोहको मनानेवाले और मानवतावादी दृष्टि से अन्य देशविदेशों की सत्तापीडित जनताओं की चिन्ता करनेवाले नेपाली छात्रों को मेरा भी अनुरोध है– पूर्ववक्ता प्राध्यापक सिलवालजी के सामयिक निर्देशन के अनुसार वे सर्वप्रथम अपने नेपाल की सत्तापीडित जनताओं की ओर, म्लेच्छ-पदाक्रान्ता विश्वशान्तिदायिनी अपनी प्यारी हिन्दूसंस्कृति की ओर अपनी सुधारक, उद्धारक दृष्टि दे दें ।"

अन्तमा सभापतिको आसनबाट बोल्दै इतिहासका प्रकाण्ड विद्वान् ज्ञानबहादुर के. सी. ले भने–

आज मानवअधिकारदिवस हो । यस दिनको कति महत्त्व छ भन्ने कुरालाई हामी नेपाली हिन्दूहरूले जति शायदै

अरू राष्ट्रका जनताहरूले सम्झन सकेका होलान् ! यहाँ उपस्थित श्रोताहरूलाई मेरो यो अभिव्यक्ति (तथ्यहीन जस्तै) ठीक जंचेन होला। किनकि मेरै आफ्नै बौद्धिक पक्षले पनि मलाई अतिवादी भनेर दोष लगाउँदै भनिरहेको छ– "कुनै रोगीले आफ्नै रोगलाई सबै रोगभन्दा क्षतिकारक, व्यथाकारक र आफैंलाई मात्र व्यथाग्रस्त र चिन्तनीय सम्झेजस्तो तैंले आफ्नो नेपालको र आफ्ना नेपाली हिन्दूहरूको अधिकारहीन एवं सत्तापीडित अवस्थालाई मात्र चिन्ताजनक सम्झिइस्। तर तेरो देशका हिन्दूजातिभन्दा सय खण्ड बढ्ता अधिकारवञ्चित सत्तापीडित जाति दुनियांमा कति छन्, कति छन् !" । तर पनि शायद यो आफूलाई परेर होला ! आहत, अवहेलित मेरो हृदयपक्षले योबाहिं कुरालाई मान्दैन। एतावता मेरो भनाइको तात्पर्य हो– "हामी नेपालीहरूको भनूं, अथवा हाम्रो 'स्वर्गादपि गरीयसी' प्यारी मातृभूमिको नै भनूं ! अहिले ज्यादै चिन्ताजनक हालत छ। त्यसैले छात्र भाइहरूलाई पूर्ववक्ता प्राध्यापक सिलवालजीले जुन सामयिक अमूल्य निर्देशन दिनुभयो– 'यद् वै मनुरब्रवीत् तद् भेषजम्'– छात्र भाइहो! त्यही नै हाम्रो, तपाईंहरूको आजको कर्तव्य हो।"

प्राध्यापक विद्वान् सिलवालजीले भन्नुभएको अर्को कुरा पनि ज्यादै मननीय छ– "धर्म र संस्कृतिको ह्रास र पतन नै वर्तमान नेपालको दुरवस्थाको निदान हो।" यस मन्त्रलाई पनि छात्र भाइहरूले हृदयमा राख्नुपर्छ ! किनभने– धर्म र संस्कृति नै आफ्नो देशको, जातिको विशिष्टता हो, गौरव हो, रूप हो, परिचय हो। त्यो नै नष्ट भएपछि

हाम्रो विशेष के चिह्न रहन्छ र विश्वले हामीलाई नेपाली भनेर चिन्दछ ? त्यसैले आफ्नो धर्म, संस्कृतिलाई उपेक्षा गर्नु, त्यसको अधिमूल्यन नगर्नु सोझै आफ्नो जातीय मृत्युलाई नै अङ्गाल्न पुग्नु हो । साथै त्यसमा अभिमान राख्नु, त्यसैमा आफ्नो महत्त्व र गौरव सम्झनु त्यो नै जातीय जीवनको निशानी हो । यस संबन्धमा महाकवि मैथिलीशरण गुप्तको यो कविता कति यथार्थवादी, कति प्रेरणादायी, कति हृदयग्राही र कति उच्चस्तरको छ ? योसंग दाँज्न मिल्ने, यत्तिकै महत्वको अरू कविता नै मैले पढेको छैन भने हुन्छ ! राष्ट्रिय उपयोगिताको दृष्टिले अक्षर अक्षरमा गम्भीर महत्त्व राख्ने यो कविता सुन्नुहोस् त कस्तो छ ! –

जिस को न निज गौरव तथा निज देशका अभिमान है ।
वह नर नहीं, नरपशु निरा है और मृतक समान है ।।

यो कवितालाई छात्र भाइहरूले हरबखत सम्झनुपर्छ । महाकविको यो अमूल्य निर्देशन हो ।

किञ्च– "धर्म र संस्कृतिको ह्रास र पतन नै वर्तमान नेपालको दुर्गति र दुरवस्थाको निदान हो"– भनेर प्राध्यापकज्यूले जो भन्नुभयो । यो कुरा अक्षरशः सत्य छ । यसमा मेरो कुनै वैमत्य छैन । बरु यहाँ अर्को एक प्रश्न उठ्न सक्तछ– "वर्तमान नेपालको दुर्गति र दुरवस्थाको निदान राष्ट्रिय धर्म र संस्कृतिको ह्रास र पतन भएजस्तै त्यस धर्म र संस्कृतिको ह्रास र पतनको निदानचाहिं के थियो ?" । यो खास गरी जिज्ञासितव्य विषय पनि हो । देशका

भावी निर्माता, कर्णधार छात्र भाइहरूले त यो कारण पत्ता लगाइ नै राख्नुपर्दछ। त्यति गाह्रो पनि छैन। किनभने इतिहासवेत्ता एवं अनुसन्धाताहरूले यसतर्फ पनि प्रकाश नपारेका छैनन्। त्यसैले इतिहासप्रदत्त अतीतका ती अनुभवहरूबाटै भविष्यको मार्गदर्शन हुन सक्ने भएकोले देशको निमित्त तप र उत्सर्ग गरेर काम गर्ौं भन्ने प्रवुद्ध एवं उत्साही छात्र भाइहरूको अगाडि उक्त इतिहासवेत्ता एवं अनुसन्धाताहरूको सान्दर्भिक अनुसन्धानलाई लिएर म दुइ चार शब्द बोल्न चाहन्छु- आजभन्दा पैंसट्ठी सत्तरी वर्षअगाडिको इतिहासले भन्छ— नेपालको प्रशासन चरित्रहीन, आदर्शहीन, अराजनीतिक तत्वहरूबाट सञ्चालित थियो। तात्कालिक प्रशासक-हरूको उद्देश्य केवल अर्थोपार्जनको थियो। देश, नरेश र जनताको सेवा थिएन। राजाको आँखा छलेर, दुवै आँखा चिम्लेर, भ्रष्टाचार गरेर धनसंग्रह गर्नको लागि सत्तारूढ, जनजीवनद्रोही, निर्लज्ज तत्त्वहरूको प्रतिस्पर्धा चल्थ्यो। विदेशबाट प्राप्त आर्थिक सहायताको रकमजति कागतको विधि लिएर लुट्ने कला जानेका त्यस्तै भ्रष्टाचारी तत्त्वहरूको जेबमा पर्थ्यो। न कृषिविकास, न औद्योगिक विकास, न खानीको विकास! देशको कुनै खास आय-स्रोत थिएन। विदेशी मुद्रा नभई राष्ट्रको सबै कामकाज चल्दैनथ्यो। त्यो आर्जन गर्ने साधन नेपालको निमित्त घिउ, जरीबूटी, काठ, धान यिनै थिए। निर्यातव्य यी सबै वस्तुहरूको स्रोत जङ्गल (त्यसको कारणबाट हुने वर्षा) नै थियो। त्यो जङ्गल जनतालाई दोष लगाएर वनविभागका भ्रष्ट कर्मचारीहरूले नै ध्वस्त पारिसकेका

थिए । रातमा पाँच छ सय गाडा काठहरू सीमाना सीमानाका जिल्लाहरूबाट विदेशनिकासी हुने गर्थे । अर्कोतिर देशको एक एक-ओटा कार्यविशेष (जनमतसंग्रह जस्ता) को बिङ्गा लगाएर तत्कालीन भ्रष्ट मन्त्रिपरिषद्ले नै अरबौं अरबौंको काठ एकैचोटि बेचेर, स्वाहा पारेर देशको आर्थिक मेरुदण्ड नै भाँचिदिएको थियो । यत् यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः— यस्तो भ्रष्टाचारको व्यसन माथि माथिका कर्मचारीहरूमा मात्र होइन, साना कर्मचारीहरूमा पनि साझा र स्वाभाविक चरित्र जस्तो भएर विकसित हुन थालेको थियो । मन्त्रिपरिषद्का सदस्यहरू आफैं तस्करवृत्तिका भइदिएकाले तिनीहरू के तलका कर्मचारी, के जनता कसैलाई पनि आफ्नो अनुशासन, नियन्त्रणमा राख्न सक्तैनथे । त्यसको स्पष्ट चित्र सीमानाका हाम्रा जङ्गलहरूमा गएर हेर्न सकिन्थ्यो । संगसंगै भारतपट्टि हरियो घना जङ्गल सुरक्षित र व्यवस्थित देखिन्थ्यो । त्यस जङ्गलका निकटवर्ती भारतीय बस्तीहरूमा कुनै पनि व्यक्तिले आफ्नो जङ्गलको सिन्कोसम्म पनि काटेको, भाँचेको देखिदैनथ्यो । ती बस्तीका जनताहरू, किसानहरू गुइँठा बालेर आफ्ना खानाहरू बनाइरहेका देखिन्थे । संगसंगै नेपालपट्टि हेर्दा जङ्गल उजाड भइसकेको देखिन्थ्यो । जतातते रूखहरू ढालिएका, मिल्किएका देखिन्थे । सुरक्षा र व्यवस्था भन्ने त्यहाँ कुनै कुरा पाइन्नथ्यो । संगै जोडिएका निकटवर्ती नेपाली बस्तीहरूमा बडे बडे काठका मूढाहरू सल्काएर, बालेर, धूवाँएर त्यसै छोडिएका हुन्थे । आफ्नो राष्ट्र आफ्नो राष्ट्रिय सम्पत्ति भन्ने भावना नेपालीहरूमा

पाइन्नथ्यो। कुनै दलको एउटा धूर्त कार्यकर्ता वा कुनै मन्त्रीको निकटको धूर्त व्यक्तिले सुन्याइदियोभने ती नेपाली केटाहरू कर्तव्य अकर्तव्य कुनै कुरा हेर्दैनथे, तिनीहरू आ–आफैं मत्त थिए। पैसा आउँछभने, पिउन फुक्न पाइन्छभने जस्तो दुःसाहस गर्न पनि तयार हुन्थे– वन उजाड पार्ने हो कि, चरेस, अफीम ओसार्ने हो कि, मूर्ति बेच्ने हो कि, अथवा मूर्ति बेच्नेहरूलाई साथ दिने हो ! शासकहरूको अनाचार, भ्रष्टाचार कुनै कुरामा पनि लाग्न नसकेको अंकुश तिनीहरूको अकृत्यमा मात्र कताबाट लाग्थ्यो ? अर्कोतिर वनै उजाड भएपछि आफ्ना सजीव राष्ट्रिय सम्पत्तिहरू– बाघ, भालु, चितुवा, अर्ना, बनेल, मृग, जरायो, घोरल, थारल, नीलगाई आदि वन्यजन्तुहरू कहाँ बसून् ? ती सब सांधका भारतीय हरिया घना जङ्गलतिर सर्ने नै भए ! यो कत्रो क्षति थियो नेपाल राष्ट्रको ? त्यसै बेलादेखि नेपालले वर्षातको लागि पनि भारतीय जङ्गलको मुख ताक्नुपर्ने हुन थाल्यो। जङ्गलै नभएपछि कताबाट पशुधनको प्रवर्धन, कताबाट घिउको उत्पादन, कताबाट जरीबुटीको विकास, कताबाट कृषिमा सुधार ! अब विदेशी मुद्रा–आर्जनको लागि कुन वस्तुको निर्यात गर्ने नेपालले ? सब सुक्यो, सकियो । भन्सारको आम्दानी हेरौं त ! सयकडा पञ्चान्नब्बे कर्मचारीको उद्देश्य र प्रयास पहिले अर्थविभागमा पुग्ने, अनि भन्सार ताक्ने ! त्यसको तात्पर्य स्पष्ट थियो– अनि भन्सारबाट पनि कति राजस्व-वृद्धि हुन सक्थ्यो ? एवम् उपर्युक्त प्रकारका प्रशासनिक अक्षमता र मौजूद भ्रष्टाचार, अनाचार, अव्यवस्थाबाट देशमा यस्ता

परिणामहरू देखा पर्न थाले—

१) नेपालको राष्ट्रिय आय जति हुनुपर्थ्यो, अचिन्तित किसिमले घट्तै गयो ।

२) सरकार स्वयंचाहिं जनताको कुनै आवश्यकता पनि पूरा गर्न असमर्थ हुँदै गयो ।

३) विदेशी सहायताले नै राज्यको, प्रशासनको व्ययभार निर्वहन गर्नुपर्ने दुरवस्था देशमा आयो ।

४) देश विदेशी ऋणमा चुर्लुम्म डुब्न थाल्यो ।

५) आर्थिक दृष्टिले भ्रष्टाचारी तत्त्वले सिवाय अरूले बाँच्नेसम्मको स्थिति पनि देशमा भएन ।

६) आर्थिक विपन्नताले विवश भएर मूर्ति बेच्नु, निषिद्ध वस्तुहरू निर्यात गर्नु, तस्करव्यापार गर्नु आदिमा जनश्रम खर्चिइन लाग्यो ।

७) भविष्यको लागि कुनै विश्वसनीय आर्थिक योजना नदेखेकोले जनता ज्यादै निराश, सन्तप्त असन्तुष्ट हुँदै गए ।

८) प्रशासनले कतै पनि अनुशासन र नियन्त्रण राख्न नसकेकोले देशमा कतै शान्तिसुरक्षा भएन । अत्यधिक मात्रामा बजारको महँगी बढ्यो ।

९) त्यस महँगीले पनि भ्रष्टाचारको अभिवृद्धिलाई झन् मद्दत दियो ।

१०) अड्डा, अदालतबाट तारीख लिनसम्मै पनि गरीबलाई गाह्रो पर्दै गयो । कुनै लाभको पद, काम र न्याय भेट्टाउनु त गरीबको निमित्त असम्भवै थियो ।

उपर्युक्त कारणहरूले गर्दा देशमा जनसाधारणको आर्थिक स्थिति यति शोचनीय थियो कि, प्रत्येक व्यक्तिको श्वास प्रश्वासले भन्थ्यो— "के गरी बाँच्ने, कहाँ गएर बाँच्ने ?"। अर्कोतिर मन्त्रिपरिषद्को अर्कै चिन्ता थियो— "आफ्नो कार्यकालभित्र कुन देशबाट, केको निमित्त भनेर आर्थिक सहायता लिन सकिन्छ र विशेष भ्रष्टाचार गर्न पाइन्छ ?"

यस्तो आर्थिक सङ्कट, महासङ्कट एकतिर ! अनैतिक अराष्ट्रिय चरित्रको विकास अर्कोतिर ! यी दुवै कुरालाई आफ्नो स्वार्थसिद्धिको लागि अत्यन्त साधक सहायक सम्झने र हिन्दूराज्य नेपालका अन्तश्छिद्र जति सबै बुझेका विदेशी तत्त्वहरूले नेपाललाई बैंकस्थापन वा अरू कुनै प्रक्रियाहरूबाट आर्थिक सहायता दिने र नेपालभित्र अड्डा जमाउने स्वर्णअवसर पाए। एक हातमा आर्थिक सहायताको थैली, अर्को हातमा क्रिश्चिनिटी र मुस्लिम धर्मको प्रचारप्रसारयोजना ! सरकारसंग मैत्रीसंबन्ध, जनतासंग गोप्य धार्मिक सम्बन्ध ! नेपाली समाजमा मुस्लिम धर्म वा क्रिश्चियन धर्मको ग्रहण वा प्रचार गरिदिने र होटेलहरूमा गोमांसभक्षणको परम्परा बसालिदिने व्यक्तिहरूले कुनै पनि आर्थिक चिन्ता लिनुनपर्ने गोप्य व्यवस्थासञ्चालन हुन थाल्यो। सरकार आर्थिक सहायताको आशाले वशंवद हुन थाल्यो । आफ्नो कमजोरीले गर्दा कुनै कुराको विरोध गर्न सक्तैनथ्यो। गरीब किसानहरू आफ्नो जग्गाजिमीन धितोको रूपमा विदेशी बैंकमा बन्धक परेकोले चुर्मुकिन थाले। यसरी नेपालमा निर्बाध सांस्कृतिक आक्रमण हुन थाल्यो। प्रबुद्ध शिक्षित

वर्गमा पनि राष्ट्रका शाश्वत मूल्य (राजा, राष्ट्र, धर्म, संस्कृति) हरूको संरक्षणीयतातर्फ गहिरिएर, चिन्ता लिएर सोचिदिने र त्यसनिति त्याग र उत्सर्गका साथ काम गर्ने व्यक्ति कडोरैमा पनि कति निक्लन्थे र ? एवं क्रमले विदेशी विधर्मीहरू, तिनका दलालहरू र धार्मिक भ्रष्टाचारमा संलग्न, विधर्मीहरूका प्रच्छन्न दलाल नेपाली धर्माचार्यहरूसमेत मिलेर जब हिन्दूधर्म र संस्कृतिको जरा काट्न थाले, अनि नेपालमा त्यस दुर्गति र दुर्दशाको प्रारम्भ हुन थाल्यो। एतावता मेरो भनाइको निष्कर्ष यो कि– जस्तो नेपालको वर्तमान दुर्दशाको निदान धर्म र संस्कृतिको ह्रास र पतन हो, त्यस्त उक्त धर्म र संस्कृतिको ह्रास र पतनको निदान पनि नेपालका तात्कालिक सत्तासीन भ्रष्ट तत्त्वहरूको कालो कारनामा-बाट हुन आएको देशको सीमातीत गरीबी हो। अतः आफ्नो मातृभूमि नेपालको लागि काम गर्न इच्छुक, उत्साही युवक छात्र तपाईंहरूले समयमै सोचेर एक विश्वसनीय आर्थिक योजनालाई समेत साथमा लिएर आफ्नो धर्म र संस्कृतिको पुनरुद्धारको लागि अगाडि बढ्नुपर्छ। जसबाट देशलाई स्वावलम्बी बनाउनुका साथै आफ्नो धर्म र संस्कृतिको पुनरुत्थान गराउने आफ्नो महान् लक्ष्य जनसमक्ष स्पष्ट देखिन सकोस्। अरू कुरा साङ्गवेदविद्यालयका प्राध्यापक सिलवालजीबाट छात्र भाइहरूले आफ्नो मातृभूमिको सर्वाङ्गीण सेवाको निमित्त समर्पित हुनुपर्‍यो भन्ने महत्त्व अतिमहत्त्वको सामयिक निर्देशन पाइसक्नुभएको छ। त्यसमाथि विशेष मैले

थप्नुपर्ने केही छैन। यति भनेर म आफ्नो प्रवचन यहीं टुङ्ग्याउँछु र सभाविसर्जन पनि गर्दछु।

कार्यक्रमको अन्तमा सबै निमन्त्रित आगन्तुकहरू आ–आफ्ना बाटा लागे। त्यस दिनदेखि नेपाली छात्रहरूमा आफ्नी मातृभूमि-प्रति उत्कट श्रद्धा र भक्ति जागरित भएर आयो। काम गर्ने उत्साह र उमङ्ग बढ्न थाल्यो। साथै प्रिय धर्म, संस्कृतिको निर्मूलनका साथ आफ्नो नेपाली हिन्दूसमाजलाई बूठले कुल्चेर, दबाएर, सताएर, मारेर आतङ्कित तुल्याउने क्रूर साम्प्रदायिक सत्तामाथि वैर, द्वेषको भावना पनि उत्तरोत्तर बढ्न थाल्यो। त्यसैले त्यही नेपाली छात्रावासमा प्रबुद्ध जाग्रत् छात्रहरूको बीच निकै दिनसम्म छलफल भइरह्यो– ''देशको निमित्त काम त गर्नैपर्छ। तर के के गर्ने र कसरी गर्ने? भनेर।

देशको निमित्त काम गर्न यसरी उत्सुकतासाथ साथीहरू भेला गरेर छलफल गराइरहने उत्साही प्रमुख छात्रको नाम श्यामप्रसाद अर्याल थियो। साथीहरू उसलाई 'श्याम, श्याम' भन्थे। ऊ सबै साथीहरूको प्रिय र विश्वासपात्र पनि थियो। उसको वचनलाई प्रायः साथीहरू मान्ने गर्दथे। छात्रहरूको निकै दिनको छलफलले निम्नलिखित निर्णय पनि गऱ्यो—

१) आफ्नै देशभित्र बसेर काम गर्ने, कुनै विदेशी सत्ताको सहायता नलिने।

२) निम्नलिखित तीन कुरालाई कार्यक्रमको लक्ष्य बनाउने–

क) हिन्दूधर्मको र संस्कृतिको पुनरुत्थान।

ख) हिन्दू जनताप्रति भइरहेको साम्प्रदायिक अन्याय अत्याचारको अन्त ।

ग) देशलाई स्वावलम्बीकरण ।

३) उक्त लक्ष्यपूर्तिको लागि हाललाई सामाजिक परिधिभित्रै बसेर काम गर्ने ।

श्यामले आफ्ना सबै साथीहरूको समक्ष भन्यो— "अध्ययन समाप्त भएका, घरको व्ययभारको चिन्ता नपरेका, रित्तो खुकुलो भएर काम गर्न सक्ने, देशको लागि त्याग र कष्टसहन गर्न तत्पर साथीहरूले आफ्नो नाम देओ । अनुकूल पर्नेले यही हप्ताको अन्तमा मसंगसंगै काठमाण्डूतिर प्रस्थान गरि पनि हाल्नुपर्ने छ ।"

त्यो सुन्नेबित्तिकै देशको निमित्त काम गर्न उत्साह राख्ने बत्तीस जना देशभक्त छात्र युवकहरूले आफ्नो नाम लेखाए । तिनीहरूको नाम एउटा कापीमा लेखियो । तिनैमध्येबाट त्यही हप्ताको अन्त्यमा श्यामका साथ काठमाण्डूप्रस्थान गर्न चाहनेहरूले पनि निम्नप्रकारसंग आफ्नो नाम लेखाए—

१) यादवप्रसाद मिश्र
२) जितबहादुर श्रेष्ठ
३) गोपाल वज्राचार्य
४) गम्भीरमान गुरूङ्ग
५) जनककुमार राई
६) मेघनाथ रूपाखेती

स्मरणीय छ— श्यामको आह्वानमा देशको निमित्त काम गर्न पहिलो पटक नाम लेखाउने बत्तीस जनामध्येमा र दोस्रो पटक काठमाण्डू प्रस्थान गर्न नाम लेखाउने छ जनामध्येमा पनि सर्वप्रथम नम्बरमा नाम लेखाउने व्यक्तिविशेष यादवप्रसाद मिश्र नै थियो ।

२

आश्विन महीनाको अन्त्य अन्त्य थियो । बारी र बगैंचामा सयपत्री, मखमली फूलहरू लटरम्म भएर फुलिरहेका थिए । पहेंलपुर भएर पाकेका फलहरूले अम्बा, हलुवाबेतका रूखहरूका हाङ्गाहरू झुकेका देखिन्थे । पसल पसलमा बेच्न थुपारिएका झिमिरो, कटुस र ओखरहरू, अझै कतै गाउँघरमा केही फरक पर्ला, तर शहरका नयाँ युवक युवतीहरूका निमित्त भाइटीकाप्रथाका स्मारक कथावस्तु बनिरहेका थिए । वाराणसीमैं प्रायः बस्ने बानी परेका श्यामहरूलाई त्यस बेलाको हिमाली हावा अलि कडा कडा भएर बहेको अनुभव भइरहेको थियो । त्यही ताक श्यामले सबै साथीहरूलाई हेरेर खिन्न स्वरमा भन्यो– "के भन्नु ! कत्रो गौरवको इतिहास भएको हाम्रो हिन्दू जातिलाई, हेर आज कति तुच्छ प्रयोजनको लागि प्रयोग गरिरहेका छन् ! हामी हिन्दूहरूको जन्म त मानौं यिनै सत्ताधारी क्रिश्चियन र मुसलमानहरूको दासता–निर्वहनको लागि मात्र हो भन्ने सम्झिएको छ । मैले यो किन भनेको भने, तिमीहरूले यो सुनेका छौ कि छैनौ, आजकल मैले सुनेको– कुनै जिल्ला, अञ्चलमा खटिएर जाने सि. डि. ओ., अञ्चलाधीशहरूले यताबाट

नोकरचाकर लैजाने कुरा झिकेभने वर्तमान मन्त्रीहरू अथवा सचिवहरूले ठट्टा गरेर के भन्ने गरेका रहेछन् भने– "यताबाट त्यसरी नोकरचाकर लैजाने टण्टा पनि, खर्च पनि गर्नुपर्दैन । जुन जिल्ला वा अञ्चलमा गए पनि नोकरचाकर जति भन्यो त्यति गरीब हिन्दू केटाहरू, बूढा-बूढीहरू घटाघट तलबमा उछिनपाछन गरेर ओइरिन्छन् । अथवा त्यहाँ बसुञ्जेल विशेष घरवारकै आवश्यकता छभने पनि, केवल खान र लगाउन दिएको भरमा कति चाहिन्छन्, राम्रा राम्रा हिन्दू केटीहरू पनि पाइन्छन् ।" अघि जर्मन फासिष्ट-हरूले आफूलाई र यूरोपका नोर्डिक जनतालाई दुनियाँ भरिकै श्रेष्ठ जाति सम्झेजस्तो अहिले नेपालका सत्ताधारी क्रिश्चियन र मुसलमानहरूले आफूलाई श्रेष्ठ जाति सम्झेका छन् । सुन्दैमा कति दुःखलाग्दो कुरा छ यो ?"। धिक्कार छ हाम्रा मन, मस्तिष्क नभएका पूर्वजहरूलाई र त्यस बखतका हाम्रा लठुक विधायक तत्त्वहरूलाई, जो मौकामा देशको ढुकुटीमा हात हालेर ऐशआराम गर्न पाएको वेला, बेकारको धर्म, संस्कृतिको ह्रास र पतनको थाङनो गन्थन कता सुनिरहनु ? भनेर कानमा कपास कोचेर बस्थे र धर्म र संस्कृति नै राष्ट्र र राष्ट्रियताको मुटु हो भन्ने तत्त्व नबुझेर वा बुझेर पनि स्वार्थवश बूझ पचाएर बस्थे । जसको स्वार्थान्धता, अदूरदर्शिता, असावधानी र कमजोरीले गर्दा आज हामी नेपालीले आफ्नै घरमा बस्ता बस्तै पनि घरको स्वामित्व अर्कालाई सुम्पेर आफूले नोकरको तहमा बस्नुपरेको छ । पवित्र पुण्यभूमि, रत्नगर्भा आफ्नो नेपाल आमाको पनि पूरा

वात्सल्यको हकदार बन्न नसकेर प्रवासीसरह अवहेलित र टुहुरो भएर, खुम्चिएर बस्नुपरेको छ– भित्र भित्र पाकेर !। हिन्दूधर्म र संस्कृतिको संरक्षक देश ! वीर जातिको देश ! भनेर विश्वप्रसिद्ध भएको हाम्रो नेपाल आज सबै देशको साझा वेश्यालयको रूपमा र विश्वभरिका तस्करव्यापारहरूको केन्द्रको रूपमा देखा परेको छ"।

यो सुनेपछि गोपाल बज्राचार्य, जनककुमार राई, गम्भीरमान गुरूङ्ग, यादवप्रसाद मिश्र, मेघनाथ रूपाखेती सबैले यस तथ्यलाई स्वीकार गरेर एकै स्वरले भने– "हो, यही अवस्था छ"। कति लज्जास्पद, कति शोचनीय !"

त्यसपछि गम्भीरमान गुरूङ्गले भन्यो– "यो अवस्था त हो, तर हामीले पनि केही त गर्नै पर्‍यो अब। यसरी चूप लागेर भएन। नत्र उनीहरूले पाएको धिक्कार अब हामीले पाउने बेला भयो। वाराणसीबाट कस्सिएर काम गर्ने भनेर आइयो, यहाँ आएर त्यसै अलमलियो। यत्रो समय बितिसक्यो !"

यादव प्रसाद मिश्रले भन्यो– "यसरी बस्नु त हिजडापन भयो। म त काम छिटो नथाल्ने होभने वाराणसीमैं गएर अध्ययन गर्न थाल्दछु। एक्लैले केही गर्न सकिंदैन गरूँ भने पनि। साथीहरू कोही तात्तैनौं !".

जितबहादुर श्रेष्ठले हाँस्तै भन्यो– "हेर भाइहो, अब केही गरौंला। चूपै लागेर किन बसिरहौंला, बसिंदैन पनि। तर हामीले पनि त अरूलाई भन्न सम्झाउन आफ्नो धर्म र संस्कृति भनेको के

हो, यो त बुझ्नुपर्‍यो नि ! हामीले त आफ्नो देशको प्रचलनअनुसार प्राइमरी स्कूलदेखि नै ईशामसीहलाई बन्दना गर्दै आयौं। हिन्दूधर्म र संस्कृति भन्ने कुरा हाम्रो कानमैं परेन। खालि अकलि भनेको सुनेको भरमा धर्म संस्कृति भनिदिएको मात्र न हो हामीहरूले ! श्यामले त वाराणसीमा बसेर पढेका, जानेका, बुझेका पनि छन्..। हामी त जाँच दिने वेलामा मात्र वाराणसी पुग्यो, जाँच सकिएपछि फर्केर आयो, हामीलाई त यसबारे कुनै ज्ञान नै छैन। शून्यसाम्य नै छ"।

श्याम— "हाम्रो धर्म र संस्कृतिलाई गहिरिएर जान्न त ठूलै विद्वत्ताको आवश्यकता पर्दछ। त्यसरी त मैले पनि जानेको छैन। तर कामचलाउको लागि साधारणतया बुझ्न त्यति गाह्रो छैन। त्यो म बुझाइरहुँला। अरूलाई भन्दाचाहिं हाम्रो सिद्धान्त के भने– "आफ्ना परम्परागत धर्मकर्ममा दृढ आस्था। आफ्ना देवदेवता र धर्मग्रन्थहरूमा भक्ति र विश्वास। तिनै धर्मग्रन्थहरूबाट निर्दिष्ट अनासक्त क्रियाकलापको माध्यमबाट राष्ट्र, समाज र विश्वको सेवा। अरू धर्म र सम्प्रदायहरूमाथि विनाहस्तक्षेपको आदरभाव। अरू धर्म र सम्प्रदाय मान्ने जनसमुदायहरूलाई पनि राष्ट्रिय समृद्धि र विश्वशान्तिको लागि यही धारणा र तदनुरूप आचारनिष्ठा राख्ने अनुरोध"– हाम्रो धर्म र संस्कृतिका मुख्य सूत्र यिनै हुन्। हाम्रो साधारण धार्मिक नीति पनि यही हो।

विशेष नीतिचाहिं– "अरू धर्म र सम्प्रदायका जनसमुदाय-हरूले आफ्नो धर्म र संस्कृतिलाई राजनीतिक संगठनको माध्यम

बनाउँछन् र हाम्रो धर्मसंस्कृतिमाथि आक्रमण गर्छन्भने हामीले पनि आफ्नो राष्ट्रिय एवं जातीय अस्तित्व बचाउनको लागि आफ्नो धर्म र संस्कृतिलाई राजनीतिक संगठनको माध्यम बनाउनुपर्ने हुन्छ। अरूले पारस्परिक द्वेष र वैमनस्य हटाएर आफ्नो धर्म र संस्कृतिलाई शुद्ध रूपमा नै राख्छन्, मान्छन्भने हामीले पनि त्यही रूपमा आफ्नो धर्म र संस्कृतिलाई मान्नुपर्छ र त्यसको संरक्षण गर्नुपर्छ।"।

जितबहादुर– "त्यसरी सबैले आ-आफ्नो धर्म मान्ने, कुनै पनि इतर सम्प्रदायमाथि वैर, द्वेष आक्रमण नगर्ने होभने त विश्वशान्ति भइहाल्यो नि !"।

श्याम– "धर्म भनेको त्यस्तै त हुनुपर्छ नि। अरूको धर्ममाथि आक्रमण गर्नु, समाजमा खलल पारिदिनु, मारकाट गराइदिनु, विघटन ल्याइदिनु यस्तो पनि कतै धर्मको उद्देश्य हुन हुन्छ ? बाइबिल हेर वा कुरान हेर– विश्वमा सर्वप्रथम घोषित हाम्रो हिन्दूधर्मको प्राणिमात्रमा आत्मभाव राख्ने सिद्धान्तलाई विश्ववन्द्य के महात्मा ईसा, विश्ववन्द्य के महात्मा मुहम्मद ! सबैले मानेका छन्। अर्काको धर्मलाई र जातिलाई नष्ट–विनष्ट पारेर विस्तारवादी प्रयोजनपूर्तिको लागि आफ्नो धर्मको शस्त्र–प्रयोग गर्नू भनेर आफ्ना अनुयायीहरूलाई उनीहरूले पनि सन्देश छोडेर गएका छैनन्। किनकि उनीहरू त मानव मात्रका हितचिन्तक महामानव नै थिए !"।

जितबहादुर– "ल, यी कुरा छँदै छन्। निर्वाचनपरिणाम पनि सबैतिरबाट आइसक्यो। सल्लाहै गरेर बाँडेजस्तो क्रिश्चियन र मुसलमानहरूले विधायिकामा आधआधैजस्तो सिट जितेका छन्। हिजो प्रजातन्त्रदिवसमा चतुर्वेदीले के के बोलेको छ रे, सुनौं न। हिमालयपत्र आइसक्योहोला नि !"।

श्याम– "आयो, यहीं छ। सुन्ने ?, लौ सुन !। तल माथि कटाएर उसले भनेको मात्र सुनाइदिन्छु– "इतिहास तथा अनुसन्धान विषयका प्रकाण्ड विद्वान् श्री पल्लवराज चतुर्वेदीले भन्नुभयो– "यद्यपि अनियन्त्रित कर्मचारीतन्त्रका हिमायती अप्रजातान्त्रिक तत्त्वहरूको प्रशासनिक व्यवधानबाट तात्कालिक नेपालका जनताले खास प्रजातान्त्रिक उपलब्धि गर्न सकेका थिएनन्, तथापि अनुसन्धानको क्रमसा आजभन्दा ६०–६५ वर्षअगाडि नै नेपालीहरूमा पूर्ण प्रजातान्त्रिक चेतनाको र सामाजिक त्याग र उत्सर्गको भावनाको उदय भइसकेको र फलतः पूर्ण प्रजातान्त्रिक व्यवस्थापनको लागि सरकारसंग मांग भइरहेको पनि हामी पाउँछौं। तात्कालिक उच्च शिक्षाप्राप्त जागरूक एवं सुधारवादी युवासमूह, धर्माचार्यहरू र सत्तारूढ व्यक्तिहरूको संयुक्त मनोयोगबाट सामाजिक सुधारको निमित्त निम्नलिखित महत्त्वपूर्ण भूमिका तयार भएको कुरा पनि हाम्रो अनुसन्धानले पत्ता लगाएको छ—

१) निम्नलिखित कारणहरूबाट संस्कृतशिक्षापद्धतिको मूलोच्छेदनको लागि आवश्यक कार्यक्रम।

क) सामाजिक पतनको कारणभूत सङ्कीर्ण एवं साम्प्रदायिक हिन्दूधर्म, आचार र परम्परालाई संस्कृत भाषाले सदा आयु:प्रदान गर्छ।

ख) संस्कृत भाषाको देन, कर्मकाण्डले समाजलाई सदा रूढि, अन्धपरम्परा र अन्धविश्वासको खाँडलतिर धकेल्दछ,उन्नति र प्रगतितिर कहिल्यै लम्कन दिँदैन।

ग) संस्कृत भाषा मुठ्ठीभर अन्धविश्वासी, साम्प्रदायिक ब्राम्हणहरूको भाषा हो, यसको संरक्षणबाट राष्ट्रले कुनै उपलब्धि गर्न सक्तैन, प्रत्युत क्षति मात्र भोग्नुपर्दछ।

२) कट्टरपन्थी कतिपय व्यक्तिविशेषहरूबाट विरोध हुँदा हुँदै पनि गोमांस-विक्री-वितरणमा सरकारतर्फबाट प्रतिबन्धको अभाव।

३) हिन्दूराज्यका नागरिकहरूको परम्पराको बिरुद्ध गोमांस-भक्षणको प्रच्छन्न प्रचलन।

४) प्रजातान्त्रिक अधिकारका पक्षपाती प्रबुद्ध जनताहरूबाट वैयक्तिक रुचिअनुसार मुस्लिमधर्म वा क्रिश्चियनधर्मको ग्रहण।

५) हिन्दूत्व र हिन्दूराजतन्त्रव्यवस्थाको संविधानमैं आँच ल्याउने गोमांसविक्रीविज्ञापनलाई सरकारी पत्र राइजिङ्ग नेपालले छाप्ता छाप्तै त्यस तर्फ र धर्मपरिवर्तनको कानून हुँदा हुँदै पनि सरकारबाट त्यसतर्फ पनि नियन्त्रणको अभाव।

६) तात्कालिक प्रगतिशील धर्माचार्यहरूबाट साधु एस्कोनलाई

मन्दिरप्रवेशको, वेदाध्ययनको, मन्त्रदानको अधिकार दिने गुप्त प्रयास ।

७) शिखा, सूत्र र टीकाको परिहास ।

यसरी पूर्ण प्रजातान्त्रिक व्यवस्थापन र सामाजिक सुधारको मार्गतिर अघि बढ्दै गएको जाग्रत् युवासमूहको गतिशील क्रियाशीलताले सन् २०१० को विद्रोह ल्यायो, जसका परिणतिहरू निम्नलिखित थिए–

१) राष्ट्रिय अभिलेखालयका र राष्ट्रिय पुस्तकालयका सारा पुस्तकहरू जलाइए र राष्ट्रिय अभिलेखालयको भवनलाई कसाहीखाना बनाइयो र राष्ट्रिय पुस्तकालयभवनलाई जुत्ताकारखानाघर बनाइयो ।

२) सरकारी मुखपत्रको 'गोरखापत्र' भन्ने साम्प्रदायिक र क्षेत्रीय सङ्कीर्ण नाम बदलेर 'हिमालयपत्र' को नामकरण गरियो ।

३) 'जयतु संस्कृतम्' को नारा दिने, सङ्कीर्ण हिन्दूधर्मको कट्टर समर्थक प्रजातन्त्र र जनताको शत्रु 'वाडव' भन्नेलाई श्राद्धको दिनमा, 'भूस्वामिपितृभ्यो नमः' भनेर आफ्ना भूस्वामी पितृ (राजा) को निमित्त आमान्नदानसङ्कल्प गरिरहेको बेला अज्ञात व्यक्तिद्वारा गोली हानेर मारियो ।

४) २०१० को जाग्रत् एवं प्रजातान्त्रिक युवकहरूको ऐतिहासिक विद्रोहले सरकारलाई निम्नलिखित दुइटा नयाँ कानून बनाउन बाध्य गराएर प्रजातान्त्रिक दिशामा ठूलो प्रगति गरेको पनि अनुसन्धानबाट पत्ता लागेको छ–

१) सङ्कीर्ण साम्प्रदायिक भावना र परम्पराको स्मृति दिलाउने कुनै पनि धार्मिक क्रियाकलाप र त्यसको प्रचारलाई शक्त मनाही गरिएको छ। यस ऐनलाई कसैले उल्लङ्घन गरेछभने त्यसलाई तुरुन्त फांसीको सजाय हुनेछ।

२) देशलाई 'हिन्दूराज्य' को नामकरण गरेर बोल्न लेख्न मनाही गरिएको छ। यस ऐनलाई कसैले उल्लङ्घन गरेछभने त्यसलाई तुरुन्त एक वर्षको कैदको सजाय र एक हजार रूपियाँ जरीबाना हुनेछ।

स्वतन्त्रताको, मुक्तिको कामना नै प्रजातन्त्रप्रति अभिमुख गराउने भावना हो। हाम्रो अनुसन्धानले यो पत्ता लगाएको छ कि सन् २०१० को नेपाली समाज मनसा वाचा कर्मणा प्रजातन्त्रको लागि आफूलाई उत्सर्ग गर्न चाहन्थ्यो। यसको प्रमाणको रूपमा त्यही वर्षको अङ्क ५० को 'जागरण' नामक पत्रिकाको पहिलो पेज र छैटौं पेज जीर्णशीर्ण रूपमा मेरो हात परेको थियो। त्यसमा तात्कालिक कविसम्मेलनको यथार्थ विवरण दिंदै भनिएको छ—"निम्नलिखित कविताका रचयिता युवक कवि नरहरि अधिकारीज्यूलाई युगको प्रतिनिधित्व गर्दै परम्परागत व्रतबन्धसंस्कारको विरुद्ध गतिशील कविता लेखेर जनसमाजमा नयाँ जागरण र उन्मेष ल्याइदिनुभएकोले स्वर्णपदक र एक हजार नगद रूपियाँको प्रथम पुरस्कार दिइएको छ—

चूडाकर्म र समावर्तन
चाहिन्न अब त्यो मन्त्रग्रहण
तोडिदे रूढिवादी प्रचलन
सामन्तीका जाल गहन !

उपर्युक्त कविताद्वारा समाजसुधारको लागि अन्धरूढि र अन्ध परम्पराको विरुद्ध त्यस जाग्रत् युवकले दिएको अमूल्य नाराको मकसदचाहिं बुझिएको छ, तर हिन्दूधर्म र कर्मकाण्डविषयका ग्रन्थहरू हाल नेपालमा अप्राप्य भएकाले चूडाकर्म, समावर्तन यस्ता संस्कृत शब्द कतिपयको खास खास तात्पर्य बुझ्न सकिएको छैन । हिन्दूहरूले अघि अघि लगाउने गरेको ३–४ सरो धागाको मालालाई जनै (सूत्र), टाउकोको बीचमा कहिल्यै नकाट्ने गरी राखेको सानो औंलाजत्तो कपालको गुच्छोलाई टुप्पी (शिखा) भन्ने र यही नै टुप्पी र शिखा राख्ने विधिलाई व्रतबन्ध भन्ने चलन अघिको रहेछ । तर चूडाकर्म र समावर्तन भन्ने शब्दको तात्पर्य के थियो, हाम्रो आजसम्मको अनुसन्धानबाट पत्ता लाग्न सकेको छैन । मतलब त्यस बखतकै हिन्दूहरूले पनि तथाकथित रूढिवादी विधिविधानहरू छोड्दै आइसकेको अनुसन्धानबाट पत्ता लागेको छ । यी सब अध्ययन र अनुसन्धान गर्दा यद्यपि नेपालमा सन् १९५१ मा नै प्रजातन्त्र आएको भनिन्छ, तर खास पूर्ण प्रजातान्त्रिक व्यवस्थापनको शुभारम्भ अर्थात् गतिशील युगको सूत्रपात सन् २००५–१० देखि मात्र हुँदै आएको हो । जे होस् अहिले हामी निर्बाध गतिले बहुजनहिताय प्रजातान्त्रिक व्यवस्थाको पूर्णतातिर अघि बढिरहेका

छौं । अल्लाहसंग प्रार्थना छ– "योभन्दा पनि अरू सफल भएर अगाडि बढिरहन सकौं । खुदाको जय हो !" ।

श्याम– अब गृहमन्त्री सइउद्दीनको भाषण सुन्छौ ?

गोपाल– "के सुन्ने त्यसको भाषण ?"

जनककुमार– "सुनौं न सुनौं । पाल्पाको सि. डि. ओ. मारिएकोबारे बोलेको छ रे !" ।

गम्भीरमान्– "आफैंले मार्न लगाएको छ, के भन्दोरहेछ, सुनौं न !"

यादव– "के सुन्नुपर्छ ? हिन्दूहरूमाथि नै आरोप लगाउँछ । यसै पनि थाह छ" ।

श्याम– "लौ सुन । गृहमन्त्री सइउद्दीनले भन्नुभयो– "बहुजनहिताय राज्यले जुन उदार प्रजातान्त्रिक नीति अपनाएको छ, त्यसमा हामी पूर्णतया सफल छौं । हालै विधायिकाको निर्वाचन स्वतन्त्र, निष्पक्ष एवं स्वच्छ प्रक्रियाबाट सम्पन्न भयो । जनता सर्वत्र खुशहाल छन् । किञ्च– निर्वाचनको लगत्तै पाल्पामा सि. डि. ओ. को गुप्त हत्या भएर जुन अप्रिय घटना घट्यो, त्यसनिम्ति हाम्रो सरकार खेद प्रकट गर्दछ । यस्ता जघन्य अपराधका कारणीहरूलाई सरकारले पत्ता लगाइछोड्छ र यथोचित दण्ड दिइछोड्छ, यसमा जनताले विचलित हुनुपर्ने कुनै कुरा छैन । यस्तो हत्याकाण्डमा कुनै एक व्यक्तिको मात्र स्वार्थ नभई कुनै जाति वा समुदायविशेषको साम्प्रदायिक स्वार्थ हुनुपर्छ भन्ने सरकारले

अनुमान गरेको छ । हाल सम्पन्न भएको निर्वाचनमा त्यहाँ एक जना हिन्दू निर्वाचित भएको थियो । त्यसलाई विजयी तुल्याउनुमा हिन्दू सि. डि. ओ. को नै प्रयास र हात हुनुपर्छ भन्ने शङ्का गरेर वर्तमान साम्प्रदायिक सरकारले नै त्यस सि. डि. ओ. को गुप्त हत्या गराएको हो भनेर सरकारको बदनाम गर्न प्रजातन्त्रका दुश्मन, षड्यन्त्रकारी, स्थानीय धर्मान्ध हिन्दूहरूबाट नै यो गुप्त हत्या भएको हुनुपर्छ भन्ने सरकारलाई लागेको छ । किनकि उनीहरू सरकारलाई नै दोषी बनाएर निराधार प्रचार गरिरहेका छन् र यस प्रचारबाट आफू निर्दोष भएर बच्ने उद्देश्य पनि उनीहरूले राखेका छन् । तर यस्ता निराधार साम्प्रदायिक प्रचारबाट सरकार विचलित हुँदैन । कर्तव्यपरायण, निर्दोष एक कर्मचारीको वृथा हत्या गरिएको यस अक्षम्य अपराधको सम्बन्धमा जिल्लाप्रहरीकार्यालयले शङ्का लागेका २८३ जना धर्मान्ध हिन्दूहरूलाई पक्रेर हिरासतमा थुनेको छ र पक्रिएका उक्त व्यक्तिहरूमध्ये त्यस बखतको बयानबाट र अघि अघिको पुलिसरिपोर्टबाट प्राप्त चरित्रविवरणबाट समेत निर्दोष ठहराइएका व्यक्तिहरूलाई छोड्दै पनि गएको छ । त्यसरी छुट्नेहरूमा हाल १३ जना पुगेका छन् भन्ने खबर आएको छ ।''

श्यामले हिमालयपत्र राख्तै भन्यो– ''त्यो सि. डि. ओ. मारियो भन्ने थाह पाएपछि धवलपुस्तकालयअगाडि, कुनै प्रोग्राम होइन, त्यसै २–३ सय मानिस जुटेछन्, सबैको सहानुभूति बिचरा त्यस सि. डि. ओ. माथि हुने नै भयो । त्यसैले कसै कसैले सरकार-लाई केही कटुमणु भने पनि होलान् । तर अरू अपराध उनीहरूको

थिएन । सरकारलेचाहिं यस घटनालाई र त्यस आकस्मिक भेलालाई निहुं पारेर अब कति सय, अथवा कति हजार हिन्दूहरूलाई मार्ने हो ! नमारिछोड्दैन । विधायिकाका १४० सिटमध्ये एक सिटमा एक जना धर्मान्तरण नगरेको शुद्ध हिन्दू निर्वाचित भएर आयो ! यो घटना केवल त्यत्ति कुराको प्रतिक्रिया हो ! १३ जना जो छुटे, पक्रिएका हिन्दू कतै छुट्छन् ? तीचाहिं अवश्य सरकारका सि. आइ. डी. हुनुपर्छ । शङ्का गर्नुपर्दैन ।"

श्यामले फेरि हिमालयपत्र हातमा लिएर पल्टाउँदै हेर्दै भन्यो– "यस हत्याकाण्डको सन्दर्भमा एउटा जाँचकमीशन पनि बनेको रहेछ । सदस्यहरूको नाम यसप्रकार छ—

१) भोला चतुर्वेदी	२) विश्वम्भर वाजपेयी
३) कुतुबुद्दीन मियाँ	४) सेरबहादुर राई
५) गौरीश्वर झा	६) अब्दुल लतीफ
७) व्रजकिशोर चूडीवाला	८) सत्यकामलाल अग्रवाल
९) रहम तुल्लाह	१०) इम्यान्युयल विरही
११) गुणाकर मेहता	

यी नामहरू सुनाइसकेपछि श्यामले अरूको मुखमा हेरेर भन्यो– "यी नाम सुन्दा तिमीहरूलाई कस्तो लाग्यो ?"

जितबहादुर– "किन ?, दुइटै पार्टीका सदस्य बराबर बराबर विधायिकामा आएका हुनाले मुसलमान, क्रिश्चियन दुइटैको संख्या बराबर पारेर कमीशन गठन गरेको होला !– मलाई यस्तो लाग्छ ।"

अरूचाहिं सब चूप लागेर विशेष जिज्ञासा र उत्कण्ठा लिएर श्यामको मुख हेर्न थाले। अनि फेरि श्यामले भन्यो– "मेरो प्रश्नको मतलब अर्कै छ। त्यो के भने– नेपालको इतिहासमा आजभन्दा ६०–६५ वर्षअगाडि चतुर्वेदी, वाजपेयी, चूडीवाला, अग्रवाल, मेहता यस्ता थरका मानिसहरूको नाम कतै लेखिएको पाइन्थ्यो ? त्यो ताक नेपालको प्रशासन यति गिरेको, यति मूर्झाएको थियो कि– सि. डि. ओ. र अञ्चलाधीशहरू पैसाको लागि अनेक अनेक जे जे पनि भ्रष्टाचार गर्थे। ती भ्रष्टाचारहरूमध्ये पनि खास राष्ट्रघाती भ्रष्टाचार त यो थियो कि– उनीहरूले घूस खाएर लखौं विदेशीहरूलाई नेपाली नागरिकताप्रमाणपत्र दिएर नेपाली नागरिक बनाइदिएका थिए। त्यसैको विषाक्त परिणाम हो यो– शुद्ध नेपालीको आज कतै नाम आउँदैन। १४० सिटमा शुद्ध नेपाली भन्नु (पाल्पाको बाहेक) एक जना मिष्टर अहमद्दीन निर्वाचित भएका छन्। उनी त एउटा राष्ट्रवादी, प्रकाण्ड विद्वान् जनविश्वास-प्राप्त व्यक्तित्व पनि हुन्। मुसलमान भए तापनि उनलाई नेपाली जनताले महात्मा गान्धीज्यूका अनुयायी डा. सुहरावर्दी, अब्दुल गफ्फार खाँ र सीमान्त गान्धीहरूलाई जस्तै एक श्रद्धेय व्यक्तित्वको रूपमा नै हेर्दछन्"।

जितबहादुर श्रेष्ठले भन्यो– सांच्चि, अहिले उनको नाम लिंदा सम्झियो। कुनचाहिं अखवारले पनि लेख्यो रे। मैले त अर्कै एक जनाको मुखबाट सुनेको हुँ– "विधायिकामा हाल दुइटा पार्टीको समान बल भएकोले अब बन्ने सरकार कुनै एक पार्टीको

मात्र नबनेर दुइटै पार्टीको संयुक्त भएरै मात्र बन्दछ। त्यसरी बनाइए तापनि दुइ पार्टीका बीच सामञ्जस्य संधै रहिरहन्छ भन्न सकिंदैन। त्यस कारण ती दुवै पार्टीका सत्तारूढ व्यक्तिहरूको बीचमा नित्य सामञ्जस्य स्थापित गराएर सर्कार चलाइरहन नेतृत्व-प्रदान गर्न सक्ने, विधायिकाको सदस्य पनि भएको कुनै व्यक्तित्वको यहाँ दरकार परेको छ रे। विधायिकामा त्यस्तो व्यक्तित्व मि. अहमद्दीनसिवाय अर्को हुन सक्तैन भन्ने कुरालाई दुइटै पार्टीका प्रमुखहरूले महशूस गरि पनि सकेका छन् रे। यस हिसाबले मि. अहमद्दीन प्रधान मन्त्री हुने सम्भावना धेरै छ रे।"

श्याम— "त्यसो भइदिए त हाम्रो भाग्यै खुल्थ्यो नि ! कुनै शुद्ध हिन्दू प्रधान मन्त्री हुनुमा र मि. अहमद्दीन हुनुमा कत्ति फरक हुनेछैन। जस्तो धर्मको तात्पर्य बुझेको कुनै सभ्य हिन्दूबाट विधर्मी-उपर कुनै साम्प्रदायिक अत्याचार हुँदैन, त्यस्तै उनीबाट कुनै अत्या-चार हुँदैन भन्ने मात्र होइन, उल्टो उनीबाट सबैको कल्याण मात्र हुन्छ। भगवान्संग हार्दिक प्रार्थना छ— "मिष्टर अहमद्दीनको उदय होस्"। यसो हुँदैमा, नेपालीको एक्कैचोटि सबै उन्नति त के भइहाल्ला ! तर यतिचाहिं म ठोकेरै भन्न सक्छु कि— "उनी सर्कारमा बसुन्जेल, हामीलाई अहिले परेजस्तो साम्प्रदायिक सङ्कट त कुनै जातिलाई पनि पर्न सक्तैन। त्यसैले म हृदयले प्रार्थना गर्छु— मि. अहमद्दीनको जय होस्। उनलाई बधाइ दिन पनि जानुपर्छ। ठूलो कुरा सम्झियो अहिले।"

सबैले समर्थन गर्दै एक स्वरले भने– "ठूलो कुरा सम्झियो, ठीक !" ।

श्याम– "अहिले कति बज्यो ?"

जितबहादुरले नारीको घडी हेर्दै भन्यो– "११ बज्न लागिसकेछ" ।

श्याम– "आजै जाऔं कि भनेको, बेटाइम भइसकेछ । जे भयो, भयो । पर्सि शनिवार बिहान ८ बजेतिर जाऔंला । शनिवार उनलाई पनि फुर्सतै होला ।"

३

हेमन्तऋतु, निकै बिहानको समय थियो। हिमालका उत्तुङ्ग शिखरहरू, मदमत्त उच्चपदस्थ तत्त्वहरू झैं झन् झन् चम्किएर आफ्नो कर्कश एवं नियन्त्रक वैशिष्ट्य-प्रदर्शन गर्न लागेजस्ता देखिन्थे। मानौं पहाडका पाखापखेरा, तरुलताहरूमा त्यही हिमाली शीत-सन्देश दिंदै हावा बहिरहेको थियो। सारा वृक्षवल्लीहरू कम्पित आन्दोलित एवं शीताश्रुसिक्त थिए। त्यसै बेला आएर जितबहादुर श्रेष्ठले श्यामको कोठाको ढोका घचघचायो। श्याम सुतिरहेको थियो। ब्यूंझेर ढोका खोलिदियो र झ्याल खोल्दै उसले भन्यो– "राति सञ्चो नभएर निद्रा लागेन। बिहानीपख निदाएछु। अनि उठ्न अवेला भयो आज। कति बज्योहोला ?"

जितबहादुर– "घडी अझ चलेको छैन ? तिम्रो जस्तै आज मेरो घडी पनि बन्द भएछ। तर म छेत्रपाटी आइपुग्दा रेडियोमा कुरानका तौरेतहरू आइरहेका थिए। धार्मिक कार्यक्रम चलिरहेको रहेछ भनिठानें। एट्खामा आइपुग्दा पनि धार्मिक कार्यक्रम नै चलिरहेको थियो। त्यहाँ ज्यादै हृदयविदारक एउटा दृश्य देख्नुपर्‍यो र पाँच सात मिनेट ढीलो भयो, बढीमा दश बार मिनेट नै

भन न। त्यहाँबाट त म सरासर आएँ। कालीमाटी आइपुग्न मलाई कति बेर लाग्योहोला र ? त्यसैले सात, पौने सात भयोहोला अहिले, त्यहाँभन्दा बढी भएको हुनुपर्दैन"।

श्याम– "हृदयविदारक दृश्य भन्यौ नि, के भएछ एट्खामा ?'

जितबहादुर– "हरे ! भन्दै पनि दिक्क लाग्छ। अठ्ठार उन्नाइसकी एक नौजवान केटी होली। नाक कान छेडेको छ, त्ये अवश्य पनि हिन्दू महिला हो। त्यसको एकपट्टिको दूध काटिएको छ, गुप्ताङ्गमा काठको ठेडी कोचिदिइएको छ। त्यति गरेर त्यसलाई नाङ्गै पारेर सडकको कुनामा फालिदिइएको छ। जिउभरि रगतै रगत लतपतिएको छ। केको छातीले हेर्नु ? हेर्न सकिने दृश्य नै छैन। त्यहाँ हेर्ने देख्ने सबैको भनाइ एउटै थियो– "यसमाथि बलात्कार भयोहोला, राम्रो चरित्रकी हुनाले यसले इन्कार गरिहोली। अनि यो प्रतिक्रिया भयोहोला"। मलाई पनि त्यस्तै लाग्यो। यसैमा पनि हेर– फेरि प्रशासनको दुर्नियतचाहिं उस्तै छ। यति निहुँ पाएपछि उसलाई पुगिहाल्यो– भुराङ्गलदेखि प्याफल सम्मका सारा घरका ढोकामा पुलिस तैनात छन्। अब कति हिन्दूहरू यस काण्डमा मुछिने हुन्, मारिने हुन् !"।

श्याम– "यस्तै निहुँमा वर्षेनि कति हिन्दूहरू मारिन्छन्, कति धर्मान्तरित गरिन्छन्, तिनका कति बस्तीहरू जलाइन्छन्, उठाइन्छन्, ती खालि बस्तीहरूमा कति विदेशी मुसलमान र क्रिश्चियनहरू बसालिन्छन् ! यसको के लेखाजोखा छ र ?। के मुसलमानको, के

क्रिश्चियनको ! दुइटै सरकारको विशेष कार्यक्रमचाहिं यही देखिएको छ, यही भोगिएको छ। यसै भएर नै टिक्नै नसकेर कति हिन्दूबस्तीहरू उठेर भारतको शरणार्थी बन्न पुगिसके"।

अनि जितबहादुरले भन्यो– "जानेकै कुरा हो नि ! यिनीहरू त हिन्दूहरू मार्न र देवताका मूर्तिहरू तोड्न कहाँ के निहुँ पाइन्छ ? भनेर हरबखत खोजेको खोज्यै हुन्छन्। परारै राति के महीनामा रे, भूकम्प भएको ? बिहान उज्यालो हुँदा त स्वयम्भू, आनन्द-कुटीतिरका त्यतिका बुद्धका मूर्तिहरू पनि छैनन्, डि. एस. पी. कार्यालयअगाडिका कालाभैरव पनि छैनन्। हनुमान् ढोकाका हनुमान् पनि छैनन्। सबै टुक्रै टुक्रा रातभरिमा। निदानमा भूकम्पलाई दोष दिएर प्रचार गरियो ! कसले पत्याउनु ? त्यस्तै यो केटी मारिएको निहुँमा अब कति हिन्दू मारिन्छन् !"– यही विचारमा एकसुर भएर, लम्केर यता आउन लागेको थिएँ। हाम्रो साथी पूर्णध्वजको हजुरबा, जोशी बूढा लठ्ठी टेकेर त्यतैबाट यता आइरहेका रहेछन्, देख्नेबित्तिकै मैले नमस्कार गरें, उनले पनि चिने। अनि त्यस्ता पितृ बूढालाई के उछिनेर हिंडूं, उनको घर आइपुगिसकेको छ भनेर बिस्तारै उनकै सारमा हिंडिदिएँ। अलि वर आइसकेपछि उनले मलाई अडीकन भने– "अघि हामी नानीहरूको उमेरमा गाईजात्रा, इन्द्रजात्रा, बिस्केटजात्रा, मच्छिन्द्रनाथजात्रा, माघेजात्रा यस्ता जात्राहरू हेर्थ्यौं। अब त कैयौं वर्ष भयो, ती जात्राहरू चलाउन, हेर्न नपाइने भयो। तपाईंहरूले त्यस्ता जात्राहरूको त नाम पनि सुन्नुभएन। तपाईंहरूको पालाको

जात्राचाहिं यी यस्तै हो। हेर्नुभयो होइन ? तिथिश्राद्ध, पूजाआजा, क्रिया, अन्त्येष्टि, कथा, पुराण, जप, पाठ, होम इत्यादि धर्मकर्मका कुरा त सरकारले पनि गर्न दिएन, तपाईंहरूले पनि खोज्नुभएन, त्यो ठीकै छ। तर यो उमेरमा हाम्रा पालाका ती जात्रा हेर्न पाए त तपाईंहरू पनि हेर्नुहुन्थ्यो नि ! त्यो पनि नपाएर एक बिहानै कस्तो जात्रा हेर्नुपऱ्यो तपाईंहरूले ?। हाम्रो त अब जाने बेला भइसक्यो। जाने बेलामा यस्तो नास्तिक शासन देखेर, भोगेर जानुपऱ्यो। हामी त केको भाग्यमानी हुनु ? तर म साँच्चि भन्छु नानी ! तपाईंहरू पनि भाग्यमानी त होइन। यस्तो राक्षस, पिशाचजुगमा जन्मनुभयो। के सुख पाउनुहोला ?"।

जितबहादुरले अगाडि भन्दै गयो– "ती बूढाका कुरा सुन्दा मलाई दुइटा कुराको घत लाग्यो– (१) एक कुरा कस्ता कस्ता सांस्कृतिक जात्राहरू रहेछन् अघि हाम्रा, तिनलाई देख्नसम्म पनि पाइएन भन्ने लाग्यो। (२) अर्को कुरा आफ्नै देशमा आफ्नो जातिलाई अर्काले कुल्चेको, अवहेलना गरेको देखेर, खपेर हामीहरूले यो उमेरमा यसरी चिन्ता र हीनभावना लिनुपरेको छ भन्ने पनि लाग्यो। त्यसैले तिनले भनेजस्तै साँच्चै हामी अभागी नै रहेछौं !"।

श्याम र जितबहादुरले यसरी कुरा गर्दागर्दै अरू सबै साथीहरू पनि आइपुगे र तिनीहरूले सोधे– "के अभागी नै ह्वौं भनेको ?, हामीले भन्याङ्ग उक्लदा सुनेको !"

जितबहादुरले यिनै कुरा दोहऱ्याएर फेरि अरू सबैलाई सुनायो। त्यो सुनिसकेपछि गम्भीरमानले भन्यो– "अब हामीहरूले पनि आफ्ना जात्रामात्रा, जातीय विधिविधानहरू चलाउन थाल्नुपऱ्यो। चूप लागेर भएन"।

जितबहादुर– "गर्न पाए त हुन्थ्यो त नि। साम्प्रदायिक-अपराध-ऐन लाग्छ र पो माऱ्यो त हामीहरूलाई त!"।

जनकले सोध्यो– "त्यो ऐनले के गर्छ?"

जितबहादुर– "साम्प्रदायिक भावना र परम्पराको स्मृति दिलाउने, प्रेरणा दिने कुनै पनि धार्मिक विधिविधानलाई प्रतिबन्ध लगाएको छ त्यस ऐनले। यो ऐनलाई कसैले मिच्योभने तुरुन्त फाँसी दिइनेछ पनि भनिएको छ। कडा पो छ कानून त"।

जनक– "उसो भए उनीहरूले पनि क्रिस्मसडे, ईद, जकात, हजहरू कसरी मनाउने त?"

श्याम– "अनि ती चाडहरूलाई त उनीहरूले बहुजनहिताय मनाउनैपर्ने कोटीमा राखेका छन्। उनीहरूका सांस्कृतिक पर्वहरू त उदार असङ्कीर्ण, असाम्प्रदायिक र आदर्शभित्रका कुरा हुन् भन्ने उनीहरूको धारणा छ। हाम्रो हिन्दूधर्मलाई मात्र उनीहरू सङ्कीर्ण र साम्प्रदायिक भन्छन्। भाडाका टट्टु हाम्रा हिन्दूहरूले पनि त्यस कुरालाई साँच्चै हो भनेर मानिदिएका छन्। ऊः हाम्रा भानिजदाइ भनाउँदा, देश, धर्म, संस्कृति सबै कुराका दुश्मन, क्रिश्चियनधर्म लिएका, पाखण्डी, नास्तिक, पर्यटनसचिवजी आए। अघि कस्तो

अवस्था थियो, अहिले त भूंडी पनि लाग्यो। उच्च घरा
भलाद्मी भइसकेका छन् !"

सचिवजी भित्र पसे र एउटा मेच तानेर बसे। अनि स
मुखमा हेरिसकेर श्यामलाई भने– "गोप्य मिटिङ्ग थियो कि, र
पसिहालें ?"

श्यामले स्मितपूर्ण मुखमुद्रामा भन्यो– "के गोप्य हुन्छ
त्यस्तो मिटिङ्ग होइन"।

जितबहादुर– "यस्तो नीच नृशंस सरकार छउञ्जेल ह
जस्ताले मिटिङ्ग गर्न पाउँछौ र ? हामीलाई त्यस्तो अधिकार
कहाँ दिएको छ ?"।

सचिव– "सरकारलाई नीच, नृशंस भनेर मात्र के
र ? मिलेर पो काम गर्नुपऱ्यो त ! रचनात्मक, सकारात्मक
लिनुपऱ्यो। विद्रोहात्मक, विरोधात्मक, नकारात्मक बाटो
लिइरहेर भएन। पहिले राजधानीका कतिपय यहाँहरू
व्यक्तिले मात्र विरोध गरेर के हुन्छ र ? जिल्लैपिच्छे पाँच
ओटा पाँच सातओटा बोर्डिङ्गहरू खुलिसके। बोर्डिङ्गा
हजारौं, हजारौं बालकहरूको निःशुल्क शिक्षा चलिरहेको
पालनपोषण भइरहेको छ। यस्ता रचनात्मक सेवाकार्यक
लागि जति सरकार बदलिए, प्रतिस्पर्धा चलिरहेको छ। त
गर्दा जनता एकदम खुशहाल छन्, के भन्नुहुन्छ ?"।

जितबहादुर– "हो, प्रतिस्पर्धा चलेको छ। खास प्रतिस

त यसमा कि– "कसले कति धेरै हिन्दूका बच्चाहरूलाई बोर्डिङ्गमा राखेर हिन्दूसंस्कार मिटाएर आफ्नो संस्कारमा ढाल्न सक्तछ ! भविष्यमा कत्रो जनसंख्यालाई, विनाधर्मान्तरण सजिलैसंग आफ्नो पक्षधर बनाउन सकिन्छ ? जसमा आफ्नो राजनीतिक भविष्य निर्भर छ। एकतिर त्यस किसिमको शिक्षाप्रसारबाट उनीहरूको स्वार्थ त्यसरी सिद्ध भएको छ र अर्कोतिर हिन्दूसंस्कार मिट्ता र पाश्चात्य भोगवादी संस्कार भरिंदा हाम्रा हिन्दूबालक बालिकाहरू उच्च शिक्षास्तरमा पुगेपछि Aids र Lesblian यस्ता यौनविकृति, डिस्कोडान्स, चरेस र हिरोइनजस्ता घातक अम्मलका शिकार भएर आफ्नो जातीय अस्तित्वलाई नै सम्झन नसक्ने भएर नेपालको हिन्दूजाति नै अस्तित्वहीन बन्दै गएकोले आफ्नो राजनीतिक आकांक्षापूर्ति भएको छ ! यो स्थितिमा सबै जनता खुशहाल छन् भन्ने यहाँको विचारलाई कहाँसम्म सहि ठानूं ! यो एक कुरा र अर्को कुरा– हिन्दूबस्तीहरूमाचाहिं परिवारनियोजनको कार्यक्रम ठूलो तदारुखताका साथ, आग्रहका साथ, बलात्कारका साथ, सरकारी भय र त्रासप्रदर्शनका साथ लागू गरिन्छ। ताकि हिन्दूहरूको जनसंख्या उत्तरोत्तर घट्तै जाओस्। यो स्थितिमा पनि जनता खुशहालै छन् भनेर मान्न सकिंदैन। जिल्ला अञ्चलका धनी मानीहरू सि.डि.ओ. र अञ्चलाधीशहरूलाई आफ्ना छोरी बुहारी र गहकिला उपहारहरू चढाएर मात्र टिक्न सकेका छन्। गरीब निमुखा जनताहरूलेचाहिं, मनले नमाने पनि अन्तको धेरै ज्याला-मजदूरी छोडेर भए पनि दिउँसोभर तिनका निवासस्थानको नोकरी-

चाकरी गर्नुपर्ने, वर्षातको वेलामाचाहिं रातभरि हातमा टर्चलाइट लिएर उनीहरूको निद्रा नबिथोलियोस् भनेर उनीहरूको निवासस्थानवरिपरि कराउने भ्यागुताहरू लगाउँदै हिंड्नुपर्ने ! यसरी चाकरी पुऱ्याएर, रिझाएर टिक्नुपर्ने ! यसरी चाकडी नपुऱ्याए के विझ्ना आइलाग्ने हो– जसले गर्दा ज्यानै जाने हो कि, कोर्रा खानुपर्ने हो कि, अन्न न पानी भएर थुनिनुपर्ने हो कि ! धनीमानी छभने सर्वस्वै हुने हो कि ! शङ्का गर्न थाल्नुपर्छ । यस्ता हजारौं चित्त नबुझेका अन्यायका कुराहरू छन्, कुनै कुरा लेख्न, बोल्न पाइंदैन । यो स्थितिमा, यो श्मशानशान्तिमा कसरी बुझ्ने ? जनता खुशहाल छन् कि छैनन् !। हो, यहाँले भनेको एउटै कुरा ठीक हो– प्रतिस्पर्धा छ । प्रतिस्पर्धा यसमा कि हिन्दूहरूका सुखी जीवनका सपनाहरू मेट्न र राष्ट्रिय संस्कृतिका भण्डारहरू ध्वस्त पार्न कसको सरकारले बढी करामात देखाउन सक्छ ! मुसलमानको कि क्रिश्चियनको !''

सचिव– ''ठाउँमा, प्रसङ्गमा किन बोल्न नपाउनु ? अरूले बोलेकै छन् नि !''

जितबहादुर– ''कहाँ पाइन्छ ? हिन्दूसंस्कृति र धर्मलाई प्रश्रय दिएर कसले कहाँ के बोल्न पाएको छ ? आफ्नो आँखाअगाडिको घटना बताइदिन्छु यहाँलाई– ''भर्खर बनारसबाट जाँच दिएर आएको बेला, महेन्द्ररत्नक्याम्पसमा वादविवादप्रतियोगिता छ, जाऔं भनेर साथीहरूले भन्दा म पनि सुन्न पुगेको । ''परिवर्तन

नै युगको स्वभाव हो, प्रगति हो" यस विषयमा साँखुको कृष्णबहादुर भन्नेले कहाँ के के परिवर्तन भयो भन्ने कुरामा बोल्यो, फेरि उसकै बूंदाहरूको समर्थन गरेर अर्को ध्रुव भन्नेले पनि बोल्यो। ती दुइटैले यो व्यवस्थालाई निन्दा गर्न बोलेको पनि होइन, ह्रास र पतन भएको हिन्दूसंस्कृतिलाई उठाउने उद्देश्य लिएर बोलेको पनि होइन। केवल परिवर्तनको यथार्थ व्याख्या गर्दा, उदाहरणहरू उपस्थापित गर्दा हिन्दूहरूको मनमा आफ्नो धर्मसंस्कृतिको ह्रास र पतनप्रति खेद, चिन्ता र प्रतिक्रियाका भावनाहरू सर्जन हुन सक्ने कुराचाहिं अवश्य थियो। त्यति बोलेको पनि यो सरकारलाई सह्य भएन। त्यसैले बोलेको एक घण्टा पनि भएको थिएन, फंक्सनै पनि पूरा भइ-सकेको थिएन, कसले कहाँ के सुराक दियो, एकदम तीन चार जना पुलिस आएर ती दुइलाई त्यहींबाट पक्रेर लगे। आज पूरा चार वर्ष भयो, तिनीहरूलाई कहाँ राखेको छ, कस्तो यातना दिएको छ, न वा मारि नै सकियो, केही पत्ता छैन। ती दुइ जना जीवित छन् भनेरचाहिं कसैले भन्न सकेको छैन"।

सचिव– "के भनेका थिए तिनले ?"।

जितबहादुरले भन्यो– "परिवर्तनका उदाहरणहरू दिएर तिनीहरूले भनेको, खास गरी साँखुको कृष्णबहादुरले भनेको यत्ति हो– "छाउनीमाथिको त्यो पहाडजस्तो टप्पूमा अघि ठूलो स्वयम्भू-चैत्य थियो रे, अहिले त्यहाँ सैनिकब्यारेक छ। चैत्यको नामनिशान छैन। भन्नचाहिं अहिले पनि स्वयम्भूब्यारेक भनिन्छ, तर खास स्वयम्भू भन्ने देवताचाहिं छैनन्। स्वयम्भू भन्ने ठाउँको नाम मात्र हुन

आयो। यही कुरा बूढानीलकण्ठमा पनि परेको छ। अहिले जुन बूढानीलकण्ठगिर्जाघर भन्ने भव्य विशाल गिर्जाघर बनेको छ, त्यहाँ अघि लम्पसार परेर सुतेका देवताको–देवताचाहिँ के हुन् ? शिवजी, ब्रम्हाजी, गणेशजी– कसैको मूर्ति थियो रे। त्यसलाई पुरेर त्यो गिर्जाघर बनाएको हो। बूढानीलकण्ठ भन्ने त्यही देवताको नाम हो, आज त्यो ठाउँको नाम हुन आयो। त्यस्तै पशुपति नाथ भन्ने त नेपालको नामी देवता रहेछन् अघि। तिनै पशुपतिनाथको मन्दिरको पनि कुरा गरौं– अघि त्यस मन्दिरको चारै ढोकाबाट भक्तहरू पशुपतिनाथको दर्शन गर्थे रे। गीता, चण्डी, भागवत आदि पाठ गरेर उनको पूजा गर्थे रे। अहिले त त्यस मन्दिरको दक्षिणतर्फको पेटीमैं जग हालेर विशाल मस्जिद बनेको हुनाले दक्षिणपट्टिको ढोका डचाम्मै छेकिएको छ। पश्चिमपट्टिको ढोकामा किन हो ? संधै ताल्चा मारिएको हुन्छ। पूर्व र उत्तरपट्टिका ढोका प्रायः खुलै हुन्छन्। तर त्यसभित्रचाहिं मस्जिदका कर्मचारीहरूले पकाउने, खाने, मालसामान राख्ने, सुत्ने इत्यादि व्यवस्था गरेका छन्। पशुपतिनाथ भन्नेकोचाहिं अहिले त्यहाँ मूर्तिसूर्ति केही छैन। देख्तै घिनलाग्दा अश्लील चित्रहरू भित्र भित्तामा टाँगिएका छन्। त्यस कारण यो सहि कुरा हो– "परिवर्तन नै युगको स्वभाव हो, प्रगति हो"। तिनीहरूले भनेको यत्ति हो। र अक्षरशः सत्य पनि हो। तर सत्य भनेर के गर्ने ?" तिनीहरूको कुरासम्म पनि उठाउन हुँदैन। यो स्थितिमा हामीलाई त चित्त दुख्छ तिनीहरूलाई सम्झदा भने उनीहरूका

नातेदार, इष्टमित्र पनि त जन्तै हुन्, यस घटनाबाट ती सब खुशहालै होलान् त ? वर्षेनि लखौं नेपालीहरू शरणार्थी बन्दै, भारत पस्तै गएको समाचार भारतीय पत्रिकाहरूले दिइरहेका छन्। ती खुशहालै भएर शरणार्थी बन्न बाध्य भएका होलान् ?"

जितबहादुरको घुंडामा हातले थप्की दिंदै मेघनाथ रूपाखेतीले भन्यो– "पर्ख न म भन्छु। हेर्नुहोस् सचिवजी, शरणार्थी भएर गएका नेपाली हिन्दूको गति मैले देखेको छु, मजफ्फरपुरस्टेसनमा। पच्चीस तीस परिवारको एक डफ्फा भएर गएका रहेछन्। बिचरा सबै जना स्टेसनको नाङ्गो भूईंमा गुन्द्रुक र सिध्रा भएर पसारिएका, लोग्नेमानिस न, आइमाई न, सबै निदाउरा, सबै रोएर चिच्याएर थाकेजस्ता ! तिनलाई देख्ता त मन थाम्न सकिंदैन, त्यसमाथि ती तिनका ससाना लालाबालाहरू दुब्लाएर घाँटी पनि छिन्न छिन्न आँटेका ! मैला झुत्रा ! तिनलाई देख्ता त छाती नै चिरा चिरा भइहाल्थ्यो, आँखाबाट आँसु चुहिहाल्थ्यो ! बिचरा ती बूढापाकाभन्नेहरूचाहिं हिन्दुस्थानमा आइपुगियो भन्ठानेर त्यहाँ स्टेसनमा जजसलाई देख्छन्, आफ्नो देशको बिहाल बताउंदा रहेछन्। टुटेफुटेको तिनको "गएका है र खाएका है" भन्ने भाकाको हिन्दी कसले बुझिदिनु ? खान नपाएका, झुत्रा झुत्रा लगाएका, आफ्ना जहान र बालबच्चा देखाएर, हात जोडेर भन्दारहेछन्– "हामी शरणार्थी ह्वौं, कहाँ काम पाइन्छ, खान पाइन्छ, शरण पाऔं !"। बिचरा तिनीहरूको गतिविधि हेर्दा इण्डीयासरकारको शरणार्थिसहायता लिन पाउन कहाँ पुग्नुपर्ने, कस्तो विधि अपनाउनु-

पर्ने हो, त्यहाँ नपुगिसक्तै, त्यो नबुझिसक्तै ती शरणार्थीहरूमध्ये आधा त के, तीन खण्डमा दुइ खण्ड त मरि नै सक्छन् जस्तो मलाई लागेको थियो । त्यसरी शरणार्थी बन्न बाध्य भएको जनता कताबाट खुशहाल हुने यो राक्षसी सत्ताबाट ?" ।

सचिव– "त्यसै भएर त मैले भनेको– मिलेर बस्न सक्नुपर्छ भनेर । नत्र... ।"

जितबहादुर– "केको नत्र सत्र । हामीप्रति समान भाव राख्ने, भ्रातृत्वको व्यबहार गर्ने, शिष्टताको प्रक्रिया अपनाउने भएमा न हामीले मिलेर बस्ने कुरा आउँछ ! यी मुसलमान र क्रिश्चियनहरूले त हामी हिन्दूहरूलाई दास र तल्लो वर्गको मान्छे नै हुन् भन्ने सम्झेका छन् ।"

सचिव– "त्यसरी यस्तो सम्झेका छन्, उस्तो सम्झेका छन् पनि भनिरहन हुँदैन । त्यसो भन्दा उनीहरूसंग झन् झन् टाढटाढा भइन्छ । त्यसो गरेर फाइदा छैन" ।

जितबहादुर– "फाइदा त आफ्नो अस्तित्व गुमाउन सके मात्र हुन्छ, हिन्दू र हिन्दूधर्म भनिरहुन्जेल फाइदाको त के कुरा ज्यानै गुम्ला भन्ने पनि डर भयो !" ।

सचिव– सानसाना कुरा जति बिर्सिदिन पनि सक्नुपर्‍यो । हिन्दूधर्म भन्दैमा ज्यान लिने भन्ने कुरा त कसरी...... ।

श्यामले जितबहादुरलाई सम्झाउँदै हाँस्तै भन्यो– "त्यसरी झट्ट ज्यान लिइदिइहाले त सजिलै हुन्थ्यो । केन्द्रीय पागलखानाको

वर्णन गरिदेऊन !। त्यहाँ थुनेर यातना दिई दिई हिन्दूहरूलाई कसरी मार्छन् भनेर।"

जितबहादुर- "हो, यिनीहरूको यातना-शिविर त सीमातीत डरलाग्दो छ- "केन्द्रीय पागलखाना"। जहाँ दिइने यातनाहरूको विवरण सुन्दा पनि मुटु काँप्तछ। यिनीहरूको निर्दयताको, क्रूरताको, बर्बरताको नग्न प्रदर्शन हो त्यो !। 'हिन्दूधर्म' भनेको अपराधमा ज्यान लिएका छैनन् ? यसैको निमित्त त त्यस्तो केन्द्रीय पागलखाना बनाइएको छ ! त्यहाँ परेका हिन्दूधर्म र संस्कृतिका कट्टर हिन्दूहरूलाई पागलहरूसंग एकै ठाउँमा कोचेर धेरै समय लगाएर तीव्र यातना दिएर मारिन्छ। जहाँ पसेपछि कुनै रोगको पनि औषधि गरिँदैन। आफ्ना कुनै मानिसलाई भेट्न दिइँदैन। जीवित रहेसम्म निक्लन पाइँदैन। खानाको हकमा- भूइँमा थालको आकारमा सिमेन्टले बनाएको खण्ड खण्डमा पस्किदिएको भात र कुलो झैं बगेर आएको, आफूनेर आइपुग्दा सबैले हात चोपलेर झिकेर जुठ्याएको, निथ्र्याएको दाल खाएर बस्नुपर्छ। खानाको व्यवस्था पनि दिनको यति पटक र यो समय र यति यति दिनमा भन्ने त्यहाँ नियम हुँदैन। कहिले दिनको दुइ पटक, कहिले एकै पटक, कहिले बिहान दश बजे, कहिले दिउँसो तीन बजे, कहिले दिन दिनै, कहिले एक दिन बिराएर ख्वाइन्छ, कहिल्यै पनि दुइ दिन एक नासको नियमसंग त्यहाँ ख्वाइँदैन। दिन दिनै नियमसंग त त्यहाँका बन्दीहरूलाई 'ह्याप्पिनेसपिल्स' मात्र ख्वाइन्छ। पहिले पहिले के के शङ्का गरेर खान मान्दैनन्। जब त्यहाँ कर्मचारीहरूले कोरै

लगाएर ख्वाइछोड्छन्, पछि यो बुझेपछि सबै बन्दीहरूले
स्वयं हात थापेर मागेर खाइदिने गर्छन् । त्यो खान
दृष्टिशक्ति, स्मरणशक्ति, पुंस्त्वशक्ति सब विस्तार विस
भएर जान्छ भनेर त्यो ख्वाइएको हो ।

त्यहाँका बन्दीहरूलाई यो सामान्य सजाय हो ।
कडा शत्रु मानिएका नैष्ठिक हिन्दूहरूलाईचाहिँ मरोस् बाँन्
छैन, निम्नलिखित सजायहरूमध्ये एक, अथवा दुइ, अ
सजाय दिइने चलन पनि छ—

१) कानमा फिर रोपिदिइन्छ अथवा तातो तेल खन्याइ
२) जिब्रो थुतिदिइन्छ ।
३) मुख सिइदिइन्छ र खानाहरू देखाएको देखायै गरेर,
राखेर मारिदिइन्छ ।
४) छाला काडेर नूनचूक लगाइदिइन्छ ।
५) (रूसमा) बाकिननूलाई जारसरकारले जेलमा थाम
भूइँमा टेक्न नदिएर सास्ती दिएझैं त्यही किसि
पनि थाममा बाँधेर राखिन्छ इत्यादि...। रौरव न
पनि डरलाग्दो त्यस्तो केन्द्रीय पागलखानामा
मध्येमा पनि भाग्यको कुरा छ । त्यो के भने– यहा
कुनै रोगको पनि उपचार गरिदैन । तर त्यहाँका
हरूलाई नै दिक्क पार्ने, दुःख दिने, घिन लाग्ने,
किसिमको रोग कसैलाई लाग्योभने त्यसको भाग्य
त्यसले त्यो कुनै पनि यातना खप्न पर्दैन । त्यस्ताको

दुइटा डाक्टर राखिएका छन् । तिनीहरूले त्यस्ता रोगीलाई विषको इन्जेक्सन दिएर तुरुन्तै मारिदिन्छन् । त्यस्ता यातना खपेर धेरैसमयसम्म बाँचेर मर्नुभन्दा त इन्जेक्सनले तुरुन्त मर्न पाउनेलाई भाग्यमानी भन्नैपर्‍यो ! अर्को कुरा– कृष्णाष्टमीको पर्व मनाउने भनेर इटंबहालमा भेला भएका दुइ तीन हजार जनतामाथि यो साम्प्रदायिक सरकारले गोली चलाएको, मकै भुटेसरि जनतालाई भुटेको, त्यस बापतमा विनाअर्डर नबुझीकन गोली चलाएको भन्ने कृत्रिम आरोप लगाएर एक जना डि. एस. पी. लाई जागिरबाट मुक्त गरिदिटोपलेको त्यत्रो हल्ला भएको कुरा पनि यहाँलाई थाह छैन ? दुनियाँले त विर्सन सक्ने कुरा छैन यो ! यति मात्र होइन एउटा सानो निहुँ पायोभने यो नृशंस साम्प्रदायिक सरकारले हिन्दूहरूका गाऊँका गाऊँ, बस्तीका बस्ती उजाड पार्छ, यो कुरा पनि दुनियाँले कहिल्यै विर्सदैन । अरू के ! यो नेपाल अधिराज्यभित्र अहिले हाम्रा राम, कृष्ण, बुद्धको जयन्ती मनाउन यहाँ सक्नु- हुन्छ ? हामीमाथि यो केको प्रतिशोध हो ? केको बदल लिलाइ हो यो ? विश्वका मानव जातिको यत्रो लम्वे इतिहासमा हिन्दूहरूले आफू कत्रै शक्तिशाली भएको वेलामा पनि हिन्दूइतर अरू कुनै जातिलाई बलात् हिन्दू बनाएर, अर्काको धर्मसंस्कृति नष्ट पारिदिएर, आफ्नो सङ्कीर्णता, क्षुद्रता, नीचताको यस्तै नग्न प्रदर्शन गरेको कुनै त्यस्तो एउटै प्रमाण छ यहाँसंग या कसैसंग ? हिन्दू जातिले त्यस्तो परद्रोह

कहिल्यै गर्छ ?, अनि केको बदला हो यो ? केवल उनीहरूको नीच नृशंस स्वभावको विज्ञापन होइन यो ?"।

श्याम– "हामी हिन्दूहरूको त आफ्नो मन्त्र पनि यही हो, अर्कालाई दिने मन्त्र पनि यही हो—

"श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः"

जितबहादुर– "हो, हाम्रो यो निष्पक्ष, अहिंसक, उदार धारणाले आज यो क्रूर सत्तामा प्रश्रय पाउँछ ?"।

सचिव– होइन, श्याम आफ्नै भाइ, तपाईंहरू भाइका साथीहरू, त्यसैले हित चाहेरै म भनिरहेको छु। यी यस्तै छन् भनेर जानेपछि समाजमा केही गरूँ भन्ने यहाँहरूजस्ताले यिनीहरूसंग झन् सम्बन्ध नराम्रो हुने कुरा नगरौं। हुन त मेरो सुझाव मात्र हो यो– "यी माथिल्ला वर्गका सचेत व्यक्तिहरूसंग मात्र सम्बन्ध राख्ने यस्ता धर्मसंस्कृति, दर्शन र राजनीतिक सिद्धान्तका मतभेदहरूमा आधारित वैर, विद्वेष र प्रतिक्रियाका भावनाहरू मनमै एकतिर राखेर साधारण जनताको हितको लागि कतिपय सकारात्मक रचनात्मक कार्यक्रमहरूलाई अघि सारेर, यिनीहरूसंग मिलेरै काम गर्नुपर्छ यहाँहरूले। अझ साँच्चि मनूभने काम गर्ने पनि यहाँ बसेर होइन, गाउँ गाउँमै गएर। जसको निमित्त काम गर्नु छ, तिनैकहाँ गएर, तिनैसंग भिजेर! त्यसो भए गाउँको सुधार भयो, देशको सुधार भयो!"।

गम्भीरमान्– "गाउँ गाउँमा हामी पस्ने होभने त हामीसंग आश गरेर आफ्नो दुःख देखाएर गाउँलेहरु रून्छन्, साँच्चै डाँको छोडेर रून्छन् हामीसंग। हामीचाहिँ उनीहरूको निमित्त केही गर्न सक्तैनौं। अनि तिनीहरूको आर्त चित्कार र क्रन्दन सुनेर, छाती चिरिएर आफैं रोएर, आफूले आफैंलाई धिक्कारेर फर्कनुपर्छ ?"

सचिवले आँखा फारेर, उत्कण्ठाको मुखमुद्रामा सोधे– "किन त्यसो गर्नुपर्ने ?"।

"लौ सुन्नुहोस् सचिवजी,"– गम्भीरमान्ले भन्यो– "जिल्लै-पिच्छे व्यारेक छन्। व्यारेक बसेका, जिल्लाका सबै गाउँहरूको किस्सा एउटै छ। म एउटा जिल्लामा आफ्नो नातेदार भेट्न गएको थिएँ। भेट्नु के थियो! रुवाउनु थियो, आफू पनि रोएरै फर्कनु थियो। त्यो गाउँमा व्यारेक रहेछ। अब त्यो गाउँको मालिक व्यारेक। गाउँका घर घरका मालिक सिपाहीहरु। घर सिपाहीको, कृषिफसल सिपाहीको, गाईभैंसी दुहुना के के छन्, ती सबै सिपाहीको, घरको श्रीसम्पत्तिको चलनचांजो सिपाहीहरूको, उमेरदार गृहिणीजति पनि सबै उनीहरूको! त्यसमा किन र कसो गर्नुभयोभने सिपाहीहरूले लाठीको प्रहार गरिहाल्छन्, त्यो मारचाहिँ बल्ल तपाईंको, बूठको कुल्चाइ पनि तपाईंको, यातनाजति तपाईंको! अझ बढ्ता केही विरोध गर्नुभयोभने जमीनको अँध्यारो गहिरो खाल्डो पनि तपाईंको! अब बुझ्नुभयो ? एक जिल्लाको मात्र कुरा होइन यो। जुन जिल्लामा जानुहोस्। गाउँलेहरूसंग भेटेर कुरा गर्छु भन्नु के हो भने– यही मर्मको कुरा सुन्नु हो,

रोएको हेर्नु हो, रोएर आउनु हो !। तिनीहरूको निम्ति के गरिदिन सक्छौं हामी ? तिनीहरूको न, हाम्रो ! पक्षमा न पुलिस छ, न सैनिक छ, न अड्डा छ, न अदालत ! सरकारको निर्देशनै यस्तै होला !– "त्यसैले हामी हिन्दूधर्मीहरूले आज यसरी आफ्नै देशमा निराश्रय, सदा भयकम्पित र प्रवासीसरह भएर बस्नुपरेको छ !"।

जितबहादुर– "यहाँले मिलेर बस्ने भन्नुभयो । आफ्नो अस्तित्व मिटाएर बस्नुलाई मिलेर बसेको भनिन्छ ? । त्यसलाई त मरेर गएको भनिन्छ। खलांतीले भैं सास फेरेकोलाई के बाँचेको छ भन्ने ? नरिसाउनुहोस् है, एउटै भाषा बोलिरहेछौं तापनि दृष्टि र दर्शनमा तपाइँ र म मङ्गल र पृथ्वीजत्तिकै टाढा छौं। मेरो विचारमा आत्मसंमान भएको कुनै पनि व्यक्ति त्यसरी बाँच्न चाहँदैन । जो त्यसरी बाँच्छ, त्यो हिन्दू नै होइन"।

कृत्रिम मुस्कानमा सचिवले भने– "विधर्मीहरूको सत्ताले हिन्दूत्वको तस्वीरलाई केही विकृत र धमिलो तुल्यायो भन्दैमा हिन्दूलाई अहिन्दू बनाउन सक्छ भन्ने कुरा पनि होइन, हिन्दूत्व भनेको मन र घरको निम्तिको मात्र कुरा हो, प्रदर्शनको लागि त्यो आवश्यक छ भन्ने कुरा पनि होइन। खास आवश्यकता त, के भित्र के बाहिर ! नेपालीत्वको मात्र हो । हामी त्यस्तो कट्टर हिन्दू हुन सकेनौं भन्दैमा हामीलाई नेपाली पनि होइनौ भन्न त सक्नुहुन्छ र ? हामीलाई अहिले व्यवहारको निमित्त त्यतिले पुगि पनि हालेकै छ !" ।

जितबहादुर– "विधर्मीहरूको सत्ताले हिन्दूत्वलाई नै मेटि-दिसक्यो । अनि त्यसको तस्वीर कहाँ छ र त्यसलाई विकृत तुल्यायो भन्नुभएको ? त्यसको कुरै छोडौं । यहाँले भन्नुभएको नेपालीत्वको आवश्यकताको कुरा पनि अब धेरै दिनको छैन । नेपालकै नाम मेट्ने छलफल विधायिकामा भइरहेको छ,– मुसलमानहरूको लागे नेपालको सट्टा 'हिमालिस्तान' भन्ने, क्रिश्चियनहरूको लागे 'कस्तूरीको देश' भन्ने । अनि कहाँबाट नेपाली भइरहनुहुन्छ र नेपालीत्व टिकिरहन्छ त ?"।

गम्भीरमान्– "अब दुइ चार वर्षपछि जन्मनेले नेपालको नाम पनि सुन्नेछैनन् । यस कुरामा कुनै शङ्का छैन"।

सचिव– "राज्यले नै, विधायिकाको बहुमतले नै देशको नाम बदल्छभने व्यक्तिले के गर्ने त ? नमान्ने कुरै छैन । व्यक्तिले राख्न हुने ठाउँमा पो कुनै कुराको आग्रह गरेर पोजिसन राख्ने त !"

गम्भीरमान्– "हो सबैको पोजिसन रहेको छ । अझ खास गरी हिन्दूहरूको पोजिसन त रहनसम्मै रहेको छ।"

जितबहादुर- "हिन्दूयुवतीजति फिलमका नर्तकी, हिन्दू केटाहरू मुसलमान र क्रिश्चियनहरूका होटेलका परिचारक ! अथवा घर र दूकानका दरबान ! यही हो हाम्रो व्यक्तिगत पोजिसन आजको ! यहाँहरूजस्ता दुइ चार जनाले कसरी पोजिसन राख्नुभएको छ, हामीलाई थाह छैन !"।

सचिव– "भोलि लोकतान्त्रिक महासभाको आमसभा छ, तपाईंहरूले मञ्चमा गएर पो चित्त नबुझेका कुरा गर्नुपऱ्यो त ! कोठामा कराएर के हुन्छ र ?"।

यादव– "त्यसो भए दुइ चार दिनभित्रै मुसलमानहरूको प्रजातान्त्रिक समाजको पनि आमसभा भइहाल्छ । यिनीहरूमा त त्यस्तो हानथाप संधै भइरहन्छ– एउटाले कुनै काम गऱ्योभने अर्कोले पनि तुरुन्तातुरुन्तै त्यो काम गरिहाल्नुपर्ने रहेछ । हामी मात्र पो मूर्दा भएर बसिरहेका छौं, केही काम नगरेर !"।

जितबहादुरले सचिवको मुख हेर्दै भन्यो– "तिनीहरूको मञ्चबाट हामी बोल्न पाउँदैनौं । कथंकदाचित् बोल्न दिएछन्भने, फेरि हामी पनि त्यो मञ्चबाट बोल्न जांदैनौं, चाहँदैनौं ।"

सचिव– "किन"।

जितबहादुर– "किन ? भन्ने प्रश्नबाटै बुझियो । यहाँले त तिनीहरूलाई पटक्कै चिन्नुभएको रहिन्छ । म चिनाइदिन्छु— "प्रजातन्त्रका खास दुश्मन, तर संधै प्रजातन्त्रको नारामा जीवन धान्दै आएका देशका गद्दार, घोर फटाहा तत्त्व भनेका तिनै हुन् । तिनीहरूको अस्तित्व रहेसम्म देश उद्‌तैन । तिनीहरूको चरित्र, प्रवृत्ति, उद्देश्य यस्तो हुन्छ—

१) तिनीहरू संधै प्रजातन्त्रको नारा दिन्छन्, तर त्यस नारामा अरू सच्चा प्रजातान्त्रिक तत्त्वहरूलाई प्रजातान्त्रिक नारा दिने कुरामा उछिन्ने र रोक्ने उद्देश्य मात्र राखिएको हुन्छ ।

२) तिनीहरू आफू र आफ्नो दललाई मात्र प्रजातान्त्रिक र देशभक्त भन्दछन् । अरूलाई गद्दार प्रतिक्रियावादी भन्छन् । वास्तवमा तिनीहरू नै गद्दार र प्रतिक्रियावादी हुन्छन् ।

३) तिनीहरू स्वयम् विदेशीहरूका दलाल हुन्छन् । तर तिनीहरू त्यही दोष आरोप पाइला पाइलामा अरू पार्टी र संगठनहरू-लाई दिने गर्छन् ।

४) झूटमुट प्रचार गरेर पनि जनताको दृष्टिमा संधै सक्रिय रहने तिनीहरूको प्रवृत्ति हुन्छ । तर त्यस सक्रियतामा पनि अरूलाई सक्रिय बन्न अवसर नदिने लक्ष्य मात्र राखिएको हुन्छ ।

५) तिनीहरू देशका प्रतिक्रियावादी अनुदार तत्त्वबाट र विदेशबाट संधै सहायताप्राप्त हुन्छन् । साधनको बलमा व्यापक प्रचार, संगठन गरेर जनतामा होहल्ला ल्याउन संधै सक्रिय पनि हुन्छन् ।

६) तिनीहरू कृत्रिम आफ्नो विरोधी पोजिसनलाई यथाशक्य बढाउने, त्यसद्वारा अरू दल र समूहहरूलाई पराभूत (तल पार्ने) गर्ने र खास प्रतिक्रियावादी तत्त्वलाई अरू गतिशील तत्त्वहरूको आक्रमणबाट बचाइदिने इत्यादि प्रच्छन्न निन्दित कामहरू गरेर विरोधी पोजिसनबाट चाकडी पुऱ्याउने कूटनीतिक काममा ज्यादै दक्ष हुन्छन् ।

७) पद र पैसामा तिनीहरू ज्यादै आसक्त हुन्छन् । हामी सत्ताका अधिकारी र हिस्सेदार ह्वौं भन्ने संधै तिनीहरूको दावी हुन्छ ।

८) तिनीहरूको आफ्नो धर्म, संस्कृति भन्ने कुनै कुरा हुँदैन। तिनीहरू पशुवत् भएर संधै भौतिक आकांक्षाभित्र मात्र सीमित हुन्छन् र यौनस्वातन्त्रयका र तदनुरूप अरू व्यवहारका पक्षधर हुन्छन्।

९) कथंकदाचित् सत्तामा पुगिहालेभने तिनीहरू निम्नप्रकारका काम गर्दछन्—

क) आँखा चिम्लेर आर्थिक भ्रष्टाचार गर्छन्।

ख) सत्ताको अवसरलाई विदेशी रिझाउने स्वर्णअवसर सम्झन्छन्।

ग) देशको स्वार्थ र हितलाई कुल्चन्छन्।

घ) धर्म र संस्कृतिको जरा काट्छन्।

ङ) खास प्रजातान्त्रिक तत्त्व र प्रगतिशील तत्त्वहरूलाई दमन गर्छन् र जेलको कष्टयातना दिन्छन्।

च) राज्यका हरेक अङ्गमा दलगत प्रभाव र आक्रमण पुऱ्याएर निम्नलिखित काम गर्छन्—

१) तिनीहरूको दलमा नभएको कुनै पनि विसमर्थक व्यक्तिलाई कुनै पनि मुद्दामामिला जित्न दिंदैनन्।

२) जागीर दिंदैनन्।

३) प्रमोशन दिंदैनन्।

४) कुनै लोकोत्तर वा असाधारण गुण देखाएर प्रसिद्धि, पदक वा पुरस्कार प्राप्त गर्न दिंदैनन्।

५) कुनै बैंक वा सरकारी निकायबाट पाउनैपर्ने वाणिज्यसुविधा वा कुनै सहायता लिन दिदैनन् ।

६) सत्ताभित्र भए नाना भ्रष्टाचार, सांस्कृतिक अनाचार, नातावाद, कृपावादलाई प्रश्रय दिएर, बाहिर भए प्रजातान्त्रिकताको नकाब लगाएर अनेक आतङ्कको वातावरण–सर्जन गरेर देशलाई संधै अस्वस्थ बनाइरहन्छन् ।

७) सीमातीत कृतघ्न र मानवताका शत्रु भएकोले आफ्नो सङ्कीर्ण स्वार्थसिद्धिको लागि आफ्नै साथीभाइहरूउपर पनि विश्वासघात गरेर तिनीहरूलाई मार्ने मराउने नृशंस काम गरिरहन्छन् ।

सचिव– "राजनीतिक तत्त्वहरूमा परस्पर यस्तो हिलोछेपाछेप भइरहन्छ । अरू तटस्थ पर्यवेक्षकहरूलाई पो सन्देह भयो– "कसको कुरा विश्वसनीय, कसको अविश्वसनीय ? भनेर ।"

जितबहादुर– "आत्मसम्मान भएका पर्यवेक्षकहरूसंग त्यति छुटयाउने विवेक भइ नै हाल्छ । तटस्थता नभएपछि मात्र त्यो विवेक नआउने हो ! यहि कुरा सबैले बुझ्दछन् !"

जितबहादुरको उत्तरले सचिवलाई अवाक् तुल्यायो । उनको मुख नै निस्तेज भयो । 'के गरी उठेर भागूं ?'– यस्तो मनःस्थिति भएको वेलामा भाग्यले कुरा छल्ने, प्रसङ्ग बदल्ने अवसर उनलाई

पर्न आयो– नव्वे वर्षकी श्यामकी हजुरआमा– जसलाई सबैँले टोलछिमेकमा बूढी बज्यै, बूढी बज्यै भन्दथे,– भित्र पसिन् र सचिवसंग कुरा गर्न थालिन्। बूढी बज्यैँलाई देख्नेबित्तिकै नमस्कार गर्दै सचिवले सोधे– "आरामै हुनुहुन्छ हजुरआमा !"।

"यो गति छ, के आराम भन्नु ! सकी नसकी तल माथि गर्दै छु, बाबु। अनि दुलही, केटाकेटीहरूलाई कस्तो छ बाबु !"

"सञ्चै छन् हजुरआमा !"

"बाबु आएका छौ भनेर एउटा कुरा सोध्न म भित्र पसेकी बाबु !"

"के कुरा हो, हजुरआमा !"

"छोरा, नाति कसैले पनि घरमा पटक्कै कुरा उठाउन दिदैनन्, एउटा सप्ताह सुन्ने सारै धोको थियो। कसो गरूँ बाबु ! एउटा निवेदन दिएर सप्ताह लगाउन पाइन्थ्यो कि ? त्यही सोधूँ भनेर"।

"तपाइँको कुरा मैले बुझेँ हजुरआमा !। भो, यो कुरा छोडिदिनुहोस्। यत्रो इच्छा भित्रैबाट गरेपछि, ईश्वर रहेछन्भने, सप्ता सुनेर हुने धर्म तपाईँले पाइसक्नुभयो अब। तपाईँले सप्ता लगाउनैपर्दैन। अर्को कुरा– अब सप्ता लगाउने जमाना छैन। किनभने अब तपाईँ सप्ता भनिदिने पुरेतसम्म पनि यो देशमा पाउनुहुन्न। न त सप्ता भन्ने पुस्तक रामायण, महाभारत के के हो, त्योसम्म पनि बजारमा पाउनुहुन्छ ! त्यो जुगै छैन अब। घरभित्र सप्ता लगाउन नपाइने भनेर कानूनमा कहाँ भनिएको छ

र निवेदन दिने ?, त्यो कुरा त होइन । अहिलेको समाजमा मिलेर बस्नुपर्छ, यस्ता पुराना रूढिबूढीका काम कता गर्नु ? भन्ने भाइहरूको भनाइ होला । त्यो पनि समय हेरी विचार पुऱ्याएकै कुरा हो । छोडिदिनुहोस् यी कुरा !"

बूढी बज्यै– "लौ, हुँदैनभने के जिद्दी गरूँ ? बूढी मान्छे कतै जान पनि सक्तिन । मन पनि लाग्दैन बाबु ! जताततै गल्लीमा लक्ष्मी गाईलाई काटेर, टुक्र्याएर बेचिरहेका हुन्छन् । त्यस्तो देख्न पर्छ । पशुपति, गुजेश्वरी, बूढानीलकण्ठ, दक्षिणकाली कुनै देवता छैनन्, दर्शन गर्न जाऊँभने ! राम, कृष्ण, बुद्धका तस्वीर भित्तामा थिए, सबेरै उठेर दर्शन गर्थें, त्यो पनि झिकेर लुकाइदिए ! यी छोरानातिलाई पनि के दोष दिऊँ बाबु ! अलि अलि त सुनेकै भरमा मैले पनि बुझिसकेकी छु– "कता हो कुश्नि, दश पन्ध्र जना बाहुन मिलेर चण्डी, रुद्री पाठ गरेका रे । पुलिसले आएर लठ्ठीले हानेर सबैको टाउको फोरिदियो रे । ती बाहुनहरू रक्ताम्मे भएर भाग्न सक्ने जति भागे रे । भाग्न, दौड्न पनि नसक्ने बूढा बूढाचाहिं विचरा लगलग कामेर हात जोरेर 'विरायौं' माफ पाऔं भन्दै भित्तामा टाँसिएर बसे रे । यस्तो सुनिरहनुभन्दा त बरु छिटो मर्न पाए हुन्थ्यो । भनेको बेला काल पनि आउँदो रहिन्छ । पहिले पहिले कस्ता दिन काटेर आइयो, सम्झँदा । अहिलेको यो कस्तो पापी जुगमा बाँचिरहनुपऱ्यो ? बाबु !, दिक्क लाग्छ । आज कति कामले त बाबु !" ।

"म त गोबिन्दलाई भेटूं भनेर आएको, माथि उक्लेकै छैन। मटानमा गफ गरिरहेको देखेर पसेको, अब जान्छु माथि"।

बूढी बज्यै– "ए साँचि त, सोधूंला भनेको झण्डै बिर्सेको, आजकल केही सम्झन्न बाबु ! अनि हाँडीगाऊँ, नाति दामोदरको घरको हालचाल कस्तो छ नि बाबु ! सन्चै छन् ?"

"सञ्चै छन् हजुरआमा !"– सचिवले श्यामतिर फर्केर भन्यो– "अस्ति मुकुन्द अमेरिकाबाट डाक्टर भएर फर्कियो भनेर त्यसको खुशियालीमा ठूलै भोज लगाएका थिए। तिमीहरूलाई पनि बोलाएको थियो रे। नगएकोमा निकै गुनासो गर्थ्यो दामोदरले। किन नगइदिएको श्याम !। जानुपर्थ्यो, आफ्ना मानिस भनेका यिनै हुन् !।"

श्याम– "त्यो अरू कुराले होइन। त्यो दिन मलाई अलि सञ्चो पनि भएन। त्यसपछि पनि गएको भए हुन्थ्यो, जान पाएको छैन।"

बूढी बज्यै– "जेसुकै भनून् बाबु ! पैसा पाइन्छ भनेर मुसलमानलाई छोरी दिन हुन्छ त ? यिनीहरू पनि त्यसैले नगएका बाबु ! चालिस लाख पाएका रे, पचास लाख पाएका रे भन्छन्। मरेपछिको कुरा पनि त हेर्नुपर्‍यो नि। अहिले मात्रै पाएँ र खाएँ भनेर हुन्छ र ?"

सचिवले हाँस्तै भन्यो– "त्यसै भएर त, त्यति मात्र होइन, तिनीहरूका छोरा नाति सब अहिले बैंकमा जागीरे पनि भैसके। उनीहरूको सबैतिर अहिले राम्रो छ"।

बूढी बज्यै– "त्यसरो छोरी नदेच्नेले पनि अघि बैंकको जागीर खा'कै थिए, अझ पनि कसै कसैले खाइरहेकै होलान् ।"

सचिव– "कहाँ खान्छन् भन्नुभएको ? अघिको जस्तो नेपालीहरूका बैंक छन् र यहाँ ? यहाँ त अहिले इरानका, इराकका, कुवैतका, फ्रान्सका, ब्रिटेनका, अमेरिकाका गरेर तेह्र ओटा बैंक छन्, खाली विदेशीहरूकै मात्र । त्यहाँ जागीर खान पाउन त...!"

जितबहादुरले बीचैमा कुरा काटेर भन्यो– कि छोरी दिएर नाता लगाएको हुनुपर्‍यो, कि धर्मान्तरण गरेको हुनुपर्‍यो, कि उनीहरूको निम्ति जासूसी काम गरिदिएको हुनुपर्‍यो !"

गम्भीरमान्– "बैंकको मात्र कुरा होइन, जति पनि उद्योग र वाणिज्यका संस्थानहरू छन्, सरकारी निकायहरू छन्, अहिले कहीं कतै पनि नेपालीहरूको हात छैन । जता पस्न पनि त्यस्तै सूत्र चाहिन्छ" ।

सचिव– "अहिलेको काल नै त्यस्तै आयो हजुरआमा ! नत्र मानिस बाँच्नै नसक्ने हुँदै गयो, के गर्ने ?"

बूढी बज्यै– "लौ म त के गर्ने भनौं !"

४

भोलिपल्ट, शनिवारको दिन, बिहान साढे सात बजे । जितबहादुर, जनक, गम्भीरमान्, गोपाल, यादव सबै अहमद्दीनको घरमा पुगे । मि. अहमद्दीनको घरको परिच भूइंबैठक खोलिदियो, सबैलाई कुर्सीमा बसिरहन अनुरोध मि. अहमद्दीनलाई खबर दिन गयो । खबर पाउनेबित्ति अहमद्दीनले तल ओर्लेर विनय एवं आदरका साथ श्यामह भने– "एकछिन बस्नुहोस् है । म नमाज पढेर आइहाल्छु

श्यामहरूले हत्तपत्त उठेर नमस्कार गर्दै एक भने– "हवस् हवस्" ।

कुर्सीअगाडि टेबुलमा अखबारहरू थिए । त्यो पढेर आ गफ गर्दा श्यामहरूलाई समय बितेको थाहै भएन । मिष्टर अह नमाज पढिसकेर आए र एउटा कुर्सीमा बसेर सबैलाई मुद्रामा हेर्दै भने– "भाइहरू कताबाट, किन ? यहाँ परिचय ?" ।

श्यामले उठेर सबैको परिचय दिंदै भन्यो– "वहाँ गो बज्राचार्य, घर– काठमाण्डू नै हो । वहाँ जनककुमार

घर– पल्लो किरात। वहाँ गम्भीरमान् गुरूङ्ग, घर– गोर्खा, वार्पाक। वहाँ यादवप्रसाद मिश्र, घर– जनकपुर, धनुषा। वहाँ जितबहादुर श्रेष्ठ, घर– काठमाण्डू नै हो। मेरो नाम श्यामप्रसाद अर्जेल, घर– धादिङ्ग, यहाँ कालीमाटीमा पनि घर छ। हामी सबैले वाराणसीबाट पोलिटिकल साइन्समा एम्. ए. गरेका ह्रौं। हामीले बाहिरैबाट र भित्रै आएर पनि देशको वर्तमान स्थितिको केही अध्ययन गर्‍यौं। विधायिकाको निमित्त हाल निर्वाचित व्यक्तिहरूमध्येमा जनताको आशाकेन्द्र त केवल यहाँ नै हुनुहुन्छ भन्ठानेर यहाँको सफलतामा हर्ष र आनन्द मानेका छौं र यहाँलाई अभिनन्दन पनि गरौं भनेर हामी आइरहेका छौं। हाम्रो हार्दिक प्रार्थना छ– "नेपाल र नेपालीको अभ्युदयको लागि यहाँको उन्नति होस्, जय होस् !"।

मि. अहमद्दीन– "धन्यवाद, धन्यवाद ! ज्यादै खुशी लाग्यो। राजनीतिशास्त्रका एम्. ए. नौजवानहरू देख्ता झन् खुशी लाग्यो। तर भाइहरूले मलाई जनताको आशाकेन्द्र भनेर जो भन्नुभयो, त्यो यहाँ मिल्दैन। नेपाल र नेपालीत्वको गर्व लिने, सर्वधर्मसमभावको सिद्धान्त मान्ने हामीहरूजस्तामाथि वर्तमान शासकहरूको राम्रो आँखै छैन। यिनीहरू सब विदेशीका एजेन्टहरू हुन्। यस्ता तत्त्व पसेर, साम्प्रदायिक प्रतिशोध गरेर, अनेक भ्रष्टाचार गरेर देशलाई नरक बनाइसकेका छन्, डूबाइसकेका छन्। यस्ता तत्त्वहरूसंग नीति मिल्ने कुरा यसै भएन। नीति नै नमिलेपछि सर्कारमा पस्न उनीहरूले मसंग सहयोग लिने कुरा पनि भएन, पसिदिएर मैले

सहयोग दिने कुरा पनि भएन। यो स्थितिमा जनताको आशाकेन्द्र बन्न सक्ने सम्भावना पनि मेरो कसरी होस्! जो भन्नुभयो, त्यो त यहाँहरूको सद्भावना हो!"।

श्याम– "भोलि के हुन्छ, यो त भन्न सकिने कुरा होइन। तर हामीले पनि सुनेको र कुनै कुनै अखबारले पनि प्रचारमा ल्याएको कुरा हुनाले हामीलाई अलि बढ्ता आशा लागेको हो– "अब दुइ पार्टीको संयुक्त सरकार बन्दछ। दुइटै पार्टीका सदस्य मन्त्रीहरूलाई व्यक्तित्वले किचेर, दुइटैमा सामञ्जस्य स्थापित गराएर, सरकार चलाइरहन सक्ने व्यक्तित्व वर्तमान विधायिकामा यहाँ मात्रै भएकोले प्रधान मन्त्रीचाहिं यहाँलाई नै बनाउने भन्ने कुरा दुइटै पार्टीको आ–आफ्नो मिटिङ्गमा उठेको छ रे भन्ने सुनेर हामीलाई ज्यादै हर्ष पनि, आशा पनि लागेको हो। जे होस् त्यति भइदिए देशको यो नारकीय व्यवस्थाको धाँजो अलि फाट्ने थियो कि भन्ने लागेको!। नत्र ज्यादै कष्ट, असह्य कष्ट भोग्नुपर्‍यो!"।

मि. अहमद्दीन– "होइन, त्यस्तो के कष्ट भोग्नुपर्‍यो? भन्नुहोस् न। मैले गर्न सक्ने कुरा भए सहयोग गर्छु नि!"

श्याम– "यति आश्वासन पाउँदा पनि हामीलाई लाख लाख भयो। महाशय, हामी हिन्दूजातिले त बाँच्ने नै कतै ठाउँ रहेन।"

मि. अहमद्दीन– "'हामी हिन्दूजातिले' भनेर किन भन्नु-हुन्छ? साम्प्रदायिक दृष्टिले हिन्दू मात्र देख्छ र?। सिया भए

सुन्नीलाई पनि देख्छ, प्रोटेस्टेन्ट भए रोमन क्याथोलिकलाई पनि देख्छ, शैव भए वैष्णवलाई पनि देख्छ । सम्प्रदाय कहाँ छैनन, जता पनि छन् । त्यो कसलाई थाह छैन ? भए पनि आफ्नो प्रवृत्तिलाई कतातिर लगाउने ? क्षुद्र, सङ्कीर्ण साम्प्रदायिक कलह झिकेर राष्ट्र र विश्वैलाई नरक बनाउने बाटोतिर लगाउने कि, उदार विश्वात्मभावना लिएर स्वर्ग बनाउने बाटोतिर लगाउने ! विवेक गर्नुपर्ने कुरा यत्ति हो । मानवजातिको निमित्त साम्प्रदायिकताको रोगभन्दा मारक रोग अर्को छंदै छैन ! यिनले त देशलाई नरक बनाइसकेका छन् भनेर मैले अघि नै भनिसकें नि !"।

श्याम– "त्यसैले हजुरको उदयको आशा गरेका हामीहरूले!। किनकि अखवारले पनि लेखे, अरूको मुखबाट पनि सुनियो"।

मि. अहमद्दीन– "हो, त्यो त । दुइ पार्टीबीच सामञ्जस्य बनाइराख्न यिनीहरूले आँट गर्न सकेका छैनन् । यही दृष्टिकोणले मलाई जस्तै बसन्त राईलाई प्रधान मन्त्री बनाउने भन्ने पनि कुरा चलेको छ रे । म त ज्यादै बूढो पनि भइसकें । मबाट भनेजस्तो काम हुन पनि सक्तैन । मेरो र बसन्त राईजीको सिद्धान्त र दर्शन एउटै हो । उनी बाबुबाज्येको पालादेखि नै भारतका प्रवासी हुन् । स्वदेशप्रेमले नेपाल आएका । कट्टर राष्ट्रवादी छन् । बाबुबाज्येदेखि नै क्रिश्चियन भएर आएका रहेछन् । क्रिश्चियन भए पनि साक्षात् विश्ववन्द्य ईसाजस्तै विशाल हृदयका छन् । उनी पनि मजस्तै आफ्ना धर्मका ज्यादै कट्टर छन् । तपाइँहरू जानुभयोभने पनि,

आफूभन्दा सानालाई आफ्नो धर्ममा कट्टर हुने शिक्षा दिन्छन्
नास्तिक भनेपछि कत्ति मन पराउँदैनन् । जानुहोस् न तपाईंहरू
उनीकहाँ । ज्यादै स्नेह गर्छन, । भेंपरिआए चाहिंदो सहयो
गर्छन् । उनीमाथि त मेरो ज्यादै श्रद्धा छ । म पनि भनिदिउँला
उनी सत्तामा आएछन्भने तपाईंहरूलाई ज्यादै मद्दत हुन्छ । यस्त
नौजवानहरू भएर चूप लागेर बस्न हुँदैन । देश डूबिसक्यो । का
गर्नुपर्‍यो । उत्साह जाँगर झिक्नुहोस् । हामी बूढाहरूको
आश ! संगठन गर्नुहोस् । आफ्नो उदार विशाल हिन्दूधर्मका अ
सन्देशहरू सुनाएर जनतामा प्रभाव पार्नुहोस् । निर्वाचन लड्नुहो
विधायिकामा स्वयं आउनुहोस् । नौजवानहरूले देशको निर्मि
काम गर्नुपर्छ ! बरू फोन नगरी यसरी आउँदा आज मैले स
अरू दिन सकिन । त्यसैले अब आउँदा फोनबाट समय मिला
आउनुहोला र शुक्रवारचाहिं प्रायः म भेटिन्न । किनभने त्यो
म मस्जिदतिरै बिताउँछु । लौ त, ऊः फोनबाट समय मिल
आउनुभएका मानिसहरू बाहिर आइसक्नुभयो । कुराइ
भएन !"

"हवस् हवस्, नमस्कार नमस्कार ! धेरै समय लिएर
दियौं, क्षमा रहोस् भनेर, नमस्कार गरेर श्यामहरू निस्के ।
आगन्तुकहरू फेरि भित्र पसे ।

५

कालीमाटी, श्यामको घर । सबैको हातमा चियाको कप । श्यामले साथीहरूलाई हर्षपूर्ण मुखमुद्रामा भन्यो– "अहमद्दीनजीको आडमा हामीले एउटा संगठन तयार गर्न थाल्नुपऱ्यो । त्यो संगठनले विधायिकामा अहमद्दीनजीको पोजिसनलाई पनि बलियो बनाउँछ, हाम्रो भविष्यनिर्माणको स्वप्नलाई पनि पूरा गरिदिन्छ । यही लाइन ठीक छ, हैन त ?" ।

सबैले भने– "ठीक छ, बिल्कुल ठीक छ !" ।

गम्भीरमान्– "जातको मुसलमान भनेर हुन्छ ? कति उदार हृदयका मानिस रहेछन्‌भने ! मलाई त ज्यादै श्रद्धा लाग्यो" ।

श्याम– "अरे भाइ, कुन जातमा महात्मा, महामानव, महामना व्यक्ति छैनन् ?, त्यस्तै कुन जातमा दुष्ट, क्रूर, पिशाच, दानव हृदयका साम्प्रदायिक तत्त्व पनि छैनन् ? यो संसार हो समुद्र हो !" ।

जितबहादुर– "हो त नि ! क्रिश्चियनमा पनि त बसन्त राई त्यस्तै श्रद्धेय व्यक्तित्व रहेछन् नि ! अहमद्दीनजीले कति प्रशंसा गरे

उनको ? तर श्याम, मिष्टर अहमद्दीनले बसन्त राईको प्रशंसाको क्रममा "मजस्तै आफ्नो धर्ममा कट्टर छन्" भनेका थिए, सम्झन्छौं ?" ।

श्याम– "हो, सम्झन्छु" ।

जितबहादुर– "मैले यो प्वाइन्ट किन सम्झेको भने– 'आफ्नो धर्ममा कट्टर नभएको व्यक्तिको दुनियाँमा कतै कदर हुँदो रहिन्छ भन्ने कुरा यसबाट बुझ्नुपर्‍यो हामीले ! हो कि होइन ?" ।

श्याम– "त्यो त अवश्य हो । सुन– समाजमा मानिस चारथरिका देखिन्छन्—

१) कुनै पनि धर्म नमान्ने ।

२) अर्काको धर्ममा विश्वास गर्ने ।

३) आफ्नै धर्म मान्ने तर त्यसमा कट्टर नहुने ।

४) आफ्नो धर्ममा कट्टर भएर बस्ने ।

यिनीहरूमध्ये पहिलो कुनै पनि धर्म नमान्ने भनेको के हो ? भने त्यस व्यक्तिले कुनै पनि उच्चस्तरीय सामाजिक व्यवस्थापनलाई मान्दैन भनेको हो । आहार, निद्रा, भय र मैथुनको मात्र सीमित आकांक्षाको, धर्मचेतना शून्य भएको त्यस व्यक्तिको उपमा साँढेलाई दिए हुन्छ, जो खानको लागि मात्र अनियन्त्रित, असंयत भएर घुमिरहन्छ । कसैलाई गन्दैन । आफूमै अहङ्कारले फुलिरहन्छ । नजीक परेका निर्धा, दुब्लालाई मिचेर हिंड्छ र हात्ती पनि बेर लाउँदैन ।

दोस्रो, अर्काको धर्ममा विश्वास गर्ने भनेको के हो ? भने "सबै धर्मको सारतत्त्व एउटै हुन्छ" भन्ने तथ्य नबुझेर, आफ्नो पितापुर्खाको धर्मलाई वृथा अपमान गरेर, अर्काको धर्ममा विश्वास गर्न पुग्ने मूर्ख व्यक्ति हो भनेको हो। आफ्नो धर्मलाई त बुझ्दैन छोड्छभने अर्काको धर्मलाई झन् के बुझ्छ त्यसले ? यसैले पनि त्यो समाजको हास्यास्पद मूर्ख, महामूर्ख हो। अथवा बुझी बुझीकन पनि केवल एक पेटको लाद्रो भर्न मात्र त्यसले धर्मान्तरण गरेको रहेछ भन्नुपर्दछ। अरू के भन्नु त्यसलाई ?।

तेस्रो, आफ्नो धर्म मान्ने तर कट्टर नहुने भनेको के हो ? भने त्यो व्यक्ति स्वाभिमान नभएको हिनामी हो भनेको हो। सिङ्ग भई भईकन आफूभन्दा साना बाच्छाहरूसंग पनि डराएर तर्कने कुनै कुनै गाईगोरु हुन्छन्, त्यो त्यस्तै प्रकृतिको मान्छे हो। त्यस्ता प्रकृतिका मान्छेको देखल व्यवहार निम्नप्रकारका हुन्छन्—

१) त्यस्ता व्यक्ति आफ्नो घरभित्र देवताको पूजाआजा गरेर टीका लगाएर पनि अरूमिल्दो हुन टीका पुछेर मात्र बाहिर निस्कन्छन्।

२) कतै धार्मिक प्रसङ्ग उठ्योभने आफ्नो धर्मप्रति आग्रह देखाउँदैनन् र समाजमा उदार देखिएँ भनेर भ्रम गर्छन्।

३) आफ्नो धर्मको कसैले निन्दा, आलोचना गर्‍योभने, त्यसको प्रतिवाद गर्दैनन् र 'अहिलेको युगमा धर्मको सङ्कीर्ण प्रसङ्ग उठाएर के काम ?' भनेर आफ्नो धर्मको विशालताको अवमूल्यन गरेर 'समाजमा असङ्कीर्ण दर्शन भएको व्यक्तिको

रूपमा देखा परें' भनेर महाभ्रम गर्छन् । वास्तव अरूको दृष्टिबाट गिरेका हुन्छन् ।

४) विधर्मीहरूले आफ्नो धर्मको महत्ता र आग्रह देखाएभने भित्र मनमा चित्त नबुझे पनि त्यस आग्रहलाई स्वीकार गर्छन्, वा 'मौनं संमतिलक्षणम्' को भावाभिव्यक्ति गर्छन् ।

५) आफ्नो धर्ममा अभिमान, ममता र आग्रह राख्ने स्वधर्मीहरूलाई समेत तटस्थ र निराग्रही बन्न उपदेश गरेर आफ्नो हास्यास्पद, निःसाहस, सिद्धान्तहीन बुजुगपनको प्रदर्शन गर्छन् ।

सारांश के भने– अपरिचित मानिसको मुख देख्तै तर्सेर लुक्ने, डरपोक, लाटोग्वांग्रोलाई कुर्नं राखेर गृहसम्पत्तिरक्षाको आश गर्नु र यस्ता तेस्रा प्रकृतिका आग्रहहीन बुजदिल व्यक्तिलाई पात्र सम्झेर स्वधर्मरक्षाको आश गर्नु एउटै कुरा हो । राजा विक्रमादित्यका सभाका नव रत्नमध्येका एक प्रकाण्ड विद्वान् अमरसिंहले 'तृतीयाप्रकृति' भनेर नामकरण गरेका नपुंसक यिनै तेस्रो उल्लेखमा परेका मानवाकार जन्तुहरू हुन् ।

अब रह्यो चौथो किसिमको मानिसको कुरा । अर्थात् आफ्नो धर्ममा कट्टर भएर बस्ने मानिसको कुरा । आफ्नो धर्ममा कट्टर भएर बस्ने भनेको के होभने– आफ्नो मौलिक दर्शन र सिद्धान्त भएको समुद्रजस्तो गम्भीर र दुर्धर्ष, हिमालजस्तो उच्च र दृढनिष्ठ प्रकृतिको मानिस हो भनेको हो । त्यस्तो प्रकृतिका भए पनि कोही विद्वान् प्रतिभावान् र इच्छुक छन्भने आफ्ना यी अमूल्य

गुणहरूलाई बाहिर व्यक्त गर्न सक्छन्, कोही त्यस्ता छैनन् भने व्यक्त गर्न सक्तैनन् पनि, त्यो कुराचाहिं अर्कै हो। जे होस् त्यस्तै व्यक्तित्वहरूबाट देश, जाति, धर्म र संस्कृति आदि राष्ट्रका शाश्वत मूल्यहरूको संरक्षण र प्रतिष्ठासंवर्धन हुन्छ।

जितबहादुर– हो, त्यसैले त हामीले पनि आफ्नो धर्मप्रति मनसा वाचा कर्मणा त्यो कट्टरता बर्तिनैपऱ्यो र त्यसलाई आफ्नो जीवन, सर्वस्व र गौरव मान्नुपऱ्यो। मैले किन कर्मणा पनि भनेको भने– हामी भेट्न जाँदा मिष्टर अहमद्दीनचाहिं "एकै छिन पर्खनुहोस् है, म नमाज पढेर आइहाल्छु" भन्दछन्। हिन्दूत्वमा गर्व राख्ने भनाउँदा हामीहरूचाहिं पहिले ओछ्यानमै चिया पिएर, पछिबाट एक मुठी पानीले मुख पुछेर उनीकहाँ पुग्छौं। त्यो पनि पाठपूजा गर्नुपर्ने बिहानको साढे सात आठको समयमा ! । मलाई कस्तो नराम्रो लाग्यो ! "आफ्नो पाठपूजा सकेर तपाईंहरू आउनु-भएको हो ?" भनेर उनले सोधिदिएको भए हामीले केचाहिं जवाफ दिन्थ्यौंहोला ? हाम्रो पनि त पूजापाठ हुँदो हो नि, ! खै, त्यो ?। विचार गर्दा त, (हामीलाई हाम्रा अभिभावकहरूले नै संस्कृत नपढाइदिएर साँच्चै पशु भनौं कि, अन्धो भनौं कि, कर्तव्यचेतनाशून्य भनौं कि बनाइदिएका रहेछन् !) हामी हिन्दुहरूले नै आफ्नो हिन्दूत्वको ह्रास र पतन गराइरहेका रहेछौं। दुनियाँमा स्वयं धर्मच्युत भएर पतन भएका त हामी हिन्दू मात्र रहेछौं ! मि. अहमद्दीनकहाँ पुगेर आएदेखि मलाई त आफैंप्रति यस्तो घृणा लाग्न थाल्यो !"

यादव– "मिस्टर अहमद्दीनको मुखबाट बखन्त राईको पनि निष्ठाकर्म बुझियो । क्रिश्चियनहरूमा पनि आफ्नो धर्मप्रति त्यस्तै कट्टरता हुँदोरहेछ । हाम्रो हिन्दूधर्मलाई त यो कलि युगले नै लखेटेको छ ! अरू कुनै पनि धार्मिक क्षेत्रमा नसुनिएको कुरा ! धार्मिक भेष देखाएर, आडम्बर गरेर, धर्मको नाममा शोषण, भ्रष्टाचार र प्रवञ्चना गर्ने पाखण्डी धर्माचार्यहरू यही हिन्दू– धार्मिक-क्षेत्रमा मात्र हजारौं हजार पाइन्छन् । यो कति दुःखलाग्दो कुरा हो ! यसको त हामीले बाहिरै निस्केर घोर घोर विरोध गर्नुपर्‍यो । यसरी गफ गरेर मात्र भएन ।"

जितबहादुर– "त्यस्ता अर्थपिशाच, मिथ्याचारी, पाखण्डी तत्त्वहरूलाई पनि हाम्रा धर्मका शत्रुहरूकै नामक्रममा राखिदिए भैहाल्यो नि ! यिनको पृथक अस्तित्वलाई किन मानिदिनुपर्‍यो र ! यसतर्फको पनि ध्यान छोडेर बिताउन नहुने तर बितिसक्न लागेको कार्यविधितिर पहिले लाग्नुपर्‍यो । त्यो के भने– "आफ्नो नित्य-कर्मपद्धति' । हिन्दूले स्वधर्मरक्षार्थ नित्यकर्म कस्तो गर्नुपर्छ ?, त्यो ... । बढीमा एक वा पौने एक घण्टाभन्दा ज्यादा समय त दिन मिल्दैन । त्यसभित्र गर्न सकिने गरी कुन कुन देवताको पूजा, के केको पाठ नगरी हुँदैन ?। त्यसको एउटा संक्षिप्त विधि तयार गर्नुपर्‍यो । नत्र हामी पशु नै ठहरिने रहेछौं । अरूको दृष्टिमा पशु नै जंचिसकेपछि, ठहरिइसकेपछि हामीलाई जुन शासन आए पो के भयो र ? लौ, श्याम ! सर्वप्रथम त्यो नित्यकर्मपद्धति बनाऊ !"।

श्याम– "हुन्छ म बनाइदिन्छु। यो आवश्यक मात्र होइन, अत्यावश्यक कुरा हो।"

गम्भीरमान्– "त्यो मात्र होइन। आज मि. अहमद्दीनलाई भेट्ता र उनका कुरा सुन्दा साँच्चै विश्ववन्द्य महात्मा गान्धीलाई नै भेटेजस्तो मलाइ लाग्यो। मलाई मात्र होइन, आज हामी सबैमा देश र जनताको निम्ति केही गरौं भन्ने सात्विक साहस र उत्साह बढेको छ भन्ने पनि मैले ठानेको छु। श्यामले अघि दिएकै लाइनमा काम गर्न सानो कमिटी र कामचलाउको एउटा सानो विधान पनि बनाइहाल्नुपर्‍यो। त्यो लगेर मि. अहमद्दीनलाई देखाएर अनुमति पनि लिनुपर्‍यो र हामी जति सक्रिय भएर संगठनहरू गर्न सक्छौं, त्यसलाई यहाँले आफ्नै सम्झनुपर्छ भनेर स्पष्ट पनि गरिदिनुपर्‍यो। त्यसो भएपछि श्यामले भनेजस्तै विधायिकामा आफ्नो पोजिसन बलियो बनाउन उनले पनि एउटा आधार पाउँछन्, हामीलाई पनि निर्बाध रूपमा संगठन बढाउन मद्दत मिल्छ। त्यसरी संगठन बढाउँदै लान सकियोभने एक न एक दिन हामी आफ्नो उद्देश्यमा पुग्न सक्छौं।"

गम्भीरमान्को उपपत्तिपूर्ण योजनालाई सबले समर्थन गरे।

"लौ, म त्यो पनि भरे भोलि बिहानसम्ममा खेस्रा गरिसक्नुँला। अनि भोलि दिउँसोतिर सबैलाई सुनाएर गर्नुपर्ने ठाउँमा संशोधन गरेर, साफी गरूँला"– श्यामले भन्यो। यस कुरालाई पनि सबैले समर्थन गरे।

त्यसपछि जनककुमार राईले भन्यो– "कमिटीको नामको त अहिले नै छलफल गरे भयो नि ! भएन ?"

श्याम– "त्योचाहिं गरिहालौं न !"

एक छिन सबै मौन जस्तै भए । अनि फेरि एक्कै छिनपछि श्यामले भन्यो– "उदार हिन्दूसमाज" संस्थाको नाम राखौं, त्यसको विधान भनिदिए भइहाल्यो भएन ?

"किन नहुनु ?, खासा नाम भयो !"– सबैले स्वीकार गरे। पछिबाट श्यामले भन्यो– "लौ त संस्थाको नाम पनि त्यही भयो। मैले भरे र भोलि बिहानसम्ममा लेखिसक्ने, सक्छु पनि । बरू लेख्ता कतै कतै छलफल गर्नुपरे के गर्ने ? तिमीहरू सबै गइहाल्छौ। कि भने गम्भीरमान्चाहिं नजीकै छौ, भोलि बिहान आऊ न । अरू जति सबै दिउँसो तीन बजेतिर जुटौं ।"

गम्भीरमान्– "मैले मात्र छलफलमा के सहयोग दिन सकूँला । म आइंदिदा लेख्न डिस्टर्ब मात्र हुने हो कि, आउन त आइदिउँला !"

श्याम– "होइन, होइन । आऊ । केही केही छलफल पनि गर्नुपर्ने हुन आउँछ लेख्न थाल्दा । विधान भनेको सानो कुरा होइन नि !"

जितबहादुर– "हेर भाइहो, यो सानो कुरा होइन । आफ्ना पुर्खाको गल्तीबाट भएको यत्रो जातीय पतनको वेदनालाई लिएर आज हामी आफ्नो जातीय पुनरुत्थानको लागि उत्साहित भएर

समर्पित भएर काम गर्न लागिरहेका छौं। सफल हुन सक्यौंभने स्वर्गभन्दा ठूलो, प्राणभन्दा प्यारो आफ्नो नेपाल राष्ट्रलाई फेरि आजभन्दा ७० वर्षअगाडिको गौरवपूर्ण स्थानमा पुऱ्याउन सक्नेछौं। हाम्रो इतिहास विश्वमा अजर अमर हुनेछ"।

सबैले हर्षपूर्ण चर्को स्वरमा उर्लिएर भने– "अवश्य हाम्रो इतिहास विश्वमा अजर अमर हुनेछ, अजर अमर हुनेछ!।"

श्याम– "मि. अहमद्दीन हाम्रो निमित्त दैव नै हुन आएका छन्। अब हामीले राम्रोसंग काम गर्न सक्नुपऱ्यो।

६

आज म पछिल्लो पहरमा कुकुरा बास्ता ब्यूँझिएर, एक्लै धेरै तर्कवितर्क गरेर, मि. अहमद्दीनको सहयोगबाट हामी पार लाग्छौं भन्ने निश्चय गरेर, झिसमिस उज्यालो हुँदा नुहाएर, मि. अहमद्दीनलाई भेट्ने त्यति राम्रो सल्लाह भएको, टाइममा नआइपुग्लान् भनेर यादवलाई, गोपाललाई, मेघनाथलाई घर घरमा गएर बोलाउँदै हिंडेको ! घरबाट निस्कनासाथ मेरो आँखा नागर्जङको वनमा परेछ। त्यहाँ भयङ्कर डढेलो लागेको रहेछ। त्यो हेर्दै हेर्दै म हिंडें। सबेरै साइतमा यस्तो देखियो, के होला ? भनेको त आज खूब राम्रो भयो मि. अहमद्दीनलाई भेटेर। यस्ता दृश्यहरू, लक्षणहरू हाम्रा काममा सहकारी हुन सक्ता रहेछन् !"– जितबहादुरले भन्यो।

श्यामले भन्यो– "साइतमा त्यत्रा अग्निदेवको दर्शन पाएपछि त्यसको फल राम्रो हुन परेन त ?"

जितबहादुर– "प्राकृतिक दृश्यहरूले पनि हाम्रा भावनाहरूलाई प्रस्फुरित पार्दा रहेछन् ! ऊ त्यो बगैंचामा पारिजातका,

जाईका कति राम्रा फुल फुलेका ! हेर त्यो देख्नेबित्तिकै मेरो मनमा कति राम्रो कुरा उब्जियो ! त्यो के भने– मि. अहमद्दीनबाट वसन्त राईजीको त्यत्रो प्रशंसा सुनियो । उनीकहाँ पनि जाउँ न बधाइ दिन आज । भर्खर साढे नौ भयो । लौ पौने दश नै भनौं– मेरो घडी अलि ढीला छ । उनीसंग पनि त आज शनिवारै हो, भेट भइहाल्ला । काम छिनौं न– अहमद्दीनजीले उनीकहाँ जाओ भनिसकेपछि !"

श्याम– "कुरा त ठीक सम्झायौ । तर घर कतातिर छ । यो वेला गएर पत्ता लगाउन थाल्दा ढीलो हुन्छ कि आजलाई ?" ।

यादवले हाँस्तै भन्यो– "मैले त मान्छे चिनेको, गुणचाहिं नचिनेको भएछ । राईजीको घर त मेरो डेराको बगलमै छ । जाने भए म भेट्टाइदिन्छु, तुरुन्तै" ।

"लौ, लौ त्यसो भए गइहालौं" भनेर सबै तम्सिए । घरबाट सडकमा ओर्लि पनि हाले । अकस्मात् एउटा रित्तो कार पनि टुप्लुक्क आइपुगेछ । त्यसैमा चढेर सब राईजीकहाँ पुगि पनि हाले । अर्को राम्रो साइत के परेछ भने– यिनीहरू पनि पुग्नु, भेटेर फर्कने इष्टमित्रलाई बिदा गर्न राईजी घरको चोकमा ओर्लनु ! पुग्नेबित्तिकै भेट भएर भुईंतल्लाको बैठकमा कुराकानी पनि चल्न थालि पनि हाल्यो– "अव्याक्षेपो भविष्यन्त्याः कार्यसिद्धेर्हि लक्षणम्" ! महाकवि कालिदासले भनेजस्तै भयो श्यामहरूलाई !"

राईजी– "को को हुनुहुन्छ, कति कामले ?"

श्यामले आफूसमेत सबैको परिचय दियो र विनयसाथ भन्यो– "हामी त्यस्तै काम गर्न चाहने, तर कतैबाट पनि प्रोत्साहन नपाएका निराश्रय राजनीतिक कार्यकर्ताहरू, मि. अहमद्दीनजीकहाँ बधाइ गर्न गएका थियौं। कुराको प्रसङ्गमा वहाँले यहाँको सारै सारै प्रशंसा गर्नुभयो, हामीलाई यहाँसंग सम्पर्क गरिरहन निर्देशन पनि दिनुभयो र त्यसैले बधाइ पनि चढाऔं, परिचय पनि गरौं भनेर आएका हौं।"

राईजी– "धन्यवाद, धन्यवाद !। हो, अहमद्दीनजी मलाई ज्यादै आदर गर्नुहुन्छ। अरुहरूले पनि मलाई त्यस्तै कुरा सुनाइरहन्छन्। वहाँ ज्यादै ठूलो देशभक्त, विद्वान्, उदार, सहिष्णु हुनुहुन्छ। अब त्यस्ता व्यक्ति नेपालमा छँदै छैनन् भने पनि हुन्छ। खास गरी वहाँको र मेरो लाइन कसरी मिल्छ भने, म दुइ तीन पुस्ताअघिदेखिको प्रवासी, आफ्नो देश सम्भेर आएको हुनाले कट्टर राष्ट्रवादी हुने नै भएँ। वहाँ यहीं जन्मेको, शुद्ध हृदयको राष्ट्रवादी हुनुहुन्छ। विधायिकामा अरुचाहिं नयाँ नयाँ नेपाली बन्न आएकाहरू छन्। परिआए, फाइदा देखे राष्ट्र, समाज केही नभनेर कस्तै कुकृत्य पनि गरिहाल्छन्। हामी आफ्नो राष्ट्र र समाज भन्नेहरू ! त्यस्तो कुकृत्यमा सहयोगी, सहभागी बन्न सक्तैनौं। यसैले हामी दुइ एकतिर, अरू सब एकतिर, यस्तो छ यहाँ !"

श्याम– "त्यसैले जतातत्तै जनता त असन्तुष्ट नै छन् !"

राईजी– "केले सन्तुष्ट हुने त ? एक हातले आर्थिक भ्रष्टाचार, अर्को हातले साम्प्रदायिक प्रतिशोध ! नेपाली जनतालाई रगतमा डुबाइसके यी दुष्ट क्रूर विदेशी तत्त्वहरूले ! तपाईंहरूजस्ता प्रबुद्ध शिक्षित नवयुवकहरूले देशको लागि कटिबद्ध भएर काम गर्ने बेला छ यो !, गर्नुहोस् न !"

श्याम– "एकतिर काम गर्ने बेला पनि आएको, अर्कोतिर कतिपय बस्तीका बस्ती नेपालीहरूसरह आफू पनि प्रवासी भएर हिंड्ने सुरसार पनि गर्नुपरेको ! यस्तै बेला छ हाम्रो निम्ति !"

राईजीले हाँस्तै श्यामलाई हेरेर भने– "किन प्रवासी हुने ?"

श्याम– "हामी हिन्दुहरूमाथि त ज्यादै ठूलो अत्याचार छ । हामीहरूले फिटिक्क कतै केही गर्न हुँदैन । 'हिन्दू' र 'हिन्दूधर्म' भन्ने शब्द सुन्नेबित्तिकै वर्तमान सत्ताधारीहरूले विचार गरिरहनै पर्दैन, खास गरी सैनिक र प्रहरीहरूको हात त एक्कैचोटि पिस्तौलमा पुगिहाल्छ, त्यस्तो अभ्यास भइरहेको छ । टाउकै उठाउन नपाएपछि के काम गर्न थाल्ने ? यही मर्म छ हाम्रो !"

राईजी– "यो पनि थाह छ । अरू अरू राष्ट्रका इतिहास-हरूमा योभन्दा पनि भयङ्कर भयङ्कर अत्याचार भएर त्यहाँका वीर युवकहरूले संघर्ष गरेर, अत्याचारीहरूलाई निर्मूल पारेर आफ्नो राष्ट्र र जनतामा उन्नतिविकास र शान्तिसमृद्धि ल्याएको पनि थाह छ । तपाईंहरू जेको निमित्त चिन्ता गर्नुहुन्छ– 'टाउकै उठाउन पाएनौं, मर्म परेको छ भनेर । साँच्चि, भनूंभने त्यही नै तपाईं

युवकहरूको निमित्त देशको लागि काम गर्ने स्वर्ण अवसर हो। सरकारले सर्वत्र उन्नतिप्रगति र शान्तिसन्तोष ल्याइदिएको भए देशको निम्ति केचाहिं काम गरेर तपाईंहरू आफ्नो इतिहास बनाउनुहुन्थ्यो ? यो देशले पनि त तपाईंहरूको त्याग र पराक्रमको वर्णन गर्ने अवसर पाओस् न !"

एक छिन चूप लागेर फेरि राईजीले भने– "प्रवासी बनौं कि भन्नुहुन्छ। म प्रवासीको छोरो । मलाई सब थाह छ प्रवासीहरूको दुःख ! प्रवासमा बसेर विदेशीको पक्षपात, हेला, तिरस्कार भोग्नसम्म भोगेर खप्न नसकेर आफ्नो मातृभूमिको काखको शरण पर्न आएको मान्छे म। ती नैनीताल, दार्जीलिङ्ग-हरूतिर एक हातमा नाम्लो लिएर रेल र बसका यात्रीहरूको भारी बोक्न उछिनपाछिन गर्ने नेपाली प्रवासी युवकहरूको दीनहीन दशा देख्नुभएको छैन ? आफूलाई पनि आफ्ना सन्तानलाई पनि त्यस्तै बनाउन चाहनुहुन्छ फेरि तपाईंहरू ? यो त आफ्नो देश हो, लड्नोस्, भिड्नोस्, अन्याय अत्याचारको विरोध गर्नुहोस् । प्रहरीहरूको हात पिस्तोलमा पुग्छ भनेर काम गर्न, अन्याय अत्याचारको विरोध गर्न डराउनुभएको तपाईंहरू युवक भएर ? तपाईंहरू आफ्नो देवताको पूजापाठ गर्नुहुन्न ? शास्त्रले भनेबमोजिम मानवमात्रमा आत्मभाव राख्ने, देशभक्त, जनसेवी आस्तिकको त संधै ईश्वर साथमा भइरहेको हुन्छ, त्यसले कत्रै शक्तिको अन्यायी अत्याचारीसंग पनि डराउनुपर्दैन। ईश्वरविमुख, देशभक्ति र जनसेवाको भावना नभएको, निर्दयी, आत्मम्भरि, नास्तिकले पो

जोसंग पनि डराउनुपर्छ ! लौ भाइहो ! आज परिचय भयो। म आफ्ना भाइहरू नै सम्झेर उपदेश दिन्छु– तपाईंहरू देशको निमित्त उद्धारक बन्न सक्नुहोस्, यस्तो शुभकामना पनि गर्दछु। आफ्ना धर्मग्रन्थहरू श्रीमद्भागवत, गीताहरू राम्रोसंग पढ्नुहोस्, पढ्नुभएको छभने अझ मनन गर्नुहोस्। अनि फेरि फेरि आइरहनुहोस्। तपाईंहरू काम गर्न सक्नुहुन्छ। महात्मा गान्धीजीले त्यत्रो शक्तिशाली आंग्लसाम्राज्यको अधीनतालाई कुन अस्त्रले खतम गरे ? तपाईंहरूले थाह पाउनुभएको छ ? उनको हातमा शिर्फ दुइटा अस्त्र थियो– एक रामभक्ति, अर्को गीता !"

श्यामहरू सबैले भने– "ठूलो निर्देशन पायौं। क्षमा रहोस्। धेरै समय लियौं। आज बिदा पाऔं।

राईजीले भने– "लौ जानुहोस् त। आफ्नो धर्म, आफ्नो संस्कृति, आफ्नो देश ! नबिर्सनुहोस्। केही परिआए हामी छौं। आइरहनुहोस्। बरु आइतवारको दिनचाहिं नआइदिनुहोला। विशेष काम छैनभने प्रायः म त्यो दिन गिर्जाघरमैं बिताउँछु।

सबैले नमस्कार गर्दै उठेर भने– "हवस्, हवस्, नमस्कार !"

यसरी राईजीसंग बिदा भएपछि बाटामा कार रोकेर ती सबै श्यामको घर पुगे। घरमा पुगेपछि पाँच छ कप चिया मगाएर, चिया पिउँदै सबै जनाले मि. अहमद्दीन र वसन्त राईको उदार र सहिष्णु भावनाको प्रशंसा गर्नुका साथै उनीहरू प्रतिको आफ्नो श्रद्धाआस्था प्रकट गरे।

त्यसपछि साथीहरूको ती दुइप्रतिको श्रद्धाआस्थालाई अझ गाढ तुल्याउँदै श्यामले साथीहरूलाई भन्यो– "मि. अहमद्दीनभन्दा हजार खण्ड बढ्ता बसन्त राई, बसन्त राईभन्दा हजार खण्ड बढ्ता मि. अहमद्दीन। भद्र मात्र होइन– धार्मिक, मानव मात्रका मित्र र देशभक्त। भाइहो! वाराणसीबाट काम गर्न कटिबद्ध भएर हामी आएको कति भइसक्यो, कसरी अगाडि बढ्ने? यत्तिकैमा हामी रुमलिलरहेका थियौं। आजदेखि हाम्रो भाग्य उघ्रियो। अवरुद्ध भैरहेको हाम्रो विशाल कर्मक्षेत्रको द्वार अब खुल्न थाल्यो। नियतिले आज हामीहरूलाई कस्ता कस्ता महान् र उदार व्यक्तिहरूसंग सम्पर्क गराइदियो!"

जितबहादुर– "मि. अहमद्दीनसंग प्रभावित भएर मैले भनेको थिएँ- 'आफ्नो धर्म र संस्कृतिमा जो दृढनिष्ठ छैन, दुनियाँमा त्यसको कुनै कदर हुँदैन। त्योसंग बल र शक्ति पनि केही हुँदैन।" राईजीले पनि यही भावनालाई झन् बलियो तुल्याइदिए होइन त?"

सबैले एक मुखले भने– "हो"।

गम्भीरमान्– "अब के चाहियो त?"

श्यामले गम्भीरमान्तिर फर्केर भन्यो– "अरू केही चाहिएन। राईजीकहाँ जानुअघिको निर्णय त छँदै छ नि। भरे म लेख्छु। केही छलफल गर्नुपरे, नजीकै छौ, तिमी भोलि बिहान आइहाल्छौ। त्यही निर्णय गरेको होइन र?"

अनि सबैले एकै मुखले 'ठीक ठीक, हामी गयौं त' भने र

चोटाबाट ओर्लेर गइ पनि हाले। सबै गइसकेपछि कोठामा एक्लै बस्ता श्यामका मनमा उत्साह उमङ्गका धेरै तरङ्गहरू खेल्न थाले। मि. अहमद्दीन र वसन्त राईका निर्देशन र आश्वासनले उसको मनमा यस्तो आत्मविश्वासको भावना सर्जन गरिदियो कि– 'मानौं सर्वशक्तिमान् कुनै अदृष्ट तत्त्वले नै उसलाई देशमा लोकोत्तर काम गर्नको लागि सहायक भौतिक सामग्री जुटाइदिरहेको छ !'

७

श्यामले 'उदार हिन्दूसमाज' नामक संस्था खोल्ने क्रममा त्यसको विधान लेख्नको लागि उक्त विधानमा कति भाग, कति प्रकरण र के के बूंदाहरू राख्ने भनेर पहिले टिप्न थाल्यो। जसमा हिन्दूजाति, हिन्दूधर्म र हिन्दूसंस्कृतिको पुनरुत्थानको लक्ष्य राखिएको थियो र त्यस लक्ष्यपूर्तिको लागि आवश्यक सबै उपकरणहरू समावेश गर्ने बूंदाहरू परेका थिए। साथै श्यामले विधानको सामयिक प्रयोजनीयतालाई स्पष्ट पार्नको लागि विधानको अगाडि एउटा भूमिका पनि राख्ने निश्चय गऱ्यो। जसमा हिन्दू-जातिको प्राचीन सभ्यता, विश्वमा अवदान, विश्वबन्धुता एवं विश्वशान्तिवादी सिद्धान्त र अध्यात्मवादी दर्शनको पनि संक्षिप्त विवरण पर्न आउँथ्यो।

यसै गरेर श्यामलाई विधानको लागि उपयुक्त वैचारिक सामग्रीहरूको चयनले धेरै समय लिएको थियो, त्यसपछि फेरि लेख्ता भूमिकाले झन् धेरै समय लिइदियो। त्यसैले यथाशक्य संक्षिप्त रूपमा लेख्ता लेख्तै पनि विधानको झण्डै आधा भाग

जस्तो लेख्न बाँकी नै रह्यो। रातको एक बजिसकेको हुनाले बाँकी भागलाई विहान उठेर, लेखेर पूरा गर्ने विचारले श्याम ओछ्यानमा पल्टियो। श्रान्त हुनाले निद्रा देवीले पनि विश्रामको निमित्त तुरुन्त नै उसलाई आफ्नो स्नेहपूर्ण काखको आश्रय दिइहालिन्।

अर्को दिन बिहान साढे छमा आएर गम्भीरमान्‌ले ढोका घचघच्यायो। श्यामले ब्यूँझेर ढोका खोलिदियो। गम्भीरमान् भित्र पस्यो र झ्यालहरूचाहिँ उसले आफैं खोल्यो। अनि गम्भीरमान्‌ले श्यामलाई सोध्यो– "गर्‍यौ त हिजो, 'सांस्कृतिक विधि' र 'उदार हिन्दूसमाज' को विधानको मस्यौदा ?"।

श्यामले भन्यो– "मुखले भनेजस्तो सजिलो हुन्छ र लेख्नु भनेको ! 'सांस्कृतिक विधि' भन्नेलाई त छोएकै छैन। 'उदार हिन्दूसमाज' संस्था बनाउने भनेर त्यसको विधानचाहिँ मस्यौदा गरेको थिएँ, त्यो पनि पूरा हुन सकेको छैन। भूमिकैले ज्यादा समय लिइदियो। त्यो त अब लेखूंला, पूरा गरूँला, त्यो केही भएन। यहाँ त कुरा अर्कै पर्‍यो। जति मैले लेखें, त्यो पनि कुनै काम लागेन। आज तिमीहरूलाई सुनाउनुपर्ने, ज्यादै खुशी मनाउनुपर्ने विशेष कुरा छ। आज राति सपनामा भगवान्‌ले मलाई ज्यादै ठूलो अनुग्रह गरे। तिमी आएर, बोलाएर ब्यूँझाइँदिदा आज मलाई ठूलो विघ्न पर्‍यो। नबोलाइदिएको भए– म कस्तो आनन्द-दायक, कस्तो आकर्षक 'आदर्श हिन्दूराज्य' को व्यवस्था हेरिरहेको थिएँ! – पूरै हेरिसक्नेथिएँ। बाफ, बाफ! त्यस्तो व्यवस्था पो व्यवस्था!

गम्भीरमान्ले हाँस्तै भन्यो– "सपनाले पो निर्देशन दिने भयो अब हामीलाई ? सुनाऊ न त कस्तो व्यवस्था थियो ?"

श्याम– "अहिले नभनूं कि भनेर '।

गम्भीरमान्– "किन ?"

श्याम– "अरू साथीहरू पनि जुटेपछि भन्न पाए एकैचोटि भयो। नत्र प्रत्येकलाई सुनाउँदा त धेरै पटक भनिरहनुपर्‍यो। सबैले नै नसुनी नहुने सपना छ। सबैलाई नसुनाएसम्म मेरो चित्त पनि बुझ्दै बुझ्दैन। फेरि सपना लामो छ। सम्झी सम्झी सुनाउनुपर्छ। बरू, अब मैले त्यो हिजोको लेखिन त ! त्यसैले अरू साथीहरूले पनि हिजोको सल्लाहबमोजिम तीन बजेलाई नै पर्खन किन पर्‍यो र। छिटै आए भइगयो नि। जाऊ, दुइ बजेतिर नै सबैलाई लिएर आऊ।"

'लौ हुन्छ त'– भनेर गम्भीरमान् हिंड्यो। त्यसपछि श्यामचाहिं साथीहरू जुटेपछि सपनाको विवरण सरसर्ती सुनाउन सकियोस् भनेर सम्झी सम्झी सपनाका कुराहरूको बूंदा टिप्न थाल्यो।

त्यो पनि टिपिसकेपछि उसले आफैंसंग प्रश्न गर्‍यो– "मलाई आदर्श हिन्दूराज्य देखाइदिन लैजाने त्यो को होला ? ऋषि हो कि देवता पो हो कि ? कालो कालो वर्णको भए पनि त्यो अग्लो, कति बाक्लो, कति तेजिलो फुर्तिलो थियो ! त्यस्तो अपारको के सपना हो ? आफ्नै स्मृति र अनुभूति नै साकार भएको हो भनूंभने, मैले त के कुरा, मेरा पिता, पितामह, प्रपितामहले पनि त्यस्तो आदर्श

हिन्दूराज्य देख्न पाएका थिएनन् । अनि कताबाट मेरो अनुभव हुनु र त्यो साकार हुनु ! त्यसैले मलाई लाग्छ– यो सपना मेरो निमित्त सांकेतिक नै हो। अवश्य भगवान्ले मलाई काम गर्नकै लागि मार्गप्रदर्शन गरेको हो।"

मनमा यस्ता तरङ्ग खेलाउँदा खेलाउँदै श्यामले समय बितेको पत्तै पाएन । घडी हेर्दा दश बजिसकेछ । दुइ बजेतिर साथीहरू आउँछन्, समयको दुरुपयोग किन गरूँ त भनेर श्याम नित्यकर्म-पद्धति लेख्न थाल्यो । डेढ बजेतिर उसले त्यो लेखि पनि सक्यो ।

श्यामले त्यसरी नित्यकर्मपद्धति लेखिसकेर एक छिन मात्र के विश्राम गर्न लागेको थियो, उसका साथीहरू द्वार आइपुगि पनि हाले। साथीहरूलाई देख्नेबित्तिकै श्याम हाँस्यो, श्यामलाई देख्नेबित्तिकै साथीहरू हाँसे । हाँसो हाँसोले नै परस्परको मनको कुरा खुल्यो । 'किन र कसो' भनेर कसैले कसैलाई सोध्ने जरूरत परेन । आजको मिटिङ्गको विषय पनि स्पष्ट नै थियो । त्यसैले सबैले नै चेहरामा एउटै जिज्ञासा, एउटै उत्सुकता देखाएका थिए । अनि 'शुभस्य शीघ्रम्' भनेजस्तो गरेर, सबैको हृदयको प्रतिनिधित्व गर्दै नतबहादुरले भन्यो– "अब भन्न थाल्ने, सुन्न थाल्ने होइन त श्याम ! अब किन विलम्ब गर्ने ?" ।

श्यामको जवाफ नआउँदै, श्यामको नजीकै ठूलो अक्षरमा 'नित्यकर्मपद्धति' शीर्षक दिएको एउटा तयार लेख देखेर भीरमान्ले श्यामलाई सोध्यो– "यो के रहेछ नि ?"

श्यामले त्यस नित्यकर्मपद्धतिको लेखलाई हातमा लिएर जवाफ दियो– "'उदार हिन्दूसमाज' को विधानलाई सपनाले घुमाइदिहाल्यो। अनि के खालि बसूं भनेर 'सांस्कृतिक विधि' पनि एउटा लेख्ने निर्णय गरिसकिएको हुनाले, यो त्यही लेखेर तयार पनि गरिसकेर सुनाउन राखेको हुँ। यसको नाम नित्यकर्मपद्धति राखियो।

"फुर्सत हुनेले, धेरै जान्नेले योभन्दा बढ्ता विधि पुऱ्याउलान्। मैलेचाहिं आफूले जानेको र आफूले भ्याएसम्म गर्ने गरेको नित्यकर्मपद्धतिलाई नै सम्झी सम्झी यहाँ टिपिदिएको छु। सानैमा जसले जस्तो सिकाइदियो, आजसम्म त्यही मानिइराखिएको छ। यसमा कति उल्टोपाल्टो परेको छ, कति वचन अशुद्ध भन्ने गरिएको छ, कति त्रुटि भएको छ– त्यो सबै आफैंलाई थाहा छैन। तर नित्यकर्मपद्धति भनेर यत्तिलाई नै किन नहोस्, प्रयोगमा ल्याइयोभने आफूले धर्मसंस्कृतिलाई नै नमानेको अथवा हिन्दूचरित्रलाई नै छोडेको, उपेक्षा गरेको ठहर्दैन। भित्र आफ्नो आस्तिक भावनाको साक्षी त अन्तरात्मा छँदै छ" यति भनेर जितबहादुरको हातमा तीन चार पत्रको नित्यकर्मपद्धतिको त्यो लेख दिंदै श्यामले फेरि भन्यो– "यसलाई टाइप गरेर तिमीहरूले एक एक प्रति लिनू। नबुझेको ठाउँमा सोध्नू। इच्छा लागे कुनै विशिष्ट विद्वान्कहाँ गएर यसमा अझ संशोधन गराए पनि हुन्छ। यत्तिकै ठीक छ भन्ने लागे। यसैलाई कार्यान्वित गरिरहे पनि हुन्छ। तर यत्ति विधिलाईचाहिं नछोडेर नित्य गरिरहंदा आफूमा केही न केही भित्र शान्ति र सन्तोष भइरहन्छ"।

जितबहादुरले त्यस लेखलाई फेरि श्यामकै हातमा दिंदै भन्यो– "एक पटक तिमी नै सुनाइदेऊ न हामीहरूलाई, नबुझेको ठाउँमा हामी पनि सोध्दै जाऔंला !"।

श्यामले पनि "लौ सुन त" भनेर नित्यकर्मपद्धतिको त्यो लेख हातमा लिएर सुनाउन थाल्यो– "मैले प्वाइन्टपिच्छे नम्बर दिएको छु–

१) सर्वप्रथम ब्राह्म मुहूर्तमा जागा होऊ ।

२) ओछ्यानमै परब्रह्मको (पाञ्चायन देवता– गणेश, सूर्य, देवी, शिव र विष्णु कुनै एकको रूपमा) ध्यान गर ।

३) त्यो ध्यानपछि तलको मन्त्रले करदर्शन गर–

"कराग्रे वसते लक्ष्मीः करमध्ये सरस्वती
करमूले स्थितो ब्रह्मा प्रभाते करदर्शनम्"

४) करदर्शनपछि पृथ्वीमा टेक्न माता पृथ्वीसंग तलको मन्त्रद्वारा क्षमायाचना गर–

"समुद्रवसने देवि ! पर्वतस्तनमण्डिते !
विष्णुपत्नि ! नमस्तुभ्यं पादस्पर्शं क्षमस्व मे"

हातको (औंलाको) टुप्पा टुप्पामा लक्ष्मी, हातको बी (हत्केला)मा सरस्वती र हातको फेदमा ब्रह्मा बस्तछन् । त्यसैले बिहान करदर्शन गर्नू ।

समुद्ररूप वस्त्र लगाएकी, पर्वतरूप स्तनले शोभित भएकी, विष्णुकी पत्नी हे पृथिवी ! तिमीलाई नमस्कार गर्छु । मैले तिमीलाई गोडाले छुनुपर्‍यो, टेक्नुपर्‍यो क्षमा गर ।

५) यसपछि शौचादि कर्म गर।

६) अनि दतिवन लगाउने वेलामा तलको मन्त्रले वनस्पतिसंग प्रार्थना गर–

○ "आयुर्बलं यशो वर्च: प्रजापशुवसूनि च
ब्रह्म प्रज्ञां च मेधां च तन्नो देहि वनस्पते !

"मुखदौर्गन्ध्यनाशाय दन्तानां च विशुद्धये
आरोग्याय च गात्राणां कुर्वे ऽ हं दन्तधावनम्"

७) त्यसपछि स्नानस्थानमा गएर हातमा कुश र पानी लिएर निम्नलिखित सङ्कल्प गर–

"हरि: ओम्, तत्सत् ३ विष्णु: ३ श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्द्धे श्रीश्वेतवाराहकल्पे सप्तमे वैवस्वतमन्वन्तरे प्रह्लादाधिपत्ये सत्यत्रेताद्वापरान्ते अष्टाविंशतितमे कलियुगे प्रथमचरणे जम्बूद्वीपे भारतवर्षे आर्यावर्तान्तरगत हिमवद्दक्षिण-पार्श्वे नेपालदेशे पुण्यभूमौ बौद्धावतारे षष्टिसंवत्सराणां मध्ये... संवत्सरे...अयनगते श्रीसूर्ये,...ऋतौ मासानामुत्तमे...मासे... पक्षे ... राशिस्थिते श्रीसूर्ये .. राशिस्थिते चन्द्रमसि ...

○ हे वनस्पति ! आयु, बल, कीर्ति, तेज, सन्तान, पशु, धन, ज्ञान, बुद्धि, धारणाशक्ति हामीलाई देऊ ।

मुखको दुर्गन्धनाशको निम्ति, दाँतको सफाइको निम्ति र अङ्ग अङ्गको आरोग्यको लागि म दतिवन लगाउँछु ।

राशिस्थिते देवेगुरौ शेषेषु भौमादिषु ग्रहेषु यथास्थानस्थितेषु सत्सु एवं ग्रहगणयोगविशिष्टायां ... वासरान्वितायां ... अद्य पुण्यतिथौ ... गोत्रः ... शर्मा, (वर्मा) अहम् देहशुद्ध्यर्थं नित्यस्नानमहं करिष्ये"।

८) यो सङ्कल्पपछि तलको मन्त्र पढेर स्नान गर–

卐 "पुष्कराद्यानि तीर्थानि गङ्गाद्याः सरितस्तथा
आगच्छन्तु पवित्राणि स्नानकाले सदा मम
गङ्गे च यमुने चैव गोदावरि सरस्वति
नर्मदे सिन्धु कावेरि ! जलेस्मिन् सन्निधिं कुरु"

९) स्नानपछि तलका मन्त्रहरूले तीन पटक सूर्यलाई अर्घ्यं देऊ–

क) गायत्री मन्त्रले ।

ख) ॐ आकृष्णेन रजसा वर्तमानो निवेशयन् नमृतं मर्त्यंश्च । हिरण्मयेन सविता रथेना देवो याति भुवनानि पश्यन् ।

卐 पवित्र पुष्कर आदि तीर्थहरू, गङ्गा आदि नदीहरू मेरो स्नानकालमा आइदिऊन् ।

हे गङ्गा, हे यमुना, गोदावरि, सरस्वति, नर्मदा, सिन्धु, कावेरि यस स्नानजलमा निकटता राख ।

भगवान् सूर्य दिन रात बनाउँदै, स्वर्ग मर्त्यको व्यवस्था मिलाउँदै, सारा लोकहरूको निरीक्षण गर्दै सुनको रथ चढेर घुमिरहन्छन् ।

★ग) एहि सूर्य सहस्रांशो तेजोराशे ! जगत्पते !

अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर !

१०) अनि जप, पाठ, पूजाको लागि आसनमा बसेर तलको मन्त्रले आसनस्पर्श गर–

"पृथ्वि त्वया धृता लोका देवि ! त्वं विष्णुना धृता

त्वं च धारय मां नित्यं पवित्रं कुरु चासनम्"

११) आसनस्पर्शपछि– "ॐ ऋग्वेदाय स्वाहा, ॐ यजुर्वेदाय स्वाहा, ॐ सामवेदाय स्वाहा" यी तीन मन्त्रले तीन पटक आचमन गरेर– "अथर्ववेदाय नमः" भनेर हस्तप्रक्षालन गर ।

१२) त्यसपछि हातमा कुश र जल लिएर तल दिएबमोजिम प्रातः-सन्ध्याको लागि सङ्कल्प गर– "हरि ॐ तत्सत् ३ विष्णुः ३ ......अमुक गोत्रः अमुक शर्मा अहम्..... दुरितक्षयार्थम् प्रातः सन्ध्यामहं करिष्ये ।"

१३) अनि प्राणायाम गर (योचाहिं मैले गर्ने गरेको छैन) । त्यसपछि फेरि आचमन गरेर गायत्रीको ध्यान गरेर प्रणव र व्याहृतिसहितको गायत्रीको जप सके १०००, त्यति नसके १०८, त्यति नसके ५४, त्यति पनि नसके २७ अथवा दश पटक गर । दशमा नघटाऊ ।

★ हे सहस्रकिरण, तेजका राशि, जगत्पति, सूर्य ! ममाथि दया गरेर यो अर्घ्य स्वीकार गर ।

हे पृथ्वि ! तिमीले लोकहरूलाई बोकेकी छौ । तिमीलाई विष्णुले बोक्नु भएको छ । तिमीले मलाई बोक र आसन पवित्र पार ।

१४) जप सकेपछि स्नान, धूप, दीप, नैवेद्य आदि षोडश उपचारले पाञ्चायन– गणेश, देवी, सूर्य, महेश्वर, विष्णुको पूजा गर। त्यसपछि रुद्री, चण्डी, भागवत, वेद केमा श्रद्धा छ पाठ गर, देवताको निम्ति होम गर।

१५) अनि सूर्यलाई अघिजस्तै तीन मन्त्रले अर्घ्य चढाऊ।

१६) त्यसपछि सूर्यको उपस्थान गर। तलको मन्त्रले चोर औंला र कान्छी औंलाले पानी छोएर चक्षु:स्पर्श गर र सूर्यनमस्कार गर–

(*) "तच्चक्षुर्देवहितम् पुरस्ताच्छुक्रमुच्चरत्। पश्येम शरदः शतं जीवेम शरदः शतं शृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात्।"

१७) भगवान्को पूजा गरेको जल "इदं चरणोदकं भगवद्भक्तेभ्यः प्रह्लादादिभ्यः" भनेर प्रह्लादहरूलाई चढाऊ र तलको मन्त्र-उच्चारण गरेर आफूले पनि जल मुखमा हालेर शिरमा पनि लगाऊ–

"अकालमृत्युहरणं सर्वव्याधिविनाशनम्
विष्णुपादोदकं पीत्वा पुनर्जन्म न विद्यते"

(*) देवताहरूका प्रिय शुद्ध र जगत्का नेत्रस्वरूप भगवान् सूर्य अघिल्तिर उदाउँछन्। यिनैको अनुग्रहले हामी सयौं वर्षसम्म राम्रोसंग आंखा देख्ने, कान सुन्ने, बोल्न सक्ने र कसैसंग पनि नझुक्ने भएर बाँचौं र सय वर्षभन्दा उता पनि अरू त्यसै गरी बाँच्ने होऔं।

अकालमृत्यु हर्ने, सारा रोग बिनाश पार्ने भगवान्को चरणको जल पिएपछि फेरि जन्मन पर्दैन।

१८) फेरि कान्छी औंला र चोर औंला पानीमा चोभेर त्यस
तलको मन्त्र पढेर चक्षु:स्पर्श गर–

"तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः श
जीवेम शरदः शतं शृणुयाम शरदः शतं प्रब्रवाम शर
शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ।"

१९) अब पितृहरूलाई तर्पण, बलि, वैश्वदेव यहीं गर । ककसल
तर्पण दिने र कसरी दिने, त्यो अर्को दिन म बताउँला ।

२०) अब तलको मन्त्रले गोमाताको पूजा गर, नमस्कार
र प्रार्थना गर—

⊕ "ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः
कपिले सर्वदेवानां पूजनीयासि रोहिणि
तीर्थदेवमयी यस्मात् तस्मात् शान्ति प्रयच्छ मे
गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम्

⊕ ऐश्वर्यवती कामधेनु र ब्रह्माकी प्रिय सन्तति पवित्र गोमाताल
म बारम्बार नमस्कार गर्छु । हे कपिले ! तिमी स
देवताहरूकी पनि पूज्य छौ । वास्तव सारा तीर्थ र देव
पनि तिमी नै हौ । तिमी मलाई शान्ति देऊ । म प्रार्थ
गर्छु– मेरो अघिल्तिर गाई होऊन् । मेरो पछिल्तिर प
गाई होऊन् । मेरो हृदयमा पनि गाई होऊन् । गाईहरु
बीचमा म बसूँ !

२१) अब भोजनविधि—

क] भोजन तयार भएपछि सर्वप्रथम गोग्रास र काकबलि छुट्याऊ ।

ख] मनुष्ययज्ञ अर्थात् अतिथि कोही छ भने त्यसलाई पहिले भोजन गराऊ ।

ग] त्यसपछि आफूले भोजन गर्दा– तलको मन्त्रले पानी हातमा लिएर थाल वरिपरि मण्डलाकार पारेर घुमाऊ–

❋ "ब्रह्मार्पणं ब्रह्महविः ब्रह्माग्नौ ब्रह्मणा हुतम्
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना"

घ] अनि "भूपतये स्वाहा, भुवनपतये स्वाहा, भूतानां पतये स्वाहा, प्रजापतये स्वाहा, अग्नये वैश्वानराय स्वाहा" यी पाँच स्वाहावचनले भूईंमा पाँच पटक दुइ चारसिता दुइ चारसिता मात्र या खाना के छ त्यसको थोरथोरै अंश चढाइदेऊ र खाइने सबै पदार्थ थोरै थोरै मिसाएर एउटा पातमा 'पितृभ्यः स्वधा' भनेर पनि छुट्याइदेऊ ।

ङ] अनि 'अमृतोपस्तरणमसि' भनेर आचमन गर र तलका पाँच स्वाहावचनले खानाको केही अंश पाँचै

❋ "अर्पण गर्ने विधि पनि ब्रह्म, अर्पण गरिने द्रव्य पनि ब्रह्म, हवन गरिने अग्नि पनि ब्रह्म, होम गर्ने व्यक्ति पनि ब्रह्म"– यसरी जसको बुद्धिमा सबै व्यक्ति र कर्म ब्रह्ममय नै जंच्दछ, त्यसैले ब्रह्मप्राप्ति गर्दछ ।

पटक मुखमा हालेर दाँतले नचपाईकन निल—

"प्राणाय स्वाहा, अपानाय स्वाहा, उदानाय स्वाहा, समानाय स्वाहा, व्यानाय स्वाहा"।

च] त्यसपछि देब्रे हातको कान्छी औंला र चोर औंला पानीमा चोभेर त्यसले चक्षुःस्पर्श गर।

छ] अनि भोजन गर।

ज] भोजनपछि "अमृतापिधानमसि" भनेर आचमन गर र थोरै भोजनको शेष लिएर तलको मन्त्रले भूईंमा छोडिदेऊ—

"मद्भुक्तोच्छिष्टशेषं ये भुञ्जते पितरोऽधमाः
तेषामन्नं मया दत्तमक्षय्यमुपतिष्ठतु"

झ] अनि खाइसकेर हात धोऊ। १६ पटक कुल्ला गर। सिन्काले दाँत कोटयाएर सफा गर र चिसो हातले तलको मन्त्रउच्चारण गरेर उदरस्पर्श गर—

"अगस्त्यं कुम्भकर्णं च शनिं च वडवानलम्
आहारपरिपाकाय स्मरेत् भीमं च पञ्चमम्"

अगति परेका पितृहरू खान्छन् भनी मैले यो जूठो पूरा छुटयाइदिएको छु, तिनीहरूको निमित्त यो अक्षय्य होस्।

अगस्त्य, कुम्भकर्ण, शनैश्चर, वडवानल (समुद्री आगो) र पाँचौं भीमसेनलाई आहारपरिपाकको लागि सम्झनू।

◆ "आतापिर्मारितो येन वातापिश्च निपातितः
समुद्रः शोषितो येन स मेऽगस्त्यः प्रसीदतु"

ञ] त्यही चिसो हातले तलको मन्त्र पढेर चक्षुःस्पर्श गर–

☐ "शर्यातिं च सुकन्यां च च्यवनं शक्रमश्विनौ
भोजनान्ते स्मरेन्नित्यं तस्य चक्षुर्न नश्यति"

२२) त्यसपछि दिउँसो मध्याह्नस्नान, सन्ध्याहरू पनि गर्नुपर्ने छन् । अब हामीलाई त्यो गरिरहने फुर्सत छैन । (जितनी शक्ति उतनी भक्ति) छोडिदेऊ ।

२३) बेलुका साँझपाचाहिँ शुद्ध भएर पूजाकोठामा गएर सायं-सन्ध्याको लागि विहानकै जसरी सङ्कल्प गर र सरस्वतीको ध्यान गरेर गायत्रीजप गर ।

२४) पाञ्चायन देवतालाई जल चढाऊ, धूप, दीप, नैवेद्य, गर र आरती (नीराजन) गर । अनि भोजन विहानकै विधिबाट गर । गोग्रास र काकबलि बेलुका गर्दिन ।

◆ जसले आतापि र वातापिलाई मारे र समुद्रलाई सुकाइदिए, ती महर्षि अगस्त्य मसंग प्रसन्न होऊन् ।

☐ राजा शर्याति, सुकन्या, च्यवन, इन्द्र र अश्विनीकुमार यिनीहरूलाई जसले भोजनपछि सम्झन्छ, तिनीहरूको आँखा बिग्रदैन ।

अनि राति सुत्ने वेलामा तलको मन्त्र उच्चारण गर—

"अगस्तिर्माधवश्चैव मुचुकुन्दो महाबल:
कपिलो मुनिरास्तीक: पञ्चैते सुखशायिन."

लौ आफूले सानै उमेरदेखि गर्ने गरेको, आफ्नो जिब्रोमा बसेको, कति त्रुटि, कति अशुद्धि ! मै जान्दिन, नित्यकर्मपद्धति यस्ति हो ? यति मात्रै पनि संधै गरेपछि हिन्दूसंस्कृति र हिन्दूचरित्रलाई कायम राखिएको छ भनेर सम्झनैपर्छ । यसलाई टाइप गरेर सबैले एक एक प्रति लिनू । कुनै जान्नेलाई एक पटक देखाएर संशोधन गराए पनि हुन्छ । उनीहरूले वेदको मन्त्र सबैलाई दिन मिल्दै भन्लान् । त्यसो भनेभने रथी धन शमशेर ज.व रा.ले अनुवाद गरेका श्लोकहरू वेदमन्त्रको सट्टा राखे पनि हुन्छ । म अब आफूले देखेको दिव्य सपनातिर लाग्दछु— लौ सुन त्यसको सन्दर्भ कसरी उठ्‌छभने—

बेलुका ८ बजेतिर हाम्रो निर्णयबमोजिम 'उदार हिन्दूसमाज' (नामक संस्था) को विधान लेख्न म थालें । विधान शुरू गर्नुभन्दा अगाडि संस्थाको आवश्यकता किन भयो ? यसको लक्ष्य के हो ? यस प्रश्नलाई लिएर एउटा भूमिका तयार गरें । यसले अलि धेरै समय मेरो लिइदियो । त्यसपछि विधान लेख्न थालें । लेख्ता करीब आधाभन्दा बढ्ता लेखि पनि सकेको थिएँ । आँखा पिरो हुँदै आयो । घडी हेर्दा सवा एक भइसकेको रहेछ । निद्राक्रान्त भएर लेख्ता अनेक भूल पनि पर्न सक्ला भनेर लेखेको

अगस्ति, माधव, पराक्रमी राजा मुचुकुन्द, कपिलमुनि र आस्तीक यी पाँच व्यक्तित्वहरूलाई सुख-निद्राको लागि संझनू ।

जति एकतिर थन्क्याएर, भोलिपल्ट बिहानै उठेर बाँकी अंश पूरा गरूँला भनेर म विछ्यौनामा पल्टिएँ। पल्टनेविक्तिकै म निदाइहालेछु र सपना देख्न पनि थालेछु। कस्तो सपना त भने– म हाम्रो उही निर्णयबमोजिम 'उदार हिन्दूसमाज' संस्थाको विधान लेख्न थालेको रहेछु। त्यत्तिकैमा कालो कालो वर्णको, अग्लो कदको, बाक्लो जिउको, ज्यादै तेजिलो, फुर्तिलो, अज्ञात कुनै दिव्य पुरुष नै होला जस्तो भीमकाय एउटा कुनै व्यक्ति आएर मलाई भन्यो– "श्याम, हिन्दूजाति र हिन्दूत्व (हिन्दूधर्म, हिन्दू-संस्कृति, हिन्दूचरित्र र हिन्दूआदर्श) को ह्रास र पतनको यस्तो समयमा 'उदार हिन्दूसमाज' संस्था खोलेर त्यसको पुनरुत्थान गर्ने जुन सङ्कल्प र लक्ष्य राख्यौ, त्यसबाट म तिमीसंग ज्यादै प्रसन्न भएँ। तर जब यसको लागि विधानको आवश्यकता पर्‍यो, तिमीले आदर्श हिन्दूराज्य नै देखेका छैनौ, त्यस विषयको थोरै पनि व्यावहारिक ज्ञान तिमीसंग छैन, अनि कस्तो विधान बनाउँछौ ? त्यसैले म तिमीलाई दिव्य कुनै सुदूर देशमा पुर्‍याएर आदर्श हिन्दूराज्यको नै प्रत्यक्ष दर्शन गराइदिन्छु। त्यो हेरेर, त्यस्तै समाज बनाउने लक्ष्य राखेर विधान लेख्यौभने बल्ल त्यस विधानको पनि महत्त्व होला र तिमी पनि आफ्नो लक्ष्यमा सफल हुन सकौला। त्यसैले अब म त्यो राज्य देखाउन तिमीलाई लैजान्छु– "एक पटक आँखा चिम्ल त !"। त्यस दिव्य पुरुषको त्यस्तो अमृतवाणी सुनेपछि मैले तुरुन्त सहर्ष आँखा चिम्लिदिएँ। चिम्लेको मात्र थिएँ, फेरि उसले मलाई "लौ अब आँखा खोलेर हेर" भन्यो। भनेअनुसार

मैले आँखा खोलेर हेरें । हेर्दा त कता कता, त्यस्तो दिव्य आनन्दमा शान्तसमृद्ध देशमा म पुगिसकेको रहेछु ! अनि मलाई लाग्यो- उदार हिन्दूसमाजको विधान लेख्नको लागि ईश्वरको ममाथि कर निगाह भयो ! ईश्वरले कस्तो देश र समाजको प्रत्यक्ष–दर्शन मला गराइदिनुभयो ! अनि ममा हर्ष, आनन्द र आश्चर्यको कत्ति सीमा रहेन । त्यस महत्त्वपूर्ण स्वप्नको प्रारम्भ यसरी भएको हो ।

अनि मलाई आश्चर्यचकित भएको देखेर त्यस दिव्य पुरुष मुसुक्क हाँसेर मेरो मुख हेर्दै भन्यो– "कहाँ आइपुग्यौ ?"

मैले विनम्र स्वरमा भनें- "महाशय, मैले पत्ता लगाउन सकिन

उसले भन्यो– "आदर्श हिन्दूराज्य भनेको यही हो यहीं हो" ।

मैले सोधें– "यहाँको राष्ट्रपति को हुनुहुन्छ नि ?"

त्यस दिव्य पुरुषले पिठ्यूंमा प्याट्ट हानेर झस्काउँदै मला भन्यो– "धत् ! थोरै समयको सत्ता लिएर आएको, दुर्बल राष्ट्रपतिबाट पनि लामो योजनाको आदर्श हिन्दूराज्य कतै चल्छ आदर्श हिन्दूराज्यमा त राजा पो हुन्छ, कतै राष्ट्रपति हुन्छ ?"

जब मैले त्यस कुरालाई नतमस्तक भएर 'हो' भनेर स्वीका गरें, अनि त्यस दिव्य पुरुषले त्यहाँका सारा दृश्यहरूतिर अङ्गुली निर्देश गर्दै भन्यो– "लौ हेर्दै हिंड, आदर्श हिन्दूराज्य कस्तो हुन्छ !"

यति भनेर त्यो दिव्य पुरुष मन्द गतिले अघि अघि हिंडेक छ । म चाहिं बाटामा पर्ने ती दृश्यहरूलाई एक एक निहार्दै हे

त्यस दिव्य पुरुषको पछि पछि लागेको छु । वाह, वाह, वाह ! ती दृश्यहरूको म कुन शब्दले वर्णन गरूँ ? सम्झँदैमा आनन्दै आनन्द मात्र भित्र भरिएर आउँछ । के भनूं, के भनूं जस्तो ! कति फराकिला, कति सुन्दर, कति सुग्घर ती पक्की सडकहरू ! सडकका दुवै बगलमा पंक्तिबद्ध भएर एकनाससंग बढेका ठूला ठूला हरिया र छायादार ती वृक्षहरू ! ती वृक्षहरूका हाङ्गाबाट अर्को हाँगामा जान चिर्विर चिर्विर गरेर, मधुर आवाज दिंदै, भुर्र भुर्र उड्दै, मनोरञ्जन गर्दै, खेल्दै गरिरहेका रङ्गी बिरङ्गी जात जातका ती भालेपोथी चराहरू ! हिन्दूराज्योचित व्याप्त अहिंसक एवं स्निग्ध वातावरणले गर्दा विश्वस्त, निःशङ्क र निर्भीक भएर सडककिनारका वृक्षहरूको शीतल छायामा बसेर उग्राइरहेका, ठूला र लाम्चिला आँखा भएका, हृष्टपुष्ट र चिल्ला ती मृगका भालेपोथीहरू ! आ–आफ्ना कार्यविशेषले सडकमा यातायात गरिरहेका, सादा एकनास स्वदेशी वस्त्र□ र राष्ट्रिय भेषका, शान्त सौम्य आकारका, स्मितपूर्वभाषी आदर्श हिन्दूराज्यका नागरिकहरूको परस्पर स्निग्ध एवं विश्वस्त ती वचन र व्यवहारहरू !

□ न स्यूतेन, न दग्धेन, पारक्येण विशेषतः
मूषिकोत्कीर्णजीर्णेन कर्म कुर्याद् विचक्षणः

अर्थात्– कुनै धर्मकर्म, अनुष्ठान गर्दा सिएको, डढेको मुसाले काटेको, झुत्रो र खास गरी अर्काको मुलुकमा बनेको कपडा नलगाउनू ।

यो देखतैंमा मेरो हृदयमा आदर्श हिन्दूराज्यका अरू अरू महत्त्वपूर्ण, अदृष्टपूर्व विशेषताहरू हेर्ने उत्कण्ठा झन् झन् बढ्न थालेको थियो। यत्तिकैमा अलि पर पुगेपछि त्यस दिव्य पुरुषले मलाई भन्यो– "यस सडकपारिका पंक्तिबद्ध रूखहरूको पछाडिपट्टि अझैं यस्तै फराकिलो सुन्दर सडक छ, त्यसको बायाँतर्फ ठूलो बस्ती पनि छ, अब त्यताबाट जाऔं।"

यति भनेर त्यो दिव्य पुरुष भनेअनुसार बाटो काट्न अघि लाग्यो। म पूर्ववत् नै पछि पछि लागें। पारिपट्टिको त्यो सडकमा पुगेपछि त्यस दिव्य पुरुषले फेरि मलाई भन्यो– "यहाँसम्म आएपछि यहाँका राजाको पनि दर्शन गराइदिऊं भनेर मैले यो बाटो ल्याएको, यताबाट राजदर्वार जान नजीक पर्दछ। यहाँका राजा ज्यादै प्रतापी र प्रजावत्सल होइबक्सन्छ। मौसूफ सरकारको शुभनाम देवेन्द्र वीर विक्रम शाह देव हो। विश्वका समस्त राष्ट्रहरूले यस्तै आदर्श हिन्दूराष्ट्रको अनुकरण गरेर आफ्ना प्रजाहरूलाई समृद्ध र समुन्नत तुल्याऊन् भनेर एउटा नमूना देखाइदिन मौसूफ सरकारबाटै बनाइबक्सेको यो आदर्श हिन्दूराज्य हो। यो हेर्न कैयौं राष्ट्रका राष्ट्राध्यक्षहरू वर्षेनि यहाँ आवतजावत गरिरहन्छन्। अरूको त के कुरा, साक्षात् देवराज इन्द्रले पनि यो आदर्श हिन्दूराज्य आफैले हेरेर फर्केपछि स्वर्गको राजकाजमा निकै अदलीबदली गरे रे भन्ने पनि सुनिएको थियो। हुन सक्छ– यहाँको आदर्श व्यवस्थाले कहाँ प्रभाव पारेको छैन र? यस राज्यका प्रजाहरू कति शिष्ट, कति सभ्य, कति अनुशासित र कति सच्चरित्र

छन् ! राजभक्त, राष्ट्रभक्त प्रजाहरू राजाको सदिच्छनुसार कति कर्तव्यपरायण छन् ! राज्यमा कुनै भेदभाव छैन । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र– यसरी समाजमा कार्यविभाजन छ । राज्यको प्रत्येक नागरिक राजा, पिता, माता, गुरुको र आप्त जनको आज्ञापालन गर्छ र मानमर्यादा राख्छ । पतिले पत्नीलाई, पत्नीले पतिलाई आफ्नो अर्धाङ्ग सम्झेर प्रेम र स्नेह गर्छन् । कर्तव्य-बुद्धिले देश, नरेश र जनजीवनको निम्ति गरिएका, आसक्तिहीन सेवाकार्यहरूको समाजमा प्रतिष्ठा र प्रशंसा हुन्छ । यो आदर्श हिन्दूराज्यमा राज्य भनेको अध्यात्मतत्त्व र भौतिक तत्त्वबाट बनेको एउटा रथ हो । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चार रथका पाँग्राहरू हुन् । समाज रथको मालिक हो । राजा सारथि हो । सारथिले रथलाई अनन्त सुखसमृद्धिका बाटाहरूबाट शान्ति र सन्तोष दिलाउँदै स्वामी समाजलाई मुक्तिको खुला दर्बारमा पुऱ्याएर छोडिदिन्छ । संक्षिप्त कार्यक्रम यही हो हिन्दूराज्यको । अब दायाँ बायाँ सबतिर हेर्दै हिंड !"

यसरी मलाई आदर्श हिन्दूराज्यका कतिपय शुभ्र धारणाहरू र तथ्यहरूबारे प्रकाश दिएर त्यो दिव्य पुरुष फेरि मन्द गतिमा अघि लाग्यो । म फेरि उसै गरी आँखाअगाडि परेका दृश्यावली-हरूलाई हेर्दै निहार्दै त्यस दिव्य पुरुषको पछि पछि लागें ।

जहाँ हामी हिंड्दै छौं । त्यस जमीनका कण कणमा आदर्श हिन्दूराज्यका विशेषताहरू प्रकट भइरहेका थिए । यिनैलाई गढेर

निहारेर आफ्नो हृदय-कोषमा राखोस् भनेर मलाई सजिलो पारिदिन नै होला, त्यस दिव्य पुरुषले आफ्नो गतिलाई त्यस्तो मन्द तुल्याएको ! तर उसको मप्रतिको त्यो सदाशय कति पटक त असफलै भइरहन्थ्यो। किनभने- ती विभिन्न दृश्यावलीका अनुपम मनोहारिता र हृदयसंवेद्यताहरूका आकर्षणहरूले मेरो गतिलाई बारबार अवरुद्ध गरिदिन्थे र मन्द झन् मन्द तुल्याइदिन्थे। जसको परिणाम, कति ठाउँमा त्यस दिव्य पुरुषले मलाई पर्खियो, कति ठाउँमा उसलाई भेट्न म दौडेर पुगें। अहा ! साँच्चै कस्तो सौन्दर्य र कस्तो आकर्षण छ त्यस बस्तीको ?- बायाँतिर विशाल अति विशाल, प्यागोडाशैलीका, नेपाली छाँटका, छानादार, गगनचुम्बी, पंक्तिबद्ध भव्य महलहरू ! सबै घरहरूका अगाडि, जातजातका रङ्गीविरङ्गी सुगन्धी फूलहरू र फलहरूले टम्म भएका ती सुन्दर सुन्दर बगैंचाहरू ! भक्ति र श्रद्धाका अर्चनाहरूबाट सिङ्गार पाएका देवदेवीका ती उज्याला मन्दिरहरू ! होमका पवित्र धूवाँबाट सुगन्धित, वेदध्वनिहरूबाट गुञ्जित ती पवित्र यज्ञवेदीहरू ! ती घरहरूमा कतै सप्ताहयज्ञ चलिरहेको छ- 'भक्तिः सुतौ तौ तरुणौ गृहित्वा !; कतै रुद्री, चण्डी पाठ चलिरहेछ- 'प्रसीद मातर्जगतोऽखिलस्य !' कतै पुराणवाचन, कतै आचार्यहरूबाट बटुकहरूको निम्ति स्वाध्याय-प्रवचन- 'मातृदेवो भव, वयं राष्ट्रे जागृयाम पुरोहिताः !' कतै सत्यनारायणको पूजा, कतै सामूहिक सङ्कीर्तन- 'हरे राम हरे राम !'

कतै घरका आङ्गन र त्यसका अगलबगलमा माऊको दूध

चूसिसकेर, ठाडो पुच्छर लगाएर, यता र उता वेगसंग दौड्दै, अड्दै फेरि दौड्दै, नाच्तै गरिरहेका बन्धनत्रस्त गाईका लैना बाच्छाहरू देखिन्छन्, कतै दही मथेको गम्भीर आवाज सुनिन्छ, कतै दही मथिसकेर स्थानीय देवताहरूलाई दिएको नौनीको धूपको मधुर तृप्तिदायक सुगन्ध चलिरहेको पाइन्छ ! कतै बघैंचाभित्र पसेर, पूजाअर्चनाको निमित्त फूलहरू टिप्तै ढक्कीमा हाल्दै गरिरहेका सरल एवं निर्विकार दृष्टिका स्निग्ध–सुन्दर चेहराका हिन्दूकन्याहरू देखिन्छन् । माझ बस्तीको मार्ग हुनाले, कतै साधुवृत्त गृहस्थहरूबाट पथिकहरूको निमित्त आतिथ्य-स्वीकार गर्ने विनम्र अनुरोध भइरहेको पाइन्छ, कतै पूजाको नैवेद्य, प्रसाद मात्र भने पनि ग्रहण गरिदिने हार्दिक अनुरोध भइरहेको पाइन्छ !

यस्तो मनोहर, शान्त, समृद्ध आदर्श व्यवस्था हेर्दा हेर्दै, मेरै आफ्नै नियतिले मलाई स्वयं तुलनात्मक विवेचन गरिरहोस् भनेर हो, वा अरू नै रहस्य केही भएर हो ! आफ्नो देशको यही बीभत्स नारकीय व्यवस्थालाई मेरो मनको आँखाअगाडि ल्याएर नचाइदिन थाल्यो । झलझली म यहींका बीभत्स दृश्यहरूलाई देख्न थालें— कतै परस्पर छुराबाजीले रक्ताम्य, रक्सीले बेसुर, मुस्लिम र क्रिश्चियन युवकहरूको मुठभेड भैरहेको छ। कतै कन्याहरूको बलात् अपहरण गर्ने राक्षसी कृत्यबाट समाजमा आर्त चित्कार र कोला-हल मच्चिरहेको छ । कतै दिउँसै किन नहोस्, अन्धकार पारेर ब्ल्यू-पिक्चर हेरिरहेको वेला, नजाने कसले गोली हान्यो, अथवा छुरा घोप्यो, त्यसबाट मरणासन्न भएर छटपटिएको व्यक्तिविशेषको

शोचनीय अवस्थाको करुण दृश्य । कतैं मद्यमत्त मुस्लिम र क्रिश्चियन गुण्डा युवकहरूको तर्जना र भर्त्सनाले त्रस्त, गतिहीन, आश्रयहीन, थाङ्ने मांग्ने भेषका, अकिञ्चन, भयकम्पित हिन्दू-युवकहरूको दीनहीन अवस्थाको हृदयविदारक दृश्य !, कतैं डिस्को-डान्समा जुट्नेहरूका बीच मारपीट चलेको दृश्य छ भने कतै हिंसाप्रतिहिंसा चलेको दृश्य !, कतै लक्ष्मी माता माईलाई काटेर, शिर एकतिर गोंड अर्कोतिर छुट्याएर छाला काडिरहेको हृदयविदारक दृश्य !, कतैं क्रिश्चियन होटेलहरूको अगाडि कुखुरा र बंगुरहरू लडाएर खुइल्याइरहेको दृश्य !, कतैं ढुङ्गा र इँट झिकेर बेचेर (मूर्तिहरू उप्काएर बेचिइसकिएका) रित्ता मन्दिरहरूलाई भत्काएर तिनीहरूको जग खोतलिइरहेको दृश्य !

मेरो मनको आँखाले यस्तै के के हेरिरहेको थियो, त्यस दिव्य पुरुषले सब जानिसकेको रहेछ । त्यसैले उसले मलाई भन्यो– "तिम्रा देशका ती दृश्यहरू त फर्केपछि फेरि देख्न पाइहाल्छौ नि ! अहिलेचाहिं आदर्श हिन्दूराज्यका व्यवस्थाहरू पो हेर्नें त ! आफ्नो मनका आँखालाई यता मात्र लगाऊ ।"

त्यो सुनेपछि मेरो मनःस्थिति बदलियो । यताका यी घृणित दृश्यहरू अकस्मात् सबका सब अन्तर्हित भए । त्यसले गर्दा सूक्ष्म मनस्तत्त्वको समेत यथार्थ गतिविधि बुझ्ने त्यो दिव्य पुरुषप्रति मेरो श्रद्धा–आस्था र विश्वास झन् बढेर आयो– "अदृश्य शक्ति भएको यो कुनै देवता नै हो, अथवा त्यसको अंश हो" । प्राक्तन कुन

पापको कारणले त्यस्तो आदर्श हिन्दूराज्य–व्यवस्थाको सजीव चित्र हेरिरहेको बेलामा यस्तो नारकीय व्यवस्थाको चित्र लगेर आँखा-अगाडि नचाइदिएको होला ? भन्ने लाग्यो र म फेरि उसै गरी आदर्श हिन्दूराज्य–व्यवस्थाका सजीव व्यावहारिक पक्षहरूलाई एक एक निहार्दै ; कल्पनातीत आनन्दको महासागरमा डुब्न थालें–बस्तीहरूमा फुर्सतका दिनमा कतै रामलीलाको, कतै कृष्णलीलाको नाटकप्रदर्शन भइरहेको छ। कतै रावणवधको, कतै कंसवधको। कतै सत्यवीर राजा हरिश्चन्द्रको। बाटाको बगलमा, ठूलो चौतारोमा, वरपीपलको शीतल छायामुनि धेरै मानिसहरू भुम्मिएका, बसेका देखेर त्यो दिव्य पुरुषले मलाई औंल्याउँदै भन्यो– ऊ त्यो चौतारामुनि बसेर एक छिन विश्राम गरौं, रामायणको कथा पनि सुनौं। यो आश्विन महीना भएकोले धेरैजसो ठाउँहरूमा रामलीला, कि रामकथा चलिरहेका छन्।

त्यो दिव्य पुरुष अघि अघि, म पछि पछि त्यस चौतारोमा पुग्यौं। ठूलो कुशासन, त्यसमाथि मृगचर्ममा बसेर पण्डितजीले श्री गोस्वामी तुलसीदासज्यूको रामचरितमानसको कलियुगवर्णन गरेको बेला परेछ। भगवान् रामलाई सम्झेर, पण्डितजीलाई नमस्कार गरेर श्रोताको रूपमा हामी पनि बस्यौं र सुन्यौं–

कलिमल ग्रसे धर्म सब लुप्त भए सद् ग्रन्थ
दम्भिन निज मति कल्पि करि प्रगट किए बहु पन्थ
भए लोग सब मोहवश लोभ ग्रसे शुभ कर्म
सुनु हरि जान ज्ञाननिधि कहौं कछुक कलिधर्म

कलि युगको पापले सबै धर्मलाई ग्रास गऱ्यो । सद्ग्रन्थहरू सब लुप्त भए । पाखण्डीहरूले आफैं कल्पना गरेर अनेक पन्थ (सम्प्रदाय) निकाले । सबै मानिस मोहमा परे । लोभले सत् कर्महरूलाई खाइदियो । कलिको धर्म नै यस्तै छ गरुड ! म त्यो सबै भन्छु—

वरन धर्म नहि आश्रम चारि, श्रुतिविरोधरत सब नरनारी
द्विजश्रुतिवेचक भूप प्रजासन, कोउ नहि मान निगम अनुशासन

चार वर्ण, चार आश्रम कुनैको पनि धर्म रहँदैन । सबै नर नारी मिलेर वेदको विरोध नै गर्छन् । ब्राह्मणहरूले वेद (वेचेर) पठाएर जीविका गर्छन् । राजाहरूले प्रजाको पीडन गर्छन् । वेदको अनुशासनलाई कसैले पनि टेर्दैन ।

मारग सोइ ना कहुं जोइ भावा, पंडित सोइ जो गाल बजावा
मिथ्यारंभ दम्भरत जोई, ता कहुं सन्त कहै सब कोई

जसलाई जे मन पऱ्यो, त्यही सम्प्रदाय बन्छ । जसले दङ हाँक्न सक्छ, त्यही पण्डित ठहर्छ । जो अनावश्यक पाखण्डी काम गरेर हिंड्छ, त्यही साधु सन्त मानिन्छ ।

सोइ सयान जो परधन हारी, जो कर दम्भ सो बड आचारी
जो कह झूठ लसखरी जाना, कलिजुग सोइ गुनवन्त बखाना

जो अर्काको भाग मोस्न लुट्न सक्छ, त्यो योग्य ठहरिन्छ । जो आडम्बर देखाउन जान्दछ, त्यो सदाचारी मानिन्छ । जो झूटो बोल्न, परिहास गर्न जान्दछ, त्यो गुणी ठहरिएर प्रशंसापात्र बन्दछ ।

निराचार जो श्रुतिपथ त्यागी, कलिजुग सोइ ज्ञानी सो विरागी
जा के नख अरू जटा बिसाला, सोइ तापस प्रसिद्ध कलिकाला

वेदमार्ग छोडेर जो अनाचारी हुन्छ, कलिमा त्यही व्यक्ति ज्ञानी र वैरागी कहलाउँछ। जसको नङ्ग्रा र जटा लामा लामा हुन्छन्, कलिमा त्यही व्यक्ति तपस्वी मानिएर प्रसिद्ध हुन्छ।

जे अपकारी चार तिन्ह कर गौरव मान्य तेइ
मन क्रम वचन लबार तेइ बक्ता कलिकाल महुं

जो अर्काको अपकार र जासूसी गर्छ, कलिमा त्यसैको मानमर्यादा र गौरव बढ्छ। जो मनसा, वाचा, कर्मणा लबार हुन्छ, त्यही नै प्रवक्ता र सभ्यमा गनिन्छ।

सौभागिनी विभूषनहीना, विधवह्नके सिङ्गार नवीना
गुर सीख बधिर अंध कर लेखा एक नसुनै एक नहीं देखा

सधवा स्त्रीहरू गहना, सिङ्गार केही पाउँदैनन्, विधवाहरू नयाँ सिङ्गार गर्छन्। कलिमा गुरु अधिकार अनधिकार केही नदेख्ने अन्धा हुन्छन्, शिष्य गुरुको वचन नसुन्ने बहिरा हुन्छन्।

कलिकाल बिहाल किए मनुजा नहिं मानव क्वौ अनुजा, तनुजा!

कलिकालले मानिसलाई यस्तो विहाल पारिदिन्छ कि–बहिनी न छोरी कसैले केही मान्दैन।

जेहि तें नीच बडाई पावा, सो प्रथमहि हति ताहि नसावा
धूम अनलसंभव सुनु भाई, तेहि बुझाव घनपदवी पाई

नीच व्यक्ति जसबाट इज्जत पाउँछ, सर्वप्रथम त्यसैलाई चिताउने कोसिस र हठ गर्दछ। भाइ, धूवाँ आगोबाट जन्मन्छ, तर त्यही धूवाँले मेघ भन्ने पदवी पाएपछि आगोलाई निभाउँन थाल्दछ।"

त्यस दिव्य पुरुषले त्यो कलिवर्णन सुन्दा सुन्दै मलाई कोटचाएर कानमा भन्यो– "नमस्कार गरेर जाऔं। यहाँ त निरन्तर नै यस्तो चलिरहन्छ"।

अनि कथावाचकलाई नमस्कार गरेर त्यो दिव्य पुरुष अघि लाग्यो। म पनि अघिजस्तै पछि लागें। फेरि अलि पर रामलीला नाटकप्रदर्शन भइरहेको देखियो। यस्ता अनेक पवित्र सुन्दर आकर्षक दृश्यावलीहरूलाई हेर्दै निहार्दै जाँदा एउटा ठूलो क्याम्प, ठूलो फाटकनेर पुगियो। पुग्नेबित्तिकै त्यस दिव्य पुरुषले मलाई भन्यो– "राजदरबार आइपुगियो ! यही ढोकाबाट पस्ने हो !"

भित्र पसियो, पस्नेबित्तिकै त्यस दिव्य पुरुषले के संकेत गऱ्यो, मैले थाह पाइन। ढोकाका पालेहरूले हँसिलो चेहरामा विना-सोधपूछ नै भित्र जाने अनुमति दिए। हामी सरासर राजाको बैठक बाहिर पुग्यौं। त्यहाँ बसिरहेको सरकारको अङ्गरक्षकले अगाडिको कुर्सी देखाएर बस्ने अनुरोध गर्दै भन्यो– "सरकार अहिले भर्खर पूजा सकेर राज भएको छ। मन्त्री र सचिवहरू भित्र हुनुहुन्छ। म गएर बिन्ती गरिदिन्छु"।

'हुन्छ'– त्यो दिव्य पुरुषले भन्यो।

अनि राजाको अङ्गरक्षक भित्र पस्यो। मन्त्री र सचिवहरू बाहिर निस्किए। अङ्गरक्षकले भित्र जाने अनुमति दिए। हामी भित्र पस्यौं र स्वर्णसिंहासनमा विराजमान सरकारको दिव्य मूर्तिको दर्शन पायौं। हामीले झुकेर राजाको दर्शन गर्‍यौं। अगाडि कुर्सीमा बस्ने हुकुम भएअनुसार विनीत भावले बस्यौं। 'विशेष के छ?' भनेर राजाबाट हुकुम भयो। अनि त्यस दिव्य पुरुषले मतिर औंल्याउँदै हात जोडेर बिन्ती गर्‍यो– "यो एउटा नेपालको युवक हो। नेपाल अहिले मुस्लिम र क्रिश्चियन धर्मका सङ्कीर्ण साम्प्रदायिक, क्षुद्र तत्त्वहरूको विवेकहीन हिंसक शासनबाट ज्यादै अशान्तिग्रस्त छ। हिन्दूजाति ज्यादै पीडित छ। अस्तित्वहीन छ। त्यहाँ अहिले हिन्दूधर्म, आचार, परम्परा कुनै केही बाँकी छैन। नेपाल त देख्ता म्लेच्छदेशजस्तै भइसकेको छ। त्यहाँका हिन्दू देवदेवीका पवित्र मूर्तिहरू सब बेचिइसके, फोरिइसके, उखेलेर फालिइसके। पुस्तकहरू जलाइसकेपछि राष्ट्रिय अभिलेखालय अहिले बूचडखाना भइरहेको छ। राष्ट्रिय पुस्तकालय जुत्ता-कारखानामा परिणत भइरहेको छ। जिल्लैपिच्छे लखौं लखौं हिन्दूबालक बालिकाहरूलाई क्रिश्चियन बोर्डिङ्ग र मुस्लिम बोर्डिङ्गहरूमा राखेर तिनीहरूमा हिन्दूसंस्कार मिटाउने किसिमको शिक्षासंस्कार भरिंदैरहेको छ। जसको परिणाम उच्चशिक्षार्थी वयस्क नेपाली छात्रछात्रीहरू पाश्चात्य अनुकरणका समलिङ्गी यौनसंभोग, डिस्कोडान्स, मर्फिया, चरेस, हिरोइन आदि व्यसनहरूको फेरमा परेर, आत्मविस्मृत भएर आफ्नो वर्तमान स्थितिको यस

निदानको अनुसन्धान गर्नसम्म पनि नसक्ने स्थितिमा छन्—कुशिक्षाको व्याप्त संस्कारले हिन्दूधर्म र संस्कृतिको विस्मृति ! अनि राष्ट्रिय भावनाको अभाव ! अनि केवल भोगबादी संस्कार र प्रवृत्तिको विकास ! त्यसबाट धनकुवेर विदेशी र विधर्मीहरूको दासतास्वीकार गर्ने बाध्यता ! अनि कहाँ आफ्नो राष्ट्र ! कहाँ स्वतन्त्रता ! कहाँ सुख ! आज निर्दोष हिन्दूहरूका बस्तीका बस्ती जलाइदिएर तिनीहरूलाई प्रवासी हुन बाध्य गराइएको छ र विदेशी मुसल्मान र क्रिश्चियनहरूलाई स्थानापन्न तुल्याइरहिएको छ । यसरी उत्तरोत्तर भइरहेको हिन्दू, हिन्दूधर्म र संस्कृतिको ह्रास र पतनको दुष्परिणाम र दुरवस्थालाई हेर्न, खप्न नसकेर त्यसको पुनरुत्थानको लागि संस्था खोल्ने, संगठन गर्ने, संघर्ष गर्ने उत्साह र जाँगर लिएर अगाडि बढ्न लागेको देखेर यस उत्साही युवकलाई यो आदर्श हिन्दूराज्य पनि नमूनाको लागि घुमाएर देखाइदिऊँ र यस्तो मौकामा सरकारको अमूल्य दर्शन र निर्देशन पनि दिलाइदिऊँ भनेर लिएर आएको हुँ सरकार, जो हुकुम जो निगाह'' ।

त्यो सुनेपछि सरकारबाट हँसिलो मुखमुद्रामा हुकुम भयो—''राष्ट्रको, विश्वको निम्ति केही काम गरूँ भन्दा अनेक विघ्नहरू पर्छन् । तर आफूले आफ्नो लक्ष्यचाहिँ छोड्न हुँदैन । त्यसो गर्दा आफ्नो चिरआकांक्षाको आदर्श हिन्दूराज्य मैले यहाँ खडा गरिछोडें । व्यावहारिक रूपमा पनि अहिले यहाँ जुन व्यवस्था चलेको छ, विश्वकै निम्ति यो एउटा नमूना जस्तो भइरहेको छ । देवताहरूले पनि, स्वयं देवराज इन्द्रले पनि अहिले भोगप्रधान, कर्मोपासनाहीन स्वर्गको

राज्यलाई भन्दा यस आदर्श हिन्दूराज्यलाई बढ्ता महत्त्व दिन लागेका छन् । व्यावहारिक रूपमा यस राज्यका विभिन्न अङ्गहरू कसरी सञ्चालित भइरहेका छन्, खास गरी हिन्दुत्वको, हिन्दूसमाज र हिन्दूराजतन्त्रको व्यावहारिक पक्षको सारसर्वस्व 'पञ्चमहायज्ञ' दुनियाँको गार्हस्थ्यजीवनमा कसरी कार्यान्वित भइरहेको छ, त्यो सबै घुमेर, हेरेर जाऊ र त्यहीअनुसार निर्भीक भएर लेख, प्रचार गर, काम गर। सफलता अवश्यम्भावी छ । किनकि राष्ट्र, विश्वको लागि गरिएका यस्ता अनासक्त प्रारम्भहरूलाई सफल पार्न ईश्वरले नै साथ दिन्छ। निर्देशनको हकमा, मैले सबैलाई दिने गरेको निर्देशनको मन्त्र एउटै छ, त्यो हो– "यस्मान्न ऋते किञ्चन कर्म क्रियते, तन्मे मनः शिवसङ्कल्पमस्तु" । आशय के हो भने– "जुन काम पनि गर्ने गराउने मन नै हो । त्यस कारण सबैले सर्वप्रथम आफ्नो मनलाई राष्ट्र, विश्व र मानव मात्रप्रति सत्-सङ्कल्पवान् तुल्याउनुपर्छ ।" यो मन्त्र थोरै अक्षरको भए पनि अनासक्त कर्मयोगीको निमित्त आदर्श हिन्दूराज्य बनाउने बृहत्तम घोषणापत्र हो। यसको तात्पर्य यसरी स्पष्ट हुन्छ—

मानव मात्रप्रति सत्सङ्कल्पवान् व्यक्ति (१) भेददृष्टि (अर्थात् सानो, ठूलो, यो जात, ऊ जात) गर्दैन, कसैमाथि पनि साम्प्रदायिक विद्वेष गर्दैन। (२) अन्याय भ्रष्टाचार गरेर अरूको भाग मोसेर अर्थार्जन र संग्रह गर्दैन। (३) अर्काको धर्म, संस्कृतिमा आक्रमण गरेर अरूको कुनै पनि धर्म, संस्कृति र जातिको अस्तित्व मिटाइदिने क्षुद्र, नृशंस पैशाचिक कृत्य गर्दैन। (४) सबै काम फलाकांक्षा

नलिई कर्तव्यबुद्धिले मात्र गर्छ । (५) अन्याय नगर्ने मात्र होइन, कसैमाथि पनि परेको अन्यायलाई ऊ सहन गर्दैन । यस्तै व्यक्ति-विशेषहरूबाट आदर्श हिन्दूराज्यका प्रमुख तीन लक्ष्य– (१) राष्ट्रिय समृद्धि, (२) विश्वशान्ति, (३) सदाको निमित्त जन्म, जरा, मृत्युबाट मुक्ति---हरूको पूर्ति हुन सक्छ । मुख्यतया उक्त आदर्श हिन्दूराज्यका लक्ष्यप्राप्तिका विघ्नकारक, क्षुद्र साम्प्रदायिक विरोधी भावनाहरूको व्यवधानको निराकरणको लागि "वितर्कबाधने प्रतिपक्ष-भावनम्" भन्ने महर्षि पतञ्जलिको योगसूत्रको निर्देशनानुसार उक्त राज्य (आदर्श हिन्दूराज्य)का समर्थक, पोषक यस्ता आफ्नो पक्षधर प्रतिपक्ष भावनाहरूको व्यापक प्रचार हुनुपर्छ कि– "हिन्दूराज्य भनेको अहिंसक, साधुवृत्त, विश्वबन्धुतावादी, सभ्य, शिष्ट व्यक्तिहरूको प्रिय, मानव मात्रको व्यवस्था हो ।" । मेरो यस राज्यमा पनि विभिन्न वर्ण, जाति, धर्म सम्प्रदायका व्यक्तिसमुदायहरू छन्, तर सबैको हृदयमा यी तीन मन्त्र छन्–

१) स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः – (अनासक्त भावनाले जे जस्तो कामबाट पनि सिद्धि मिल्दछ)
२) स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः – (सबैको निमित्त आफ्नो धर्म कल्याणप्रद, अर्काको धर्म हानिकर हुन्छ)
३) सर्वभूतेषु चात्मानं, सर्वभूतानि चात्मनि – (सबै प्राणीमा आफूलाई र आफूमा सबैप्राणी रहेको देख्नू)

भगवान्‌को निगाहले मैले आजसम्म कसैलाई अछूत बनाएर बस्तीभन्दा अलग बसाल्नुपरेको छैन । अर्थात् असामाजिक,

जनजीवनद्रोही, व्यवस्थाविरोधी काम नगरेकोले कसैलाई पनि राज्यले सजाय दिनुपरेको छैन। ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र– यसरी समाजमा पृथक पृथक कार्यविभाजन भएको छ। कतै सङ्कीर्णता छैन। आ–आफ्नो कर्मविशेषको महत्त्वले गर्दा आफ्नो जातिमा सबै आफैं ठूला छन्। राजामा, मान्य गुरुजनहरूमा भक्ति छ। अरू वर्ण, जाति र समुदायहरूमा परस्पर स्नेह सेव्यसेवकभाव, ममता र एकता छ। राष्ट्रभावना सबैको हृदयमन्त्र छ। राज्यमा कसैले पनि संग्रह र शोषण गर्दैन। यहाँ सबैको आर्थिक दृष्टिकोण यही हुन्छ–

यावत् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम्
अधिकं योऽभिमन्येत स स्तेनो दण्ड मर्हति

अरू कुरालाई पनि यहाँ जो पनि परार्थदृष्टिले, कर्तव्यबुद्धि अर्थात् यज्ञिय भावनाले मात्र काम गरिरहेको हुन्छ। यति कुरा म गर्वसाथ भन्न सक्छु- "मेरो आदर्श हिन्दूराज्यमा कुनै एक पनि व्यक्ति चोर छैन, कन्जूस छैन, मद्यसेवी छैन, आफ्नो कर्तव्य शास्त्रोक्त निष्ठाकर्म छाड्ने व्रात्य छैन, अशिक्षित मात्र होइन अविद्वान् छैन, व्यभिचारी छैन, व्यभिचारी नै नभएपछि व्यभिचारिणी हुने त कुरै भएन! + फेरि हिन्दूराज्यका परिचायक ती विशेषताहरू– गाउँगाउँमा देवालयहरू छन्। ठाउँ ठाउँमा यज्ञहरू चलिरहेका

\+ न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः
नाऽनाहिताग्निर्नाविद्वान् न स्वैरी स्वैरिणी कुतः

छन् । घर घरमा सादा जीवनको लागि आवश्यक सम्पन्नता छ । सबैको मनमा धर्मभावना, परस्पर भ्रातृभावना छ○ । यस्तो समाजनिर्माण नभएसम्म राज्यव्यवस्था सफल भएको सम्भन हुँदैन ।"

त्यस दिव्य पुरुषतिर फर्केर राजाबाट फेरि हुकुम भयो– "सञ्चालनप्रक्रियामा त्रुटि, प्रशासनमा कमजोरी, सावधान हुनुपर्ने विषयमा उपेक्षा भयोभने कस्तै उद्देश्य राम्रो भएको व्यवस्था पनि असफल मात्र होइन, राष्ट्र र जनताको निमित्त क्षतिकारक र सदा चिन्ताजनक हुन जान्छ । तिमीले भनेजस्ता वर्तमान नेपालका दुरवस्थाका कारणहरू शायद निम्नलिखित कारणहरूमध्येमै कुनै अथवा सबै परे होलान्, जसबाट शासकले पूरा होशियारीका साथ बच्नुपर्थ्यो र आफ्ना प्रजाहरूसंग आफ्नो सम्बन्ध कायम गरिरहन सक्नुपर्थ्यो—

१) शासकले प्रजाको हितमा आफ्नो हित र प्रजाको सुखमा आफ्नो सुख सम्भेर काम गर्नुपर्थ्यो, त्यसो गरेन होला ।

२) "चौरराजपुरुषेभ्यो वित्तं रक्षेत्" नीतिकारहरूको यस्तो प्रबोधनलाई बिर्सेर आफ्ना प्रजाको काम स्वार्थी मन्त्री र सचिवहरूको भरमा सुम्पेर शासक आफू निर्धक्क, निःशङ्क, निश्चिन्त निष्क्रिय भएर बस्योहोला ।

३) स्तुतिप्रियता र प्रशंसाप्रियताको संमोहनास्त्र प्रयोग गरेर

○ ग्रामे ग्रामे स्थितो देवो देशे देशे स्थितो मख:
गेहे गेहे स्थितं द्रव्यम् धर्मश्चैव जने जने

जनजीवनद्रोही राष्ट्रद्रोही स्वार्थी आफ्नो दर्बारिया चक्रको जालले गर्दा स्वयं शासक नै राष्ट्र र जनताको वस्तुस्थितिको ज्ञानबाटै वञ्चित भयोहोला ।

४) निग्रह र अनुग्रहको यथास्थान प्रयोग गर्ने क्षमता नै स्वयं शासकसंग भएन होला ।

यसपछि श्यामतिर नजर बक्सदै सरकारबाट हुकुम भयो– "लौ आज यत्ति निर्देशन भयो, काम गरेको बूझेर म फेरि पनि निर्देशन दिइरहूंला । त्यो मैले भनिसकें– आदर्श हिन्दुराज्यको व्यावहारिक पक्षको सारसर्वस्व 'पञ्च महायज्ञ' को नित्य विधिलाई-चाहिं घर घरमा सञ्चारित गर्न रात्रोसंग यहाँ हेरेर बुझेर जानू !

राजाबाट त्यस दिव्य पुरुषतिर फर्केर फेरि हुकुम भयो– "त्यो सबै तिमीले घुमाएर देखाइदिनू" ।

त्यो दिव्य पुरुषले हात जोडेर बिन्ती गर्‍यो– "जो हुकुम सरकार ! पञ्च महायज्ञ के के हुन्, म सबै बुझाइदिन्छु, घुमाएर देखाइ पनि दिन्छु" ।

राजा– "लौ जाओ त अहिले । ऊ बोलाउन पनि आइसक्यो, त्यहाँ के ठीक पारिदिएको छ, खाएर जानू" ।

राजाबाट बिदा बक्सेपछि सरकारमा अभिवादन चढाएर त्यो दिव्य पुरुष र म अघिजस्तै अघि पछि भएर सरकारको खोपीबाट निस्कियौं । बाहिर निस्कने बित्तिकै दाहिनेपट्टिको बार्दलीपट्टि पुर्‍याएर अर्को अङ्गरक्षकले भन्यो– "म यहाँहरूलाई लिन आएको,

सरकारबाट के के हुकुम भैरहेको सुनेर भित्र पस्न नसकेको, यो फलफुल, दूध र मालपुवा ठीक पारेको छ, लिनुहोस्। अरू के चाहिन्छ, हामी ठीक गर्न लगाउँछौं।"

त्यस दिव्य पुरुषले हाँस्तै भन्यो– "यो विघ्न अगाडि भएपछि अरू के चाहिनु ?"

राजदरबारबाट निस्केर दश आठ मिनेटको बाटो हिंडिसकेपछि त्यस दिव्य पुरुषले मलाई भन्यो– "अब नित्य पञ्चमहायज्ञहरूको सञ्चालन आदर्श हिन्दूराज्यमा कसरी गरिन्छ, म त्यो देखाइदिन्छु"।

१) त्यो यौगिक शक्ति हो वा मायाशक्ति हो ! त्यस दिव्य पुरुषले 'देखाइदिन्छु' भन्नेबित्तिकै सामनेको एउटा घरको दलानमा कुनै श्रोत्रिय ब्राह्मणले पाँच छ जना द्विजबटुहरूलाई, क्षत्रियकुमारहरूलाई वेद पढाइरहेको देखियो। अनि त्यस दिव्य पुरुषले मलाई भन्यो– "यसरी स्वाध्याय गर्नु र गराउनुलाई ब्रह्मयज्ञ भन्दछन्। पञ्च महायज्ञमध्येकै यो एउटा महायज्ञ हो"।

२) यसपछि फेरि दुइ घर, तीन घर मात्र अगाडि के पुगिएको थियो, त्यस दिव्य पुरुषले मलाई कुनै नैष्ठिक व्यक्तिले बल्दो अग्निमा चरुहोम गरिरहेको पवित्र मनोरम दृश्य देखाउँदै भन्यो– ऊ त्यस्तो होम देवताहरूको प्रीतिपात्र बन्न गरिन्छ। त्यसैलाई 'देवयज्ञ' भन्दछन्। यो पनि पञ्चमहायज्ञमध्येकै एक महायज्ञ हो– "ॐ इन्द्राय स्वाहा, ॐ वरुणाय स्वाहा, ॐ मरुद्भ्यः

स्वाहा !" इत्यादि । त्यस होमको वातावरण कति सुगन्धमय, कति तृप्तिकारक र कति आनन्ददायक थियो । त्यो बखत मनमा लाग्थ्यो– "जहाँसम्म यो होमको धुवाँको सुगन्ध पुग्दछ, त्यहाँसम्म कुनै रोग वा अनिष्ट घटना टिक्न, घट्न सक्तै नहोला !"

३) त्यसपछि लगत्तै बाटोको उपल्लापट्टिको घरको आँगनमा पुगेर त्यो दिव्य पुरुष काठको लामो फलेंचामा गएर बस्यो र छेउमा बस्नको निम्ति मलाई पनि संकेत गर्‍यो, म पनि बसें । अनि त्यस दिव्य पुरुषले एक जना कर्मनिष्ठ व्यक्तिले अर्घपात्रद्वारा तिल, कुश, जल गरेर पितृहरूलाई तर्पण गरिरहेको दृश्य मलाई देखाउँदै भन्यो– "पञ्च महायज्ञमध्येको यो एउटा महायज्ञ हो, यसलाई 'पितृयज्ञ' भन्दछन् । विश्वब्रह्माण्डका अतीतका मृत आत्माहरूको तृप्तिको लागि विधिपूर्वक तिल र जल अर्पण गर्ने यो विशाल र महान् कार्यक्रम हो । यसको वर्णन कति गरूँ ? तर्पणकर्ताका निम्नलिखित कामनावचन नै यस्ता छन्, अनन्त समयदेखिका विश्वब्रह्माण्डका साना ठूला कुनै पनि देहधारीहरूका मृत आत्माहरूले शोक र व्यासमा तड्पिन पर्दैन—

"आब्रह्मस्तम्बपर्यन्तं देवर्षिपितृमानवाः
तृप्यन्तु पितरः सर्वे मातृमातामहादयः
पितृवंशे मृता ये च मातृवंशे तथैव च
गुरुश्वसुरबन्धूनां ये चाऽन्ये बान्धवा मृताः
ते तृप्ति मखिला यान्तु येचाऽस्मतोयकांक्षिणः

येऽबान्धवा बान्धवा वा येऽन्यजन्मनि बान्धवाः

ते सर्वे तृप्तिमायान्तु मद्दत्तेनाम्बुनाऽखिलाः

देवासुरास्तथा यक्षा नागा गन्धर्वराक्षसाः

पिशाचा गुह्यकाः सिद्धाः कूष्माण्डास्तरवः खगाः

जलेचरा भूमिचरा वाय्वाहाराश्च जन्तवः

ते तृप्तिमखिला यान्तु मद्दत्तेनाम्बुनाऽखिलाः

नरकेषु समस्तेषु यातनासु च ये स्थिताः

तेषामाप्यायनायैतत् दीयते सलिलं मया

अतीतकुलकोटीनां सप्तद्वीपनिवासिनाम्

आब्रह्मभुवनांल्लोकानिदमस्तु तिलोदकम्

यत्र क्वचनसंस्थानां क्षुत्तृष्णोपहतात्मनाम्

इदमक्षय्यमेवाऽस्तु मया दत्तं तिलोदकम्

अर्थात्– सृष्टिकर्ता ब्रह्मा, देवर्षि, मनुष्य, माता, पिता, मातामह आदि पितृहरूदेखि लिएर जङ्गलका बूटाबूटीसम्मका मृतात्माहरू, पितृवंशका मातृवंशका मृतात्माहरू, गुरुका ससुराका र हामीबाट तिलोदकप्राप्तिको आशा गर्ने जो अरू पनि बन्धुहरूका मृतात्माहरू छन्, जो बन्धु अबन्धु र जन्म जन्मान्तरका बन्धुहरूका मृतात्माहरू छन्, ती पनि सबै मैले दिएको यस तिलोदकबाट तृप्त होऊन् ।

देव, असुर, यक्ष, नाग, गन्धर्व, राक्षस, पिशाच, गुह्यक, सिद्ध, वृक्षहरू, पंक्षीहरू र जलमा बस्ने, थलमा बस्ने, वायुको आहारा गरेर बाँच्ने जन्तुहरूका पनि जो मृतात्माहरू छन्, ती पनि

मैले दिएको यस तिलोदकबाट तृप्त होऊन् । अरू पनि जुन जुन मृतात्माहरू नरकहरूमा छन्, यातनाहरू पनि भोगिरहेका छन्, तिनीहरूको तृप्तिको लागि पनि म यो तिलोदक अर्पित गर्दछु । सातै द्वीपका, अतीतका करौडौं कुलका मृतात्माहरू र ब्रह्मलोकदेखि लिएर अरू लोकलोकान्तरका मृतात्माहरूको निमित्त समेत यो तिलोदक लागोस् ।

यहाँ उल्लेख हुन नसकेका, भोक र तिर्खाले पीडित जुन जुन मृतात्माहरू, जहाँ जहाँ परेका, बसेका होलान्, ती सबैको निमित्त समेत यो मैले दिएको तिलोदक अक्षय्य होस् ।"

यसरी मलाई पितृयज्ञको स्वरूप र महत्त्व सम्झाइसकेपछि जब त्यो दिव्य पुरुष बाटो लिनको निमित्त उठेर बिदा माग्दै थियो, त्यस तर्पणकर्ताले हत्तपत्त उठेर बाटो छेक्तै विनयका साथ भन्यो– "कृपा गरेर यहाँहरू दुइ जनाले आज मेरो यहीं भोजन गरेर आतिथ्यस्वीकार गरिदिनुभए म ज्यादै अनुगृहीत हुनेथिएँ । आज दुइ तीन दिन भइसक्यो, मनुष्ययज्ञ चलांउन पाउँछु कि भनेर प्रतीक्षा गर्छु, कुनै अतिथि पाउन्न । कुर्दा कुर्दा आधा दिन घर्कन्छ, अनि भोजन गर्छु, यस्तै भइराखेको छ । आज भाग्यले यहाँहरू पाल्नुभयो !" ।

त्यस दिव्य पुरुषले भन्यो– "भर्खर राजदरबारको अतिथ्य-स्वीकार गरेर हामी आएका ! यहाँबाट हामीलाई विशेष भोजन गर्ने आग्रहचाहिं नहोस् । ऊ त्यो दुइ कोसा केरा दुइ जनालाई

एक एकओटा पाऔं, हामी खान्छौं। यहाँको मनुष्ययज्ञ विहत नहोस्, सम्पन्न होस् भनेर हृदयले प्रार्थना गरिदिन्छौं''।

अनि त्यस गृहस्थले पनि मर्म बुझेर हामी दुबै जनाको हातमा एक एक ओटा केरा राखिदिएर, विशेष अरू आग्रह नगरीकन भन्यो- "उसो भए एक एक गिलास दूध, अथवा मट्ठा के मन पर्दछ, ल्याऊँ त ?"।

त्यस दिव्य पुरुषले भन्यो- तृप्त भयौं, चिन्ता नगर्नुहोस्''।

४) यसरी त्यहाँबाट बिदा भएर हिंडेपछि त्यस दिव्य पुरुषले मलाई बाटामा भन्यो- "हिन्दूधर्म, संस्कृतिको व्यावहारिक पक्षको सारसर्वस्व मानिएको पञ्च महायज्ञहरूमध्येको एक 'मनुष्ययज्ञ' भनेको यही हो। कुनै पनि कर्मनिष्ठ हिन्दूले पाएसम्म अतिथिको स्वागतसम्मान गर्छ, त्यसलाई सश्रद्ध भोजन गराउँछ र उसले खाएर बचेको भोजनलाई पछिबाट ग्रहण गर्दछ। कसैले यसरी अतिथिसम्मान अर्थात मनुष्ययज्ञ नगरी आफ्नै निम्ति मात्र पकाउने, खाने गर्दछभने, अन्न खाएको होइन, त्यसले खास पापै खाएको हो भनेर श्रुतिले त्यस्ता व्यक्तिको निन्दा गरेको छ- "केवलाघो भवति केवलादी''।

५) तथा च- कर्मनिष्ठ हिन्दूले त्यसरी अतिथिसम्मान गरिसकेर पनि आफ्नो भोजनअगाडि एउटा ठूलो पातमा गोग्रास (गाईलाई एक गास हुने जति भोजनबाट छुट्याएको) र अर्को ठूलो पातमा काकबलि (अर्को एक गास कागहरूको निमित्त छुट्याएको) दिन बाहिर कसैलाई पठाउँछ र त्यसरी लक्ष्मी गोमाताको पेटमा र

कागहरूको पेटमा अन्न परिसकेपछि त्यसले आफ्नो भोजनप्रारम्भ गर्दछ। अनि भोजन गरिसकेपछि पनि भोजनको थोरै अवशिष्ट अंश लिएर त्यसले बाहिर खुला ठाउँमा चराहरू कीटपतङ्गहरूको निमित्त भनेर उत्सर्ग गर्दछ। यस विधिलाइ 'भूतयज्ञ' भन्दछन्। यो पनि पञ्च महायज्ञहरूमध्येको एक महायज्ञ हो।"

यसरी देखाई देखाई पञ्च महायज्ञहरूको स्वरूप र विशाल महत्त्व बताइदिसकेपछि त्यस दिव्य पुरुषले मलाई भन्यो- "लौ, मैले तिमीलाई एकै ठाउँमा देखाउन नपाएकोले क्रमव्यत्यास भयो होला, तर एक एक गरेर पञ्च महायज्ञ देखाइदिसकें, सबै सम्झन सक्यौ कि सकेनौ ?"

मैले विनयसाथ भनें- "सम्झेको छु"।

अनि उसले हल्का मुस्कानका साथ भन्यो- "अब आदर्श हिन्दूराज्यमा कस्तो शिक्षा दिइन्छ, न्यायनिसाफ कसरी गरिन्छ, आर्थिक व्यवस्था कसरी सञ्चालित गरिन्छ ?, यो सब म देखाइदिन्छु- "पहिले शिक्षाको सम्बन्ध..."- भनेर त्यस दिव्य पुरुषले मलाई के भन्दै थियो, मेरो कानमा ढोकामा हानेको 'ढक् ढक्' आवाज र 'श्याम ! श्याम' भनेको आवाज पऱ्यो, म झल्यांस्स ब्यूंझिएँ। गम्भीरमान्‌ले बोलाएको रहेछ। अनि मैले अरू ती कुरा सुन्न, हेर्न पाइन। यो ब्यूंझाइले मलाई साह्रै ठूलो विघ्न पाऱ्यो। ब्यूंझेपछि मलाई ज्यादै थक्क थक्क लाग्यो, अहिले पनि लागिरहेकै छ- किनकि मैले ज्यादै ठूलो शिक्षा पाइरहेको थिएँ।

भउपर भगवान्‌बाट ज्यादै ठूलो अनुग्रह भइरहेको थियो। अब फेरि त्यसरी होला नहोला। अहा! कस्तो अवर्णनीय, अकथनीय आनन्दको सपना! मैले त्यहाँ जुन जुन दृश्य देखें, ती कति शान्त! कति सौम्य! कति आह्लादक र कति आकर्षक थिए? भनेर व्यक्त गर्न मसंग शब्द नै छैन।"

गम्भीरमान्‌ले साथीहरूको मुख हेरेर भन्यो– "कति राम्रो भयो यो? भगवान्‌को निगाहले हामी सबैलाई दिएको निर्देशन हो यो काम गर्नको निम्ति!"

सबैले एकै स्वरमा भने– "हो, निर्देशन नै हो, भगवान्‌को निगाह हो!, ज्यादै खुशीको कुरा हो!"

गम्भीरमान्– "लौ त श्याम, अब त्यो लेख्न थालिहाल। त्यो नसकीकन त अगाडि बढ्ने कुरै भएन"

श्याम– "एक दुइ दिनमा सकिहाल्छु नि। निर्देशन पाइहालें त!"।

८

जनककुमार राई– हेर भाइहो, हामी गोप्यताका साथ काम गरिरहेका छौं भनेर भन्छौं, तर हामी बसन्तराईकहाँ गएको, हामीले काम गर्ने संस्था बनाइससेको, विधान तयार भएको, यच्च यावत् कुराको सरकारले सुराक पाइसकेको रहेछ। यो कुरा मलाई जसले भन्यो, मैले त्यसको नाम दिन र यो अफिसमा काम गर्छु भन्न हुँदैन। मैले प्रतिज्ञा गरेको छु। विश्वासघात हुन्छ। उसले स्पष्ट भन्यो—"तिमीहरू छ सात जना मिलेर सरकारविरोधी संगठन गर्दै छौ। सरकारले तिमीहरूलाई ज्यादै नराम्रो आँखाले हेरिरहेको छ। नराम्रो गर्छ है!"।

श्याम– "डराउनुपर्दैन। अहिलेसम्म हामीले आफ्नो उद्देश्य-बारे कुनै अखबारमा वक्तव्य दिएका छैनौं। पर्चा छरेका छैनौं। कुनै भेलामा गएर बोलेका छैनौं। अनि केको प्रमाणले नराम्रो गर्ने सरकारले हामीलाई ? बरु यो संविधानलाई २०–३० प्रति टाइप गराउनुपर्‍यो। अब संगठन गर्न जिल्ला जिल्ला बाँडेर हामीले हिँड्नु पनि पर्‍यो। पचहत्तरै जिल्ला नभए पनि कम से कम तीस

पैंतीस जिल्लाका प्रतिनिधिहरूको सहभाग त छिटै नै 'उदार हिन्दूराज्यमा' गराउनैपर्छ। यी सब काम अहिलेलाई गोप्य नै हुनुपर्‍यो। संस्था नवजात शिशु नै छ। कलिलैमा हत्या नभइहालोस्। यसलाई ध्यानमा राखेर, जिल्ला जिल्लामा पुगेर काम गर्न गराउन तत्काल नै बाह्र पन्ध्र हजार रुपियाँ पनि चाहियो, कसरी जोड्ने ?"।

जितबहादुर– "पैसाको निम्ति चिन्ता नगर। पहिले यो कुरा गर न। फेरि म जान पाइन। हाम्रो यो विधान हेरेर के भने मि. अहमद्दीनले ?"

श्याम– "हामी अरू सबै गएका थियौं। अहमद्दीनले पनि राईजीले पनि विधानको प्वाइन्ट प्वाइन्ट हेरेर ज्यादै प्रशंसा गरेका छन्। काम गर्न ज्यादै ज्यादै प्रेरणा र उत्साह पनि दिएका छन्।"

गम्भीरमान्– "विधायिकाका सदस्य दुइ दुइ जनाले विधान हेरेर त्यसबमोजिम काम गर भनेर प्रेरणा दिएको ठाउँमा कतै डर हुन्छ ?, हामीले डराउनुपर्दैन"।

जितबहादुर– "सदस्य मात्रै हो ? भोलि प्रधान मन्त्री हुने पूरा सम्भावना भएका विशिष्ट सदस्यहरूले प्रेरणा दिएको भन न ! साँच्चै ती दुईमध्ये एक जना प्रधान मन्त्री भइदिहालेभने त हाम्रो संगठन कति मजबूत होला ? जब कि उनीहरूले त्यसलाई आफ्नो संगठन संझन्छन्। उनीहरूको व्यक्तित्व मात्र न हो, संगठन त छैन !"

श्याम– "हामीले डराउनुपर्ने कुरै छैन । तर जे होस्, यिनीहरूकै हातमा शक्ति नआउन्जेल हामीले पर्दाभित्र बसेरै काम गर्नुपर्छ अहिले । अनि जितबहादुर ! "पैसाको निमित्त चिन्ता नगर त भन्यौ, कसरी जुटाउँछौ ?"

जितबहादुर– "तिमीहरू सबैको हालत कस्तो छ भन्ने कुरा मलाई थाह छँदै छ । अर्कोसंग चन्दा माग्ने अहिले साइनो नै छैन । त्यो बेलै आएको छैन । अनि के गर्ने त ? कि कामै रोक्नुपर्‍यो । कि आफ्नो जग्गा सडकमैं पर्छ । चार आना, छ आना जग्गा आफ्नो पार्टीको लागि मैले फालिदिनुपर्‍यो !"

श्याम– "ओहो ! त्यसो भए त काम चलिहाल्यो नि ! कति आउँछ छ आना जति बेचियोभने ?"

जितबहादुर– "आउँछ अहिले त अढाई लाख तीन लाख जति ।

श्याम– "काम गर्न अहिलेलाई पर्याप्त हुनेरहेछ !"

जनककुमार– "घर गएर गाहकी खोज्न पाए, जग्गै बेचेर त्यति त म पनि ल्याउन सक्नेथिएँ ।"

गम्भीरमान्‌ले हाँस्तै जनकको मुख हेर्दै भन्यो– "तिमीले घर पुग्नुपर्‍यो, पहाडको ठाउँमा गाहकी भेट्नुपर्‍यो, बेच्नुपर्‍यो, ल्याउनुपर्‍यो, त्यो टाढा छ । त्यो पनि पछि त गर्नैपर्ला । तर अहिले तत्काललाई काम चलाउन सबैले एकै मुखले भन– "जितबहादुर जिन्दावाद !"

सबैले हाँस्तै भने– "जितबहादुर जिन्दावाद !"

अनि धेरै किसिमका राजनीतिक गफहरू भइसकेपछि जितबहादुरले श्यामको मुख हेरेर भन्यो– "अब छिटो काम गर्न सकिनभने मैंबाट काम अड्किने भयो होइन त ?"

श्याम– "त्यसै त भन्नुपऱ्यो नि !, प्रतिज्ञा, निर्णय गरिसकेपछि । बरु कहिलेसम्ममा बिक्री हुन सक्ला ?"

जितबहादुर– "जहिले भन्यो, उहिल्यै । किनभने– मेरो घरभन्दा बायाँपट्टिको घर इन्द्रचोकको कपडापसले इन्द्रमान भन्नेको हो । ऊ बेपारले करोडपति छ । मेरो जग्गाको एउटा चोसो त्यसको घरको चोकसम्मै पुगेको छ र त्यो चोसो पूरै छ आना छ । त्यो मेरो जग्गाको तल पनि माथि पनि इन्द्रमानकै जग्गा पर्छ । त्यसले गर्दा मेरो घरपट्टि क्याम्प–पर्खाल लगाउन त्यसलाई अप्ठेरो परेको छ; नलगाइ पनि भएको छैन । त्यसैले त्यति जग्गा दे, म आंठो मिलाएर पर्खाल लगाउँछु भनेर त्यसले अनुरोध गरेको धेरै समय भइसक्यो । मैले पनि दिन्न भनेर निराश तुल्याएको छैन । कहिले देला र पाउँला भन्ने छ त्यसलाई ! भन्न बेर न, टाउकाले टेकेर त्यसले त्यो जग्गा लिन्छ । जग्गाको मूल्यचाहिं, अहिले हाम्रो त्यहाँ पाँच, साढे पाँच लाखमा लेनदेन चलिरहेको छ । त्यसलाई अदकर परेको हुनाले त्यति जग्गाको तीन लाख त म अवश्य लिन्छु" ।

"लौ, त्यति भए त पार्टीको राम्रै जग बस्छ । त्यसपछि राजनीतिक वातावरण पनि हाम्रै पक्षको भइदियोभने त लक्ष्यको

नजीक पुग्न हामीलाई धेरै समय पनि लाग्दैनहोला। बरु पैसा हात पर्नेबित्तिकै एउटा टाइपराइटर र एउटा डुप्लिकेटिङ्ग मेसिनचाहिं लिइहाल्नुपर्‍यो है। जिल्ला जिल्लामा साथीहरूलाई दिन निकै निकै नै प्रति हामीलाई विधान चाहिन्छ। छाप्नेचाहिं पछि पार्टीको अधिवेशन गरेर, त्यसबाट पास भएपछि गरिरहौंला''।

जनककुमार– ''भोलि त नयाँ सरकार बन्ने भनेर अखबार-हरूले दिइसकेका छन्। हल्लाखल्ला के के छ? जाऔं घुम्न न्यूरोडतिर, बुझ्न पाइन्छ''।

श्याम– ''मेरो त अलिकति लेख्ने पढ्ने काम छ। घर, डेरामा पुग्न उता जानुपर्नेले बुझेर मलाई खबर दिए भइहाल्यो नि। वाराणसीका साथीहरूको चिट्ठीको जवाफ पनि मैले दिन पाएको छैन''।

गम्भीरमान्– ''तै तै, अब एक दुई दिन जवाफ नदिने। त्यसपछिको राजनीतिक वातावरण यहाँ कस्तो हुन्छ, त्यहीअनुसार लेख्नुपर्छ। उनीहरूमा पनि उत्साह र प्रेरणा आओस् न!''

श्याम– ''ठीक भन्यौ। के हो, के हो! राम्रो, हर्षलाग्दो, उत्साहलाग्दो जवाफ दिन पाइन्छ कि। दुइ दिनलाई किन हतारियूं त!''

जितबहादुर– ''भैगयो, नहतारिऔं। त्यो कुरा ठीकै छ। बरु श्यामले पनि, अरू भाइहरूले पनि मेरो अर्को कुरा सुन– ''पर्सि नयाँ सरकार बन्ने भनेका छन्। त्यसको पर्यवसान नभईकन अब

हामी अरू राजनीतिक कुरा गर्दैनौं, सोच्तैनौं । किनभने करतो काम गर्ने, कसरी गर्ने भन्नुअगाडि त्यही उत्कण्ठा छ, त्यही कौतुक छ, त्यही जिज्ञासा छ– नयाँ सरकार कस्तो बन्दछ ? आफ्नो पक्षको वा विपक्षको ? त्यसैले यो कुरा छोडेर भोलिलाई मेरो प्रस्ताव छ— धर्म र संस्कृतिको चर्चा परिचर्चा गरौं । मैले कति पटक भनिसकेको छु– हामी धर्म र संस्कृतिको कुरा गरिटोपल्छौं, तर आफैं जान्दैनौं, अरूले सोधेभने जिल्ल नै पर्दछौं– 'के हो हिन्दूधर्म, के हो हिन्दूसंस्कृति ?' । भोलिको दिन फुर्सतकै दिन जस्तो भयो । त्यसैले हिन्दूधर्म र संस्कृतिलाई हाम्रो अगाडि छर्लङ्ग पारिदिनुपऱ्यो । त्यो नित्यकर्मपद्धति पनि श्यामले सरसर सुनाए । तर त्यसरी सुनेर मात्र भएन । धेरै ठाउँमा शङ्का लागेको छ, त्यसको पनि समाधान हुन पऱ्यो । लौ भाइहो, भोलिको कामचाहिं यो, कसो भन्छौ ?"

गम्भीरमान्– "यस्तो आवश्यक कुरालाई 'कसो ?' भन्ने कुरै छैन । कति बजे जुट्ने हो, त्यसको निर्णय हुनुपऱ्यो, त्यत्ति हो ।"

जनककुमार– "भोलि एक बजेतिर नै गरौं न !"

श्याम– "ठीक छ त एक बजे नै गरौं"

गोपाल– "भोलि १ बजे म आइपुग्दिन । भोलि मेरी मामालाई भेट्ने काम छ । अढाई तीन बजेतिर मात्र म आइपुग्छु । आउन त आउँछु" ।

यादव– "म त भोलि आउनै सक्तिन । गाउँतिरको एउटा काम छ, नगरी नहुने" ।

मेघनाथ– "त्यस्तो पाठ पनि छोड्न हुन्छ ? म त आउँछु, आउँछु !"

श्याम– "सबैले शङ्का लागेका कुरा जति टिपेर ल्याउनू है, त्यसो भए पछिलाई फेरि शङ्का रहिरहदैन ।"

गम्भीरमान्– "मलाई त सबै सम्मै छ । शङ्का उपशङ्का केही पनि छैन । केही बुझेको, केही नबुझेकोलाई पो शङ्का ! सबै नबुझेकोलाई केको शङ्का ?"

यति सल्लाह र गफगाफ भएपछि श्यामलाई छोडेर अरू साथीहरू आ–आफ्नो घर, डेरातिर लागे । विस्तार विस्तार सूर्य पनि अस्ताचलतिर लागे । साँझ पर्‍यो । केही समयपछि त्यो साँझ पनि रातमा परिणत हुँदै गयो । शिशिरऋतु लागिसकेको छ । मुटु नै कक्र्याउने क्रूर कठोर हावा बहिरहेको छ । सारा वृक्ष-बल्लीहरू अनियन्त्रित ढङ्गबाट आन्दोलित, कम्पित भइरहेका छन् । सबैका पत्रनयनहरू शीतका आँसूले भिजेका छन् । आकाश विषादै विषादले नीलो भएजस्तो, खिन्न भएजस्तो मौन छ । कतै लाटोकोसेराहरू क्वार्र क्वार्र गरेर कराइरहेका छन् । कतै श्यालहरूको नीरस, कर्णकटु हुय्य हुय्य आवाज आइरहेको छ । त्यो रात देख्दै कालो, यति नरमाइलो, चिच्याहटलाग्दो थियो कि दुर्दैवले वेसमयमा आमन्त्रित गरेको मानो त्यो काल रात्रि नै थियो !

९

भोलिपल्ट एक बजे गोपाल र यादवप्रसादबाहेक सबै साथीहरू श्यामको घरमा पुगे । जाँदा जाँदै जितबहादुरले श्यामलाई सोध्यो– "म एउटा प्रश्न गर्छु– सपनामा म एउटा पुलबाट खोलो तरिरहेको रहेछु । बीचमा पुगेपछि मैले देखें– पुल भत्केको रहेछ । तर्न पाइन, फर्कें । फर्कन बेर न ब्यूँझि पनि हालें । यस्तो सपनाको फल कस्तो हुन्छ ?"

"कस्तो नराम्रो सपना सुनियो ! यो सपना व्यक्तिगत कुनै उद्देश्य बिगार्ने संकेत हो वा सामूहिक उद्देश्य बिगार्ने संकेत हो ?, सामूहिक नै होभने त हामी सबैको यसले राम्रै लक्ष्यभङ्ग नगरी छोड्दैन !"– जितबहादुरको प्रश्न सुन्नेबित्तिकै श्यामले यति कुरा मनमनै निराश भएर सोच्यो र साथीहरूको मनमा पनि किन शङ्का पारिदिने ? भनेर कृत्रिम मुस्कानका साथ जितबहादुरलाई भन्यो– "स्वास्थ्य नराम्रो हुन पनि कहिले कहीं यस्ता सपना देखिने गर्छन् । सपनाको कुरा यस्तै हो । बरु हिजोको प्रस्तावको सम्बन्धमा प्रश्न बनाएर ल्याएको हो त ?, जितबहादुर !

जितबहादुर– "लेखेको त छैन । तर मुखैले म सोध्छु– धेरै छन् शङ्का लागेका कुरा" ।

श्यामले गम्भीरमान्‌को मुख हेर्‍यो । हेर्नेबित्तिकै गम्भीरमान्‌ले हाँस्तै भन्यो– "मेरो त मुख हेर्नैंपर्दैन । मलाई त ज्यादै मूर्ख भने पनि भयो, ठूलो विद्वान् भने पनि भयो ।"

श्याम– "किन ?"

गम्भीरमान्– "शङ्कै नभएको, सारा प्रश्नहरूको स्वयं समाधान गरेर बस्न सकेको कि विद्वान् नै हुन्छ, कि मनमा प्रश्न-त्रस्न केही नभएको, सम्मको, हर्दो न भर्दो मूर्ख नै हुन्छ । लौ मलाई जे ठान्छौ– "मसंग त कुनै शङ्का नै छैन । भनाइको मेरो मतलब– धर्म र संस्कृतिको सम्बन्धमा मलाई बाह्राखरीदेखि नै पढाउनुपर्‍यो, पढाउने नै होभने !"

गम्भीरमान्‌को कुरा सुनेपछि सबै जना हाँसे । त्यसपछि एउटा लामो कागत श्यामको हातमा दिंदै जनककुमारले भन्यो– "मैले त अरूले हामीलाई सोध्ने किसिमका चौधओटा प्रश्न लेखेर ल्याएको छु । यसैमा छ । यति चौध प्रश्नको जवाफ दिन सक्ने बनाइदिनू, यति भए मलाई पुग्छ" ।

श्याम– "हो, ठीक भयो । सबैले यसै गरी लेखेर ल्याउनू भनेको हो मैले" ।

अनि मेघनाथपट्टि फर्केर श्यामले भन्यो– "प्रश्न छ ?"

"ल्याएको छु। तर विषयवस्तु राम्रो नबुझेको व्यक्तिले प्रश्न पनि कहाँ बनाउन सक्छ र ! अघि हामी हाँस्यौं हाँस्न त । तर गम्भीरमान्ले भनेको कुरा सत्य छ नि !"– भन्दै मेघनाथले दुई पत्र श्यामको हातमा दियो। श्यामले पनि ती प्रश्नजतिलाई एकै ठाउँमा राखेर भन्यो– "प्रश्नहरूलाई, जजसका हुन्, मिसाएर कुनै आपत्ति छैन। किनभने सबैका प्रश्न र ती प्रश्नका उत्तर सबैका निम्ति ज्ञानवर्धक र ज्ञातव्य नै हुन्छन्। तर अब म धर्म र संस्कृति भनेर हामी केलाई भनिरहेका छौं, त्यो बताउँछु। अनि प्रश्नोत्तरतिर जाउँला। धर्म र संस्कृतिको व्याख्या गर्ने क्रममा उक्त धर्म र संस्कृतिको बारे आजभन्दा पैंसठ्ठी वर्षअगाडिको २०४०।७।१३ को एक साधिकार विद्वत्सभाले गरेको सन्देशलाई सर्वप्रथम म तिमीहरूलाई सुनाउँदछु, सुन—

"विश्वको एक मात्र हिन्दू अधिराज्यमा निवास गर्ने हामी वैदिक सनातन वर्णाश्रमधर्मानुयायी हिन्दूहरूले आफ्नो, राष्ट्रको र विश्वको नै कल्याणका लागि वैदिक सनातन वर्णाश्रमधर्मको अनुपालन गर्नु परमावश्यक छ भन्ने कुरा विचारशील व्यक्तिहरूलाई विदितै छ। धर्म–संस्कृति, परम्परा राष्ट्रको प्राण नै हो भन्ने कुरा पनि कसैबाट छिपेको छैन। वैदिक सनातन वर्णाश्रम धर्मलाई हिन्दूधर्म पनि भन्दछन्। वैदिक सनातन वर्णाश्रम धर्मका विषयमा केही भ्रान्त धारणाहरू समाजमा फैलिने सम्भावना पनि बढ्दो रूपमा देखिन थालेको छ र हाम्रा समाजमा परम्परागत शास्त्रीय आचार–विचारमा र संस्कृति–सभ्यतामा समेत शिथिलता आउँदै गरेको पनि

देखिएको छ। नगरमा मात्र हैन, गाउँघरमा समेत यस प्रवृत्तिले प्रवेश गरी समाज जर्जर हुनतिर बढेको भान भएको छ र ''येनास्य पितरो याता येन याताः पितामहाः। तेन यायात् सतां मार्गं तेन गच्छन् न रिष्यति'' इत्यादि शास्त्रमा देखिएको 'आफ्नू शास्त्रानुकूल देशाचार कुलाचारको अवलम्बन गरेमा कुनै दुःख पर्दैन' भन्ने उपदेश विशेष गरी सम्झनैपर्ने स्थिति आएको छ। तसर्थ नेपालका राष्ट्रवृद्ध, नगरवृद्ध, ग्रामवृद्ध, कुलवृद्ध, गृहवृद्ध, पण्डित, गुरु तथा पुरोहितहरूलाई वर्तमान समयमा वरिपरि बढिरहेका अतिभौतिकतावादी र विधर्मी वातावरणका विषयमा समेत जागरूक भै आफ्ना आफ्ना क्षेत्रमा वैदिक सनातन वर्णाश्रम धर्मको अनुपालन गर्न गराउनमा दृढ एवं क्रियाशील हुन यो विद्वत्-सभा साग्रह अनुरोध गर्दछ। वैदिक सनातन वर्णाश्रम धर्म (हिन्दुधर्म) को अनुपालन गर्दा विशेष ध्यान दिनुपर्ने कुराहरू सूत्र रूपमा तल उल्लेख गरिएका छन्। तिनको विशद प्रतिपादन यथासमय यस सभाबाट हुँदै जानेछ—

क) ब्राह्मण, क्षत्रिय, वैश्य शूद्रादि जाति जन्मले र स्वजात्युचित शास्त्रीय संस्कारले नै हुन्छन्।

ख) वैदिक-सनातन-वर्णाश्रम-धर्मानुयायी सबै हिन्दूहरूले—

१. शास्त्रनुकूल देश-जाति-कुल-धर्ममा दृढ रहनुपर्दछ।

२. व्रतबन्ध-विवाहादि संस्कारहरू शास्त्रानुकूल रूपमा सम्पन्न गर्नुपर्दछ।

३. यथाधिकार वेदादिशास्त्रको अध्ययन गर्नुपर्दछ।

४. विवाह आफ्नै जातिमा गर्नुपर्दछ ।

५. शास्त्रानुसार चूडाकर्म र व्रतबन्ध भएपछि शिखा-यज्ञोपवीत-धारण गर्नैपर्दछ ।

६. यथाधिकार स्नानपूर्वक शुद्ध वस्त्र पहिरिएर सन्ध्योपासना-पूजा-पाठ-भोजनादि नित्यकर्म गर्नुपर्दछ ।

७. जाति-कुल-धर्मानुसारको भक्ष्याऽभक्ष्य-पेयाऽपेय-नियमको पालना गर्नुपर्दछ ।

८. जातिकुलधर्मानुसारका अन्त्येष्टि, आशौच, श्राद्धादिहरूको शास्त्रानुकूल रूपमा परिचालन गर्नुपर्छ ।

९. वेद, ब्राह्मण, गाई, देवता, पितृ, राजा, पिता, माता, गुरु आदिको सम्मान गर्नुपर्दछ ।

१०. आफ्ना आफ्ना वर्णाश्रमादि-अनुसार न्याय्य र धर्म्य वृत्ति लिएर जीवनयात्रा चलाउदै धर्ममा विरोध नपर्ने अर्थ-कामको मात्र उपभोग गरी अभ्युदय र निःश्रेयसका लागि सदा प्रयत्नशील रहनुपर्दछ ।

११. आपत्कालमा कुनै धर्मानुकल्पको अनुसरण वा धर्मसङ्कोच गर्नपरेमा शास्त्रज्ञ कुलवृद्धहरूका सम्मतिबाट मात्र त्यसो गर्नुपर्दछ ।"

यस सन्देशले धर्मको रूप र त्यसको महत्त्वबारे प्रशस्त प्रकाश पारेको छ, तापनि अरू व्यावहारिक भाषामा धर्मलाई यसरी स्पष्ट पारेर सम्झाउन सकिन्छ- 'धर्म' शब्दको धातुगत अर्थ त धारण गर्नु नै हुन्छ । निरुक्तमा धर्मशब्दको अर्थ नियम भनिएको छ ।

यो दुवैलाई मिलाएर भन्दा 'धर्म' शब्दको अर्थ हुन्छ– "जुन नियमले विश्वसंसारलाई अडयाएर राखेको छ, त्यो नियम नै धर्म हो।

"सत्यञ्ज्जायते, दयया दानेन च वर्धते, क्षमायां तिष्ठति, क्रोधान्नश्यति"

अर्थात्– "धर्मको उत्पत्ति सत्यबाट हुन्छ। दया र दानबाट धर्मको वृद्धि हुन्छ। क्षमामा धर्मले निवास गर्छ। क्रोधबाट धर्मको नाश हुन्छ" भन्ने यसको अर्थ हो।

सनातक धर्म नै हाम्रो रक्षक हो, पोषक हो र भविष्यको निम्ति एक मात्र आश्रय हो। योगेश्वर भगवान् कृष्णले आफ्नो विश्वकल्याणकारी गीतादर्शनको व्याख्याको श्री गणेश नै 'धर्म' शब्दबाट गर्नुभएको छ। यसबाट बुझिन्छ– विश्वका यच्च यावत्......"

श्यामले यसरी धर्मको व्याख्या गर्दै थियो, त्यसै वेला उसको घरमुनि कुनै मोटर आएर रोकिएकोजस्तो आवाज कानमा पऱ्यो र (झ्यालको) नजीकै भएकोले जितबहादुरले झ्यालबाट हेऱ्यो। हेर्नेबित्तिकै तुरुन्त नै झ्यालबाट मुन्टो फर्काएर उसले श्यामलाई भन्यो– "छ सात जना पुलिस जीपबाट ओर्लेर हाम्रो घरभित्र पसे। के हो श्याम !"

जितबहादुरको कुरा सुन्नेबित्तिकै श्यामले जितबहादुरको सपना सम्झियो र सशङ्क एवं विषण्ण मुखमुद्रामा भन्यो– "खै, के हो !"

श्यामले यति भनिसक्न पनि पाएको थिएन, छ जना पुलिसहरूले सरासर माथि आएर श्यामसमेत सबै उसका साथीहरूलाई पक्रे, कोठाका सारा कागतपत्र आफ्नो कब्जामा लिए। जसमा 'उदार हिन्दूसमाज' संस्थाको विधान पनि पऱ्यो।

त्यसपछि पुलिसहरूले ती सबैलाई तल ओरालेर जीपमा राखे र सरासर भद्रगोल जेलको पनि भित्रपट्टि गोलघरमा लगेर थुनिदिए। यो घटना श्यामलाई मात्र होइन, अरू साथीहरूलाई समेत सपना जस्तो लाग्यो। पुलिसहरू फर्केपछि, जेलमा सबैलाई फुर्सतै भइहाल्यो! नानाथरि शङ्का उपशङ्का गरेर आ–आफूमा उनीहरूको कुरा चल्न थाल्यो।

श्यामले भन्यो– "कसले पक्रायोहोला हामीलाई ?"

जितबहादुरले भन्यो– "तिम्रै भानिज दाजु पर्यटन–सचिवले हो कि जस्तो लाग्छ है मलाई त"।

श्याम– "होला र ?"

एकछिन घोरिएर फेरि श्यामले भन्यो– "अथवा कसको विश्वास ? हुन पनि सक्छ। तिमीले पनि भन्नसम्म भनेका थियौ !"

जितबहादुरले मलिन मलिन चेहरामा भन्यो– "मैले भन्नै नहुने कुरा भनेको थिएँ र ?"

श्याम– "होइन, त्यसो त। म त नातेदार पनि भएँ। त्यस्तासंग व्यवस्थागत असन्तोष पोखेर काम पनि थिएन। त्यसैले मैले त्यस्तो केही भनिन। तिमीलेचाहिँ उसलाई बिझ्ने गरी नै

खलामल्ला कुरा सुनाएका थियौं भनेर मात्र मैले भनेको हुँ। ा त्यतिले पनि पुगेको थिएन। किनभने म तिमीलाई सत्य भन्दछु– भारतवर्षको धर्मसंस्कृतिको मूलोच्छेद मुगल, ान, ब्रिटिश कसैले गर्न सकेको होइन, नयाँ शिक्षाप्राप्त ायहरूले नै गरेको हो। त्यस्तै हाम्रो देशको धर्मसंस्कृतिको छेद कुनै मुसलमान, क्रिश्चियनहरूले गरेको होइन, यस्तै एक ानको निम्ति जन्मेका, विधर्मीहरूका दलाल, स्वार्थपिशाच, ाही तत्त्वहरूले नै गरेको हो। जसले गर्दा हाम्रो समष्टि ्को आज यो दुर्गति भएको छ। यस्ता राष्ट्रद्रोही तत्त्वहरू धर्म र संस्कृतिनिर्मूलनद्वारा नेपाल र नेपालीको अस्तित्व ने कुप्रयासमा कहिलेदेखि सक्रिय थिए भन्ने कुरा बुझ्न न्दा ६०–६५ वर्षअगाडिको गर्वगौरवहीन एवं हृदयविदारक, प्रदर्शक इतिहासका पन्नाहरू पल्टाउनुपर्छ। त्यसताक ा शाश्वत मूल्यहरू (राजतन्त्र, राष्ट्रिय धर्म, संस्कृति, राष्ट्र र ता) को संरक्षण होस् भनेर मनसा वाचा कर्मणा आग्रह कै निमित्त निरन्तर तप गर्दै आएका व्यक्तिविशेषहरूका र अभियानहरूलाई यस्ता विधर्मीका दलाल, अर्थपिशाच, ती तत्त्वहरू— आज नेपाल र नेपालीको यो गति हुनु र यसरी प्रतिवाद र प्रतिकार गर्थे—

:) "हिन्दूराज्यको प्रतिष्ठा राख्न, अस्तित्व बचाउन बक्रीवितरणमा कानूनी प्रतिबन्ध लगाओ" भन्योभने–

"राष्ट्रको विदेशी मुद्राअर्जन गर्ने पर्यटन–उद्योगको विकासमा बाधा पर्दछ" भन्थे।

२) "धर्मका आक्रामक एवं दुराशयी क्रिश्चियन र मुसलमानहरुका एजेन्टहरुले धनको प्रलोभनमा फँसाएर नेपालका बौद्ध र हिन्दूहरुलाई धर्मान्तरण गराउने कुत्सित अभियान चलाइ-रहेका छन्, यसको परिणाम एक दिन हाम्रो राष्ट्रियता र नेपालीत्व नै नष्टविनष्ट हुनेछ, यसमाथि तुरुन्त नियन्त्रण गरिहाल" भन्योभने– "यस्तो अन्तर्राष्ट्रियतावादी उदार र विशाल भावनाको प्रचारप्रसार भएको जमानामा 'हिन्दूधर्म र क्रिश्चियन धर्म' भन्ने जस्ता सङ्कीर्ण र साम्प्रदायिक विवाद खडा गर्नु उचित छैन" भन्थे।

३) "सनातनधर्मका प्रच्छन्नशत्रु, नानाथरि विदेशी धर्माडम्बरीहरू पसेर हाम्रा अर्थपिशाच, कर्मचण्डाल, भ्रष्ट धर्मप्रचारकहरूको समेत आन्तरिक प्रश्रय र प्रोत्साहनमा ब्राह्मणका बाना पैह्रेर, शास्त्रोक्त मर्यादालङ्घन– (मन्त्रदानआदि काम) को परम्परा फैलाएर हाम्रो सनातनधर्मको जरो काट्न लागे, यससाथि नियन्त्रण गरिहाल" भन्योभने– "यी त पवित्र हिन्दूआदर्श मान्ने, सनातन धर्मकै शाखा संप्रदायका साधुहरू हुन्" भनेर तिनको ढाकछोप गर्थे।

४) "कोरा भौतिकवादी पाश्चात्य शिक्षाको अभिवृद्धि, संस्कृतशिक्षाको अवनति, अश्लील फिल्म, भि. डि. ओ. आदिको प्रदर्शन, रेडियोका अश्लील एवं असांस्कृतिक गीतहरुका र कोरा

भौतिकवादी एवं यौनस्वातन्त्र्यका पोषक गन्दा साहित्यहरूको प्रचारप्रसारको कुप्रभावले देशका नयाँ बालक र युवकहरूमा आफ्नो राष्ट्रको, राष्ट्रियताको मुटु धर्म र संस्कृतिका प्रति श्रद्धाआस्था हराउँदै गएको छ, यसको नियोजन र निरोधको लागि उपचार गरिहाल्नुपर्‍यो" भन्योभने– "यहाँले यस्ता साना साना क्षेत्रमा पसेर विवाद उठाइरहनु, अल्झिनुभन्दा त बरु अघिजस्तै देशको राजीतिको विशाल क्षेत्रमै पसेर सक्रिय भइदिए त धेरै जनताको उद्धार हुनेथियो" भनेर मलाई पो उपदेश दिन्थे ।

५) "लखौं लखौं राष्ट्रिय सम्पत्ति बगाउँदा पनि परिवार-नियोजनसंघले वर्षका पाँच छ हजार शिशुजन्महरूलाई नियन्त्रण गर्न सकेको छ कि छैन ! भ्रष्ट सि. डि. ओ. र अञ्चलाधीशहरूले वर्षका लखौं विदेशीहरूलाई नागरिकताप्रमाणपत्र बेचेर देशभित्र भित्र्याएका छन् । यसउपर समयमै नियन्त्रण नलगाउने होभने, एक दिन गरीब नेपाली जति प्रवासी हुनेछन्, देशभित्र नेपालीत्वमा गर्व राख्ने कुनै व्यक्ति बाँच्न पाउनेछैन र नेपाल राष्ट्रको अस्तित्व मेटिनेछ । यस कारण भ्रष्ट कर्मचारीहरूको यस किसिमको देशघाती व्यतिक्रममाथि कडा नियन्त्रण राखिहाल" भन्योभने– "यो कुरा त हो, तर प्रमाण नभेटीकन केही गर्न भएन" भन्थे । प्रमाण भेट्नलाई न नागरिकताप्रमाणपत्र पाउनेले मैले यसरी पाएँ भन्थ्यो । न दिनेले यसरी दिएँ भन्थ्यो । माथिसम्मकैले यस्ता भ्रष्टाचारलाई ढाकछोप गरिदिने भएपछि र अफिसका कागतपत्र खोलेर हेर्ने अधिकार हामीलाई नभएपछि प्रमाण भेट्ने कुरा कसरी हुन्थ्यो र !

६) "विकासको निमित्त विदेशी बैंकबाट ऋण लिने गरीब नेपाली किसानहरूका जग्गाहरू उक्त विदेशी बैंकहरूको धितोमा पर्छन्, ऋण तिर्न नसक्ता ती जग्गामा विदेशी बैंकको स्वामित्व हुन्छ । अनि नेपाली किसानहरू घरवासविहीन भएर विदेशी बैंकहरूको दास बन्न बाध्य हुन्छन् । गरीब नेपालीहरूको राष्ट्रियता, नेपालीत्व सबै जान्छ, यसबाट राष्ट्रको ठूलो क्षति हुन्छ" भन्योभने— "मित्रराष्ट्रहरूले आफ्ना बैंकहरू हाम्रो देशभित्र खोलेर, हाम्रा गरीब किसानहरूलाई मद्दत गर्छन्, यस्तो पवित्र सहायता दिन्छन्भने र आफ्नै देशको विकास हुन्छभने फेरि हामीले नै त्यस कामको विरोध गर्नु उचित होला र ?" भन्थे ।

१) यसरी धर्म, संस्कृति र सभ्यतामा विदेशी प्रभाव बढ्यो भन्दा पनि, (२) देशको वन्दव्यापार र उद्योग सबै विदेशीको हातमा गइसक्यो भन्दा पनि, (३) राष्ट्रिय चरित्र निर्मूल भएपछि राष्ट्रको निर्मूलन हुन्छ, राष्ट्रिय चरित्रनिर्माणमा संस्कृतशिक्षाको ठूलो भूमिका हुन्छ, तर त्यस शिक्षाको सीमातीत ह्रास र पतन भइरहेको छ भन्दा पनि, (४) त्यस्तै कोरा भौतिकवादी शिक्षाको कुप्रभावको कारण राष्ट्रका भावी कर्णधार युवा पिढीलाई पाश्चात्य भोगवादी संस्कारले मानसिक गुलाम तुल्याउँदै, मूर्दा बनाउँदै लगिसक्यो, यसबाट राष्ट्रको ठूलो हानि भइरहेको छ भन्दा पनि उपेक्षा नै उपेक्षा छ । अवरोधक जवाफ मात्र छ । प्रतिकारी टीकाटिप्पणी मात्रै छ । यसरी राष्ट्रका शाश्वत मूल्यहरूको संरक्षणको

लागि बोल्ने र गर्नेलाई शक्ति र सत्ताको बलमा स्तम्भित पार्ने यस्तै राष्ट्रघाती तत्त्वहरूले गर्दा नै आज "हरिः शरणम्" भन्न र "बुद्धं शरणं गच्छामि" भन्नसम्म पनि नेपालीहरूलाई आफ्नो घरको कोठाको भित्तोसंग पनि डराउनुपर्ने भयो। पाइन्ट र टाइ नकसेको, पुरानो राष्ट्रिय पोशाक लगाएर बाहिर निस्केको मानिस त बेलुका घर फर्कन्छ कि फर्कंदैन भन्नुपर्ने भयो !"

जनककुमार– "यो यसरी थुनिनुपर्‍यो पनि भन न। हामीले के पो गरिसकेका थियौं र ? कति दिन, कति महीना, कति वर्ष नै पो हो कि ? यसरी यातना भोग्नुपर्ने !

श्यामले भन्यो– "साम्प्रदायिक भावना र परम्पराको स्मृति र प्रेरणा दिलाउने कुनै पनि धार्मिक अभिव्यक्तिलाई प्रतिबन्ध लगाइएको छ र कानून नाघ्नेलाई तुरुन्त फांसीको सजाय दिइनेछ भन्ने कुरा ऐनमा स्पष्ट भएपछि केको कति महीना र कति वर्ष भन्छौ ? सरकारले हामीलाई छोड्दै छोड्दैन। अब हामीलाई फांसी नदिने कुरै हुंदैन। हामी त उसको निम्ति संस्थै खोलेर काम गर्ने अपराधी भयौं नि। प्रमाणको रूपमा सारा हाम्रा कागतपत्र सरकारकै कब्जामा परिसके ! अनि हामी कसरी बच्छौं ?"

जितबहादुर– "ठीक हो। हामीलाई अवश्य नै सरकारले फांसी दिन्छ। हाम्रो भविष्य अब स्पष्ट भयो। यसमा शङ्का छैन। त्यसैले म अब प्रश्न गर्छु– "यो राम्रो भयो कि नराम्रो भयो त हामीलाई ?"

श्याम– "मृतक जीवन बिताउनुभन्दा जीवित मृत्यु प्राप्त गर्नु लाख खण्ड राम्रो हो। यसैले म भन्छु– "हामीलाई राम्रो भएको छ। तर हिजो अस्ति नै हामीले वाराणसीमा साथीहरूलाई चिट्ठी पठाउनुपर्थ्यो ! हाम्रा आशाकेन्द्र मात्र होइन, देशकै आशाकेन्द्र मि. अहमद्दीन र वसन्त राईको विषयमा पनि उनीहरूलाई अवगत गराउनुपर्थ्यो। त्यसो गरिराखेको भए आज साथीहरू आएर उनीहरूलाई भेट्थे। उनीहरूको सल्लाहबमोजिम काम हुन्थ्यो, कस्तो त्रुटि भयो !

१०

श्यामहरू पक्रेका दिनको भोलिपल्ट बिहान सबेरै गोपाल बज्राचार्यलाई पनि पुलिसले उसकै घरबाट पक्रेर ल्यायो र भद्रगोल गोलघरमै लगेर, श्यामहरूसंगै थुनिदियो। भेट भएपछि श्यामले गोपाललाई सोध्यो– "हिजो तिमी मकहाँ पुगेका थियौ ?"

गोपाल– "गएको थिएँ। पक्रेको थाह पाएँ। अनि मलाई पनि बेलुकै पक्रन आउला जस्तो लागेको थियो, अहिले बिहान पो पक्रेर ल्यायो !"

श्याम– "यादवप्रसाद मिश्रलाई पनि आज ल्याउला, उसलाई पनि किन छोड्ला र !"

गोपाल– "हिजोलाई एउटा काम छ भन्थ्यो। के काम थियो, कहाँ पुगेको थियो, पुलिसले भेटेको छैनहोला। नपक्री किन छोड्थ्यो ?"

श्यामले भन्यो– "बेलुका सुत्न त डेरामै जानुपर्ने, अनि पुलिसले किन नभेट्ने ! कि पक्रीकन उसलाईचाहिं अन्तै थुन्न पो लग्यो कि।"

जितबहादुर– "गोपाललाई यहीं थुन्न ल्याइपुऱ्याएको हुनाले यादवलाई पनि पक्रेर यहीं ल्याउँछ, मेरो विचारमा। बरु हिजो कता गएको थियो, पुलिसले भेटिसकेको छैन"।

श्याम– "नयाँ सरकार बन्ने भन्ने त आजैलाई छ, होइन ?"

गोपाल– "हल्ला त्यही छ"।

श्याम– "निश्चित रूपमा मि. अहमद्दीन र वसन्त राईजीको सरकारमा आउने कुरा त केही चर्चामा आएको छैन ?

गोपाल– "सुनिन केही पनि"।

श्याम– "हामीलाई कसले सुराक दिएर पक्रायोहोला गोपाल, तिमीलाई कसको शङ्का लाग्छ ?"

गोपाल– "हामीसंग निकै बेर ठाकठुक पऱ्यो, त्यही सचिवले हो कि भन्ने पनि कता कता भित्र लाग्छ क्या ! नभए, शङ्का गरेकोसम्म हो, पाप नलागोस् !"

गोपालको कुरा सुनेर सबै जना हाँसे। अनि फेरि श्यामले हाँस्तै गोपाललाई भन्यो– "हामी किन हाँसेको भने गोपाल, हामी सबैको अनुमान एउटै भयो ! हामीले पनि उसैलाई शङ्का गरिरहेका थियौं। तिमीले पनि उसैलाई शङ्का गऱ्यौ ! दुनियाँमा यस्ता अकारण–वैरीहरू भइरहन्छन्। संस्कृतमा एउटा श्लोक पनि छ—

मृगमीनसज्जनानां तृण–जल–सन्तोषवृत्तीनाम्
लुब्धक–धीवर–पिशुना अकारणवैरिणो भवन्ति

अर्थात्- तृण, जल, सन्तोषबाट बाँच्ने मृग, माछा र सज्जनहरूको निमित्त क्रमशः व्याधा, माझी र छुल्याहाहरू अकारण वैरी हुन्छन् रे ।

यो सांच्चै भनेको रहिन्छ त ? हामीले केही अपकार गरेका थियौं र त्यसमाथि ?"

यस्तै गफ गर्दा गर्दै बिहान बित्यो, साढे एघारदेखि साढे बाह्र बजेतम्ममा अघि पछि गरेर श्यामको, जितबहादुरको, गोपालको घरबाट खाना आयो । एक्लै एक्लै डेरामा बस्ने अरूको घरबाटचाहिं खाना ल्याइदिने मानिस थिएनन् । तर ती तीन जनाको खानाबाट छ जनाले बाँडेर खाँदा पनि पर्याप्त नै भयो । त्यसपछि खाना पुऱ्याउन आउने घरको ठीटोलाई भाँडाहरू फर्काउँदा श्यामले भन्यो- "घरमा पैसा मागेर तीन चार बजेतिर न्यूरोडमा अखबारहरू आउँछन्, ल्याइदिनू" ।

त्यसरी धेरै किसिमका गफ भए तापनि, कसले पक्रायोहोला ? भन्ने यो प्रश्नचाहिं आफआफूमा उनीहरू गरिरहन्थे । यत्तिकैमा गम्भीरमान्‌ले श्यामलाई भन्यो- "ठीटो गइहाल्यो, तास पनि ल्याइदे भन्नुपर्ने ! के गरेर समय बिताउने ?"

जनककुमारले हाँस्तै ठट्टा गर्दै भन्यो- "ठीटो गएको दुइ घण्टापछि ठीटो गइहाल्यो भन्छौ । समयै बिताउन गाह्रो भएको भए इन्द्रचोक, असन घुमेर आए भैगयो नि एक दुइ घण्टा !"

गम्भीरमान्‌ले झन् डबल ठट्टा गर्दै, हाँस्तै भन्यो– "तिमी त गजबका मान्छे रहेछौ जनक, सरकारले कत्रो मान गरेर अक्कास-माथिका कत्रा कत्रा लोकहरूमा घुम्न पठाउन आँटेजस्तो छ, तिमीचाहिं किचिक्क परेको त्यही पुरानो इन्द्रचोक र असनमै घुम्न इच्छा गरिरहन्छौ, अझ पनि ?"

सबै जना हाँसे। अनि जितबहादुरले श्यामको मुखमा हेरेर भन्यो– "विदुलापुत्रसंवाद सुनाउने हो त आज ?, भन्छौ ?"

श्याम– "कताबाट त्यो सम्झियौ ?"

जितबहादुर– "यिनीहरूले के गरी टायम जान्छ भन्दा मैले सम्झिएको ! त्यो कथा तिमीहरूले नसुनी हुँदैन। म सुनाउँछु भनेका थियौ नि, सम्झन्छौ ?"

श्याम– "सम्झन त सम्झिन। तर भन्नें हूँला। त्यो सुन्नैपर्ने कथा हो। तर त्यो कथा लामो छ। अर्थात् कथा स्वयं लामो होइन। त्यस कथाको प्रसङ्ग के थियो ? भन्दा निकै लामो पर्न आउँछ। कति बज्यो अहिले ?"

जितबहादुरले नारीको घडी हेर्दै भन्यो– "अढाइ बजिसकेछ ! किन घडी सोध्यौ ?"

श्यामले भन्यो– "ध्यान, धारणा आजको नयाँ समाचार कुन वेला सुन्न पाइएला भन्नेतर्फ मात्र छ। समय गइसक्न लाग्यो। अखवार आउने वेला भयो। कथालाई बीचमा छोड्दा राम्रो हुँदैन। त्यसै भएर समय कति भयो ? भनेर सोधेको हुँ ! त्यो कथा लामो छ भन्नुको मेरो तात्पर्य पनि त्यही हो।"

त्यो कुरा सुनेपछि गम्भीरमान्ले झट्का झिक्तै भन्यो— "समय बिताउन कथा सुन्छौं, सुनाऊ भन्दा पनि केको ढीलासुस्ती हो ? यता सुन, म भनिदिन्छु- एउटा राम्रो जम्बू मन्त्रीको कथा ! हाँसो-उठ्तो। समय काट्न गाह्रो भएको भए !"

सबैले उत्सुकतासाथ भने- "लौ सुनाऊ !"

अब गम्भीरमान्ले कथा हाल्न थाल्यो- "एका देशमा उउटा जम्बू मन्त्री थियो" भनेर। त्यो कथा लामो पनि निकै लामो थियो। पूरै हास्यरसको भएकोले सुन्नेहरूले पनि पेट मिची मिची नहाँसी सुखै थिएन। त्यसमाथि पनि न कथा भन्ने थाक्छ, न सुन्नेले अब पुग्यो भन्छ, न कथा टुङ्गिन्छ भन्दा त्यस कथाले पूरै दुइ घण्टा खाइदियो। तैपनि कथाचाहिँ सकिएको थिएन ! यत्तिकैमा "श्यामप्रसाद !, श्यामप्रसादको मान्छे आएको छ ! आऊ" भन्ने आवाज आयो। जितबहादुरले नारीको घडी हेर्दै भन्यो- "साढे चार बजिसक्यो, अखबार लिएर आएको होला, जाऊ मेघनाथजी, लिएर आऊ"।

मेघनाथ- "जाऊँ त ?"

श्याम- "जाऊ न त। अखबारै मात्र ल्याएको हो कि अरू पनि केही कुरा गर्न कोही आएको हो, बुझिन्छ। मैं जानुपर्ने भए पछि जाउँला !"

मेघनाथ रूपाखेती ढोकामा पुग्यो। श्यामको घरको ठीटोले उसलाई चिनेकै थियो। पाँच छओटा अखबारको मूठो र एक काङ्गियो केरा ठीटाले मेघनाथको हातमा दियो र हिंड्यो। मेघनाथले

भित्र पुगेर सबैको अगाडि अखवार पनि राखिदियो, एक काङ्गियो केरा पनि। पहिले केरा खाने कि अखवार हेर्ने? भन्ने प्रश्न उठ्यो। श्यामले अखवारै हेर्ने भनेर एउटा अखवार हातमा लिएर हेर्न थाल्यो। त्यस्तै अरूले पनि एक एकओटा अखवार लिएर हेर्न थाले। हिमालयपत्रलगायत ती सबै अखवारहरूको पहिलो पेजको पहिलो समाचारको शीर्षक थियो– "अराष्ट्रिय, रूढिवादी, देशघाती तत्त्वहरू गिरफ्तार !" समाचार यसप्रकार थियो—

काठमाडौं जुलाइ ११। गृहविभागका प्रवक्ताले हाम्रो पत्रप्रतिनिधिलाई दिएको समाचारअनुसार– समस्त जनताले देशमा पूर्ण प्रजातान्त्रिक व्यवस्था र अभूतपूर्व विकासको प्रगतिको कारण सर्वत्र शान्तिपूर्ण अमनचैनको अनुभव गरिरहेको वर्तमान शान्तिपूर्ण राजनीतिक परिप्रेक्ष्यमा पुरानो अवैज्ञानिक एवं प्रगति-विरोधी अन्धविश्वास, अन्धपरम्परा, रूढिवाद र सङ्कीर्ण जातिवादको आधारमा मात्र टिकेको, अरू कुनै उपयोगिता नभएको हिन्दूधर्म र संस्कृतिको देशमा पुनः प्रचारप्रसार गरेर जनसमाजमा विभाजन ल्याउने, साम्प्रदायिक दङ्गा र रक्तपात गराउने दुराशयले प्रेरित भएर प्रच्छन्न रूपमा देशघाती षडयन्त्रकारी गिरोह तयार गर्ने कार्यक्रममा संलग्न बेजिम्मेदार उच्छृङ्खल अराष्ट्रिय चरित्रका तत्त्वहरूलाई सरकारले पत्ता लगाएर गिरफ्तार गरेको छ। गिरफ्तार हुने व्यक्तिहरूको नाम निम्नप्रकार छ—

१. श्यामप्रसाद अर्जेल
२. जितबहादुर श्रेष्ठ
३. जनककुमार राई
४. मेघनाथ रूपाखेती
५. गोपाल बज्राचार्य
६. गम्भीरमान् गुरुङ्ग

एक्कै छिनमा, अखवार हेरिसकेपछि सबैको मुख कालो मसीले पोतेजत्तिकै कालो भयो। गम्भीरमानले हालेको कथा सुन्दा जति हाँसो उठेको थियो, त्यसको सय दोब्बर त्यो अखवार हेरेपछि तो सबैको हृदय रोएको थियो। यसनिम्ति रोएको थियो कि— नेपाली जाति नैतिकता र ईमानदारीको दृष्टिले कति गरीब, कति कङ्गाल हुँदै हुँदै गइरहेको रहेछ भन्ने कुराको ज्ञान भयो। हिजोसम्म एक स्वर, एक हृदयजस्तो भएर संगै काम गरेको यादवप्रसाद मिश्र साथीहरूलाई जेलमा कोचेर आज मनोनीत भएर स्वास्थ्य मन्त्री भइसकेको थियो! उसको नाम नवगठित मन्त्रीपरिषद्का सदस्यहरूमा सातौं नम्बरमा थियो। किन्तु— जसको उदयको आशा गरिएको थियो, ती महामना मि. अहमद्दीनजी र श्री वसन्त राईजीको शुभ नामको उल्लेखसम्म पनि ती अखवारभित्र कतै थिएन।

धेरै बेरसम्म चिन्तित मुखमुद्रामा मौन लिएर अखवार हेरिसकेपछि श्यामले जितबहादुरलाई भन्यो— "यादवकोचाहिं फोटो सहितको जीवनी हिमालयपत्रको आठौं पेजमा छापिएकोजस्तो लागेको छ। के के भनेको रहेछ सुनौ न!"

जितबहादुरले हिमालयपत्र आठौं पेज पल्टाएर भन्न थाल्यो— "स्वास्थ्यमन्त्री श्री यादवप्रसाद मिश्रको जन्म सन् २०२० अप्रिलमा, जनकपुर अञ्चल धनुषा जिल्लामा भएको हो। वहाँले सन् २०४८ मा वाराणसीबाट राजनीतिशास्त्रमा एम्. ए. गर्नुभएको हो र त्यसपछि देशभित्र आएर सरकारका विभिन्न रचनात्मक कार्यहरूमा (वहाँले) सहयोग गर्नुभएको हो। वहाँ ज्यादै गम्भीर प्रकृतिको, विनयशील, राष्ट्रभक्त व्यक्ति हुनुहुन्छ, यत्ति हो"।

११

नयाँ मन्त्रीपरिषद् बनेको पर्सिपल्ट जितबहादुरले श्यामलाई सोध्यो– "हामीलाई यसै गरी थुनिरहला कि फाँसी देला त सरकारले ?"

श्याम– "कानूनले फांसी नै दिनुपर्ने एकतिर छ, अर्कोतिर मन्त्रीपरिषद्‌कै सदस्य हामीलाई फांसी नै दिनको लागि आग्रह गरिरहन्छ ! यो स्थितिमा फांसी नभई छोड्ला त ?"

जितबहादुर– "त्यस्तो आग्रह त कसले गरिरहला र ?"
श्याम– "यादवले गर्छ" ।
जितबहादुर– "किन ?"

श्याम– "यति पनि विचार नगर्ने कस्तो तिमी त । हामी जीवितै भइरह्यौंभने हाम्रो अगाडि त्यो कहिल्यै देखा पर्न सक्छ ? प्रधानमन्त्री नै भए पनि त्यसको शिर ठाडो हुन्छ ? अनि बाचुंजेल त्यस्तो मर्म परिरहने भएपछि शक्तिले भेटेसम्म त्यसले हामीलाई मार्नुपरेन ? आफैं विचार गर न । पृथ्वीमा आफूले उठाएको कृतघ्न व्यक्ति र आफूलाई धोका दिने निकटतम व्यक्तिभन्दा ठूलो शत्रु अर्को

ुँदै हुँदैन । त्यसैले उसको बल पुगेसम्म आफ्नो कार्यकालभित्र हामीलाई मार्छ, मार्छ । यसमा शङ्का गर्नपर्दैन ।

जितबहादुर– फुर्सत छँदै छ, हामीले राम्रोसंग चिट्ठी लेखेर ठायौंभने मि. अहमद्दीनले र वसन्त राईले हामीलाई मारिहाल्नचाहिं ददैनन्, विश्वास गर !"

श्याम– "यो कुरा भने तिमीले राम्रै सोचेर भनेका ह्वौ ! ादवको कुरा पनि राम्रैसंग दिनुपरिहाल्यो ! त्यो सबै कुरा ुनेपछि उनीहरूको पनि चित्त दुख्छ नि, कुरा बुझेपछि !"

जितबहादुर– बरु लेख्न थाल चिठी, राम्रोसंग । थुनिइरहेर के काम ! बाहिर निस्के कति काम गर्न सकिन्छ । तिमीले भनेको यो कुराले मलाई ज्यादै घत लागेको छ– "मृतक जीवनभन्दा जीवित मृत्यु लाख खण्ड बेस छ !" देश र धर्मसंस्कृतिको लागि काम गर्दा मरिन्छभने मरिन्छ, एउटा इतिहासै हुन्छ । यहाँ यसरी सडेर बसेर के काम ? चिट्ठी लेखिहाल !"

श्याम– "हो, अब हामी हिन्दूहरूले यस्तो अवहेलित भएर बाँच्नुभन्दा त जीवित मृत्यु अङ्गाल्नु नै बेस हो नि त । जब हाम्रो धर्म, संस्कृति नै छैन, के राष्ट्रियता छ भन्नु ? जब राष्ट्रियता नै छैन, के राष्ट्र छ भन्नु ? अब हामी नेपाली हिन्दूहरू त राष्ट्रहीन, आश्रयहीन, पुराना प्यालेष्टाइनीहरूजस्ता भइसक्यौं । खै, अब हाम्रो राष्ट्र ? मरेपछि स्वर्ग जानको लागि मात्र धर्म र संस्कृतिको खाँचो हो र ? भौतिक जीवनमें यस्तो सर्वाङ्गीण शून्यता र

विपन्नतापूर्ण दुर्दशाबाट बच्न सकियोस् भनेर नै पो आफ्नो समाज, आफ्नो राष्ट्र, आफ्नो धर्म, संस्कृति, राष्ट्रियता, जोगाउनुपरेको त। जब त्यो केही छैनभने, यो बेकारको पशुजीवनको भार बोकेर के काम छ ? यस्तो विचार गर्न थालेपछि धिक्कार्न मन लाग्छ मलाई- सांच्चै धिक्कार छ हाम्रा मन-मस्तिष्क नभएका हाम्रा पूर्वजहरूलाई र अनि मौकामा देशको ढुकुटीमा हात हालेर ऐशआराम गर्न पाएको बेला, बेकारको धर्म-संस्कृतिको ह्रास र पतनको थाङनो विलाप कता सुनिरहनु ? भनेर कानमा तेल हालेर बसेका, धर्म र संस्कृति नै राष्ट्र र राष्ट्रियताको मुटु हो भन्ने खास तत्व नबुझेका वा बुझीकन पनि स्वार्थवश बूझ पचाएका त्यस बखतका हाम्रा लठुक विधायक, प्रशासक तत्वहरूलाई, जसको स्वार्थान्धता, अदूरदर्शिता, असावधानी र कमजोरीले गर्दा आज हामी नेपालीले आफ्नै घरमा बस्ता बस्तै पनि घरको स्वामित्वचाहिं अर्कालाई सुम्पेर आफूचाहिं नोकरको तहमा बस्नुपरेको छ। पवित्र पुण्यभूमि रत्नगर्भा आफ्नी नेपालआमाको पनि पूरा वात्सल्यको हकदार बन्न नसकेर प्रवासीसरह अवहेलित र टुहुरो भएर खुंचिएर बस्नुपरेको छ, भित्र भित्रै पाकेर ! अझ त्योभन्दा पनि दुःखलाग्दो कुरा यो छ कि- विश्वबन्धुत्ववादी एवं विश्वशान्तिवादी आफ्नो धर्म र संस्कृतिको संरक्षण गरौं भन्दा आज हाम्रो आँखाअगाडि मृत्युदण्ड यसरी घुमिरहेको छ !”

किञ्च- राष्ट्र एवं धर्मसंस्कृतिको उद्धारको निमित्त कर्तव्यनिष्ठ भएको नाताले यो अवस्था हुंदा पनि मलाई कति

दुःख लागेको छैन, जितबहादुर ! बरु अहिले पनि यसनिम्ति म भित्र गर्व र हर्षको अनुभव गर्छु कि हामीले आफ्नो कार्यद्वारा देशलाई आजभन्दा २८२ वर्षअगाडिको त्यही अवस्थामा फर्केर पुगेको विज्ञापित गरिरहेका छौं, जुन वेला ईश्वरले वाध्य भएर हिन्दूराष्ट्रको संरक्षणको लागि पृथ्वीनारायणजस्ताको अवतरण गराउनुपरेको थियो। त्यो वेला पनि त यस्तै थियो ! राष्ट्रमा जताततैबाट शक्तिशाली अंग्रेजहरूको आक्रमण थियो, क्रिश्चियन धर्मप्रचारकहरूको बिगबिगी थियो !

श्यामले यति भनिसक्नेबित्तिकै जेलरले आएर श्यामलाई हाँस्तै भन्यो– "खालि नयाँ मन्त्रीपरिषद् बनेको दिनको अखवार हेर्न मात्र पो तिमीहरूलाई यहाँ थुनेको रहेछ क्यारे। अब चार बज्न पन्ध्र मिनेट बाँकी छ। ठीक पाँच बजे आजै स्थायी रूपमा राखिने गरी तिमीहरूलाई अन्तै सारिंदै छ। आ–आफ्नो लुगा पोका पारेर ठीक भएर बस रे है ! यस्तो अर्डर आएको छ। कत्ति ढीला नहोस् !"

श्याम– "अन्तै कहाँ सार्ने ?"

जेलर– "केन्द्रीय पागलखानामा"।

श्याम, जितबहादुर, गोपाल सबैले एक्कैचोटि आर्त स्वरमा भने– "केन्द्रीय पागलखानामा ?"

जेलरले हाँस्तै भन्यो– "किन तर्सेको ?, बेसै छ नि त्यहाँ ! ओखती गर्न पर्दैन, मान्छे भेट्न पर्दैन। अबलाई केही पनि चाहिएन, कोही पनि चाहिएन ! संधैको निम्ति आनन्दै आनन्द ! के चाहियो यहाँभन्दा ?"

त्यो सुनेपछि श्यामहरू सबै विष लागेजस्तो भएर टोलाए। सबैको आँखाअगाडि कस्तो कस्तो बादल छाएजस्तो भयो। एक छिनपछि फेरि चेत फिरेजस्तो, आँखा खुलेजस्तो भयो। हेर्दा जेलर गइसकेको रहेछ। अनि कालो मुख लगाएर जितबहादुरले श्यामतिर फर्केर भन्यो– "अब सजायको पनि टुङ्गो लाग्यो। कति बाँचिएला र त्यहाँ? हाप्पिनेस् पिल्स खानैपर्छ क्यारे। नत्र कोर्रा खानुपर्छ त! ठीक छ– "नियति यस्तै रहेछ! होइन त?"

श्यामले छिनेको मन्द स्वरमा भन्यो– "अँ, ... हुन त आफ्नै पूर्वजहरूको पाप फलेको हो यो। तर पनि हाम्रो पनि नियति यस्तै रहेछ त भन्नैपर्‍यो! ......"।

यो कुरा सुनेर गोपाल बज्राचार्य, जनककुमार राई, मेघनाथ रूपाखेती र गम्भीरमान् गुरूङ्ग कसैले पनि एक अक्षर बोलेनन्। श्याम र जितबहादुरको मुख मात्र अँध्यारो मुख लगाएर हेरिरहे।

त्यसको केही बेरपछि श्यामले भन्यो– "ए! बेर भइसक्यो, आ–आफ्नो लुगाको कुटुरो बनाऔं अब"।

श्यामले भनेपछि अरू सबै आ–आफ्नो कुटुरो बनाउन थाले। जितबहादुरचाहिं किन हो कुन्नि एक छिन घोरिइरह्यो र पछिबाट मात्र कुटुरो बनाउन र लुगाहरू सुंसुम्याउन थाल्यो। त्यसै बेला एक एक ओटा हथकडी लिएका छजना पुलिसहरूका साथ जेलर आइपुग्यो। एकै छिन सबैलाई हेरिरह्यो र यद्दातद्दा मुख छोडेर तागिता गर्न लाग्यो– "गधा, स्वांठ पो रहेछौ तिमीहरू त। मैले

कुन वेलादेखि आएर ठीक परेर बस्नू भनेको ! डि. एस. पी. साहेब आएर टाइममै किन ढोकामा नल्याइपुऱ्याएको ? भनेर जीपमा बसेर जान्न थालेका छन् । अवगाल जोगाएर काम गर्न आफूलाई कति गाह्रो छ ! स्वाँठ गधाहरू !"

"गधा, स्वाँठ" यस्ता शब्दले उद्विग्न भएर जितबहादुरले जेलरतिर फर्केर, झस्टेर के भन्न लागेको थियो, श्यामले अंग्रेजीमा तुरुन्त भन्यो– "Keep silent" ।

अनि जेलरले बुझ्यो कि– "त्यसले मलाई झपार्न खोजेको, यसलेचाहिं रोकेको !"

त्यसपछि क्रोधको आवेशमा जेलरले "ला साइलेन्ट" भनेर श्यामको मुखमै लप्पू खायो र झम्टिएर जितबहादुरलाई घोक्रामा समातेर पछार्दै भन्यो– "के भन्न आँटेको थिइस्, भन् न, ताकत छभने । बड अर्डर नमानेर, ढीला गरेर अर्कालाई गाल पार्ने पनि तँ स्वाँठ, गधा ! अझ......"

श्यामको आशयबमोजिम जितबहादुरले त्यसपछि केही बोलेन । धैर्य र संयमका साथ त्यो उठ्यो र छिटछिटो आफ्नो कुट्टुरो बनाउन थाल्यो । अरू सबैले त बनाइसकेका थिए । जितबहादुरले पनि कुट्टुरो बनाइसकेपछि श्यामले जेलरलाई भन्यो– "अब त हामी ठीक भयौं" ।

अनि जेलरले पुलिसहरूलाई भन्यो– "लौ, सबैलाई हथकडी लगाएर चलाइहाल गधाहरूलाई !"

जेलरले त्यति भनेपछि ती सबैको हातमा हथकडी लाग्यो । सांग्ला समातेर पुलिसहरू अघि अघि लागे, श्यामहरू पनि

जनावरसरह कुटुरो बोकेर तिनीहरूको पछि पछि लागे। जब श्यामहरू गोलघरको बाहिर निस्केका थिए, ढोकाको दायाँपट्टि उनीहरूले आफ्ना घरका मानिसहरू– के बूढा, के बालक, के तन्नेरी !– सबैलाई बन्दी तुल्याएर थुपारिराखेको देखे। श्यामहरूको र उनीहरूका परिवारहरूको परस्परको करुण स्थितिप्रदर्शनकै लागि त्यसरी त्यहाँ देखादेख गराइएको थियो। त्यसो गरिँदा विपक्षले चाहेजस्तो प्रतिक्रिया त हुने नै भयो ! किनभने ती दुवैथरिको हृदय फलामको वा पत्थरको थिएन। त्यो अवस्थामा, त्यस किसिमसित अन्तिम देखादेख हुँदा ती सबैको हृदय किन आन्दोलित नहोस्, किन संभ्रान्त नहोस् ?

सन्तापै पार्नको लागि मात्र उनीहरूका परिवारको दृष्टिमा एक पटक झुलक्याइदिने उद्देश्य राखिएकोले श्यामहरूलाई एक मिनेट पनि त्यहाँ टिक्न उभिनचाहिं दिइएन। यसरी श्यामहरू भद्रगोल जेलको ढोकाबाट निस्किसकेपछि पनि उनीहरूका निर्दोष ती परिवारहरूचाहिं अश्रुपूर्ण दीन दृष्टिले एक टक लगाएर भद्रगोलको ढोकातिर हेरिरहेका थिए। केन्द्रीय पागल–खानामै राख्नको निमित्त उनीहरूलाई सारिएको हो भन्ने कुरा जेलभित्र सबैलाई थाह भइसकेको थियो र उनीहरूका परिवारहरूले पनि सुनि नै सकेका थिए। साथै अरू पिर त खपेकै थियो, तर पञ्चान्नब्बे वर्षकी हजुरआमालाई समेत बन्दीको रूपमा देख्ता भने श्यामजस्तो अनासक्त, राष्ट्रभक्त एवं दृढनिष्ठ सैद्धान्तिक व्यक्तिको पनि आँखा रसिलो भएको थियो र मुटुमा भक्कानो परेको थियो। जयतु संस्कृतम् !

हे भगवान् ! म हात जोडेर प्रार्थना गर्छु– यस उपन्यासमा देखाइएजस्तो नेपाललाई नेपालीहरूले सपनामा पनि कहिल्यै देख्न नपरोस् !

–लेखक

मुद्रक:– विनायक प्रेस, धोबीधारा, काठमाडौं । ☎ ४-१४२०५